# वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोगको



# प्रतिवेदन

२०६८

नेपाल सरकार
वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोग
काठमाण्डौं

## वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोगको

# प्रतिवेदन

२०६७

नेपाल सरकार
वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोग
काठमाडौं

नेपाल सरकार

# वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोग

फोन नं.: ४००४०१२/४००४०१३
फ्याक्स :४००४०१४
*email : hllrcnp@gmail.com*
*Url : www.landreform.gov.np*
गैह्रीधारा, काठमाडौं, नेपाल ।

पत्र संख्या २०६६/०६७
च.नं.:

मिति : २०६७/१/२२

**विषय : प्रतिवेदन पेश गरेको ।**

**सम्माननीय प्रधानमन्त्री ज्यू,**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**सिंहदरबार, काठमाडौं ।**

महोदय,

सामन्ती भूस्वामित्वको अन्त्य गर्दै जोताहा किसानका अधिकार सुनिश्चित गर्न र वैज्ञानिक भूमिसुधार कार्यक्रम लागु गर्ने प्रयोजनका लागि उपलब्ध भूमिको समग्र सुधार गरी अधिकतम उपयोग गर्न आवश्यक अध्ययन, विश्लेषण गरी सरकारलाई सुझाव दिन नेपाल सरकार (मन्त्रिपरिषद्) बाट गठन भएको यस आयोगले तोकिएको समयमा कार्य सम्पन्न गरी यो प्रतिवेदन तयार गर्ने जिम्मेवारी पुरा गरेको छ ।

प्रस्तुत प्रतिवेदनमा कार्यक्षेत्रगत शर्तहरूको अधिनमा रही वैज्ञानिक भूमिसुधारका लागि चारवटा महत्वपूर्ण पक्षहरू पहिलो सामाजिक न्याय तथा भूमिमाथिको न्यायपूर्ण पहुँच, दोस्रो भूमिको उपयोग, संरक्षण र विकास, तेस्रो कृषिको उत्पादन, उत्पादकत्व, आर्थिक विकास र चौथो सबल भूमिप्रशासन तथा कृषि व्यवस्थापन अन्तर्गत विद्यमान प्रमुख सवालहरू पहिचान र ती सवालहरूको समाधान गर्ने र प्रतिवेदन कार्यान्वयन प्रक्रियाका बारेमा सुझावहरू प्रस्तुत गरिएका छन् ।

भूमिको समुचित व्यवस्थापन तथा अधिकतम उपयोगबाट मुलुकको समग्र विकास गर्ने बारेमा आवश्यक अध्ययन गरी उपायहरू सिफारिस गर्ने महत्वपूर्ण जिम्मेवारी यस आयोगलाई सुम्पिएकोमा आयोगका हामी सम्पूर्ण सदस्यहरू नेपाल सरकारप्रति कृतज्ञता सहित हार्दिक धन्यवाद दिन चाहन्छौं ।

प्रस्तुत गरिएका सुझावहरू यथाशिध्र कार्यान्वयन हुनेछन् भन्ने विश्वासका साथ यो प्रतिवेदन नेपाल सरकारसमक्ष प्रस्तुत गर्दछु ।

(**घनेन्द्र बस्नेत**)
**अध्यक्ष**

## आयोगका पदाधिकारीहरू

| नाम | पद | हस्ताक्षर |
|---|---|---|
| श्री घनेन्द्र बस्नेत | अध्यक्ष | |
| श्री कुमार बेलबासे | उपाध्यक्ष | |
| श्री परमात्माप्रसाद पाठक | सदस्य | |
| श्री छेदिलाल चौधरी | सदस्य | |
| श्री केदारप्रसाद चौधरी | सदस्य | |
| श्री सुरेन्द्र कुर्मी | सदस्य | |
| श्री राधादेवी भट्टराई | सदस्य | |
| श्री ठाकुरसिंह थारु | सदस्य | |
| श्री विनोद चौधरी | सदस्य | |
| श्री लक्ष्मीप्रसाद प्रसाईं | सदस्य | |
| श्री सोमप्रसाद भण्डारी | सदस्य | |
| श्री कृष्णराज बि.सी. | सदस्य सचिव | |

# कृतज्ञता ज्ञापन

नेपाली समाजमा व्याप्त रहेको भूमिमा आधारित उत्पादन सम्वन्ध र यसले श्रृजना गरेको शोषण, विभेद र उत्पीडनको अन्त्य गरी दिगो शान्ति स्थापना गर्न, कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण गरी खाद्य सुरक्षा र संप्रभुताका कायम गर्न र देशको समग्र आर्थिक तथा सामाजिक उन्नति प्राप्त गर्न सामन्ती भूस्वामित्वको अन्त्य गरी उपलव्ध भूमिको अधिकतम सदुपयोग, संरक्षण र विकास गर्न वैज्ञानिक भूमिसुधारको महत्वपूर्ण भूमिका रहन्छ ।

वैज्ञानिक भूमिसुधारसम्बन्धी वस्तुगत सुझाव उपलब्ध गराउन गठित यस आयोगलाई आफ्नो कार्य सम्पन्न गर्ने सिलसिलामा महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने विभिन्न व्यक्ति तथा निकायहरूप्रति कृतज्ञता ज्ञापन गर्नु आयोग आफ्नो कर्तव्य ठान्दछ ।

आयोगलाई राष्ट्रिय महत्वको विषयमा आवश्यक अध्ययन तथा अनुसन्धान गरी सुझाव पेश गर्ने ऐतिहासिक र महत्वपूर्ण जिम्मेवारी सुम्पिएकोमा आयोग नेपाल सरकारप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

आयोगलाई प्राप्त गहन र महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने क्रममा स्थलगत वस्तुस्थिति अध्ययन गर्ने सिलसिलामा विभिन्न कार्यक्रममा उत्साह र हौसलाका साथ सक्रियतापूर्वक सहभागी भई आफ्ना अमूल्य सुझाव, सल्लाह, सूचना उपलब्ध गराउनुको साथै अध्ययन टोलीलाई सहयोग पुऱ्याउनुहुने सम्पूर्णप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

आयोगलाई आवश्यक स्रोत साधन उपलब्ध गराउन तथा आयोगमा उपस्थित भई सल्लाह सुझाव दिई आयोगलाई सहयोग पुऱ्याउनुहुने माननीय भूमिसुधार तथा व्यवस्थामन्त्री श्री डम्बर श्रेष्ठप्रति आयोग आभार सहित कृतज्ञता ज्ञापन गर्दछ ।

यस आयोगमा उपस्थित भई सुझाव दिनुहुने भुतपूर्व मन्त्री तथा ने.क.पा. एमाले का नेता श्री केशव बडाल, भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव श्री छविराज पन्त, डिएफआइडी का प्रतिनिधि श्री सिमोन लुकास, लाइटनर सेन्टर अमेरिकाका कार्यकारी निर्देशक श्री एलिजावेथ उइकिरी, श्री वुद्धिनारायण श्रेष्ठ, डा. श्री कैलाशनाथ प्याकुरेल, डा. श्री गणेश गुरुङ्ग र श्री जगत बस्नेतप्रति उहाँहरूका अमूल्य सुझावहरूका लागि आयोग कृतज्ञता ज्ञापन गर्दछ ।

आयोगलाई आफ्नो कार्य सम्पादनको क्रममा उत्साहित, स्वयंसेवी र दक्ष श्रोत व्यक्तिहरुको सहयोग प्राप्त भयो । आयोगको प्रारम्भिक चरणमा कार्ययोजना तयार गर्ने, स्थलगत अध्ययनको लागि तयारी गर्ने, विभिन्न सरोकारवालाहरुसंगको अन्तर्क्रियामा श्रोत व्यक्तिको रुपमा सहजीकरण गर्ने, अन्तर्क्रियाको अभिलेखन गर्ने र आयोगको मस्यौदा प्रतिवेदन तयारी तथा सम्पादनमा अवैतनिक रुपमा विशेष योगदान गर्नुभएकोमा आयोग श्री कृष्ण पाठक, श्री जगत देउजा र श्री धर्मप्रसाद गौतम प्रति सधन्यवाद कृतज्ञता ज्ञापन गर्दछ ।

संविधानसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरू, दलका प्रतिनिधिहरू, जनवर्गीय संघसंगठनका प्रतिनिधिहरू, नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग तथा कार्यालयहरू, गैरसरकारी संघसंस्थाहरू, समाजसेवी, सरोकारवाला संघसंस्थाहरूले सुझाव तथा सल्लाह प्रदान गरी यो प्रतिवेदन तयार गर्ने कार्यमा पुऱ्याउनु भएको सहयोगका लागि आयोग कृतज्ञता ज्ञापन गर्दछ ।

आयोगको प्रतिवेदन मस्यौदा तयारी कार्यमा महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने विज्ञ परामर्शदाता डा. श्री जगन्नाथ अधिकारी, श्री अमृतमान श्रेष्ठ, डा. श्री महिनारायण चौधरी र प्रतिवेदन तयारीमा सल्लाह सुझाव दिई सहयोग पुऱ्याउनुहुने विज्ञ डा. श्री शिव शर्मा र डा. श्री देवेन्द्र चापागाईंप्रति आयोग हार्दिक धन्यवादसहित कृतज्ञता ज्ञापन गर्दछ। त्यसैगरी नयाँ संविधानमा समावेस गरिनुपर्ने भूमिसम्बन्धी विषयवस्तुहरु बारे आयोगलाई सल्लाह सुझाव दिई सहयोग गर्नुभएकोमा श्री दिलराज खनालप्रति आयोग हार्दिक धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्दछ।

स्थलगत वस्तुस्थिति अध्ययनका सिलसिलामा समुदायस्तरमा र जिल्लास्तरमा कार्यक्रमलाई सफल वनाउन महत्वपूर्ण भूमिका खेल्ने र राष्ट्रियस्तरको छलफल अन्तर्क्रियामा सहकार्य गरी सहयोग पुऱ्याउनुहुने सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल, राष्ट्रिय महिला आयोग, राष्ट्रिय श्रम प्रतिष्ठान, गुठी संस्थान, नेपाल विकास अध्ययन संस्थान, नेपाल जग्गा तथा आवास विकास संघ, युनिफेम नेपाल, नेपाल चेपाङ संघ तथा अन्य सरकारी तथा गैरसरकारी संस्थाहरु प्रति आयोग हार्दिक आभार प्रकट गर्दछ। त्यस्तै छलफल अन्तर्क्रियामा विषयवस्तु प्रस्तोता डा. श्री जगन्नाथ अधिकारी, श्री हरि फुयाँल, श्री धर्मप्रसाद गौतम, डा. श्री मिना वैद्य मल्ल, श्री ओम राजभण्डारी, डा. श्री गोविन्द केलकर, श्री पूर्ण नेपाली र श्री नन्द कन्दङ्वा एवं कार्यक्रममा उपस्थित भई विभिन्न विषयमा महत्वपूर्ण सुझाव दिई सहयोग पुऱ्याउनुहुने राजनीतिकर्मी, योजना विद्, कृषि विद्, अर्थशास्त्री, कानुन विद्, पेशागत संघसंगठनका प्रतिनिधि र संचारकर्मीहरूप्रति आयोग धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्दछ।

भारतको हरियाणा राज्यमा गरिएको हरित क्रान्तिको अनुभव दिलाउन आवश्यक व्यवस्था मिलाई सहयोग गर्नुहुने नेपाल विकास अध्ययन संस्थान काठमाडौंलाई कृतज्ञता ज्ञापन गर्दछ। यसै क्रममा महर्षि दयानन्द विश्वविद्यालयका प्राध्यापकहरू डा. श्री साधुराम अहलावत, डा. श्री निरजा अहलावत, कुलसचिव डा. श्री एस.पी. वत्स तथा प्रा. श्री पंकज जैन, महिला अधिकारकर्मी श्री जगमती सांगवान र सि.पि.एम. जिल्ला सचिव श्री इन्द्रजीतप्रति अध्ययन भ्रमणमा गर्नुभएको सहयोगका लागि र भूमिसुधारका विविध पक्षमा सल्लाह सुझाव दिई सहयोग पुऱ्याउनु भएकोमा दिल्ली विश्वविद्यालयकी प्रा.डा. श्री विना अग्रवालप्रति आयोग कृतज्ञता ज्ञापन गर्दछ।

आयोगको प्रतिवेदनको भाषा सम्पादन कार्यमा महत्वपूर्ण सहयोग पुऱ्याउनुहुने सहप्राध्यापक श्री लेखनाथ गुरागाँईप्रति आयोग आभार सहित कृतज्ञता ज्ञापन गर्दछ।

आयोगको सुरु अवधिदेखि विशेष परिश्रमका साथ लगनशील भई आयोगको काममा अहोरात्र खटिई प्रतिवेदन तयारीमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने क.अ. श्री रविन्द्र गौतमप्रति आयोग सधन्यवाद कृतज्ञता ज्ञापन गर्दछ। त्यसैगरी आयोगको कार्यसंचालनमा महत्वपूर्ण योगदान पुर्‍याउनुहुने ले.पा. श्री कृष्णबहादुर खत्री, ना.सु. श्री मुकुन्द प्रसाद पोखरेल, क.अ. श्री केदार श्रेष्ठ, ख. श्री राजमणि खनाल, का.स. श्री लक्ष्मण कँडेल र का.स. श्री उद्दव न्यौपाने लगायत अनुसूची ७ मा उल्लेखित आयोगका सम्पूर्ण कर्मचारीहरुप्रति आयोग विशेष धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्दछ।

आयोगले आफ्नो जिम्मेवारी यति छोटो सयममा यस किसिमको गुणस्तरमा पुरा गर्न विभिन्न किसिमबाट प्रत्यक्ष अप्रत्यक्ष रुपले सहयोग पुऱ्याउनुहुने अन्य सम्पूर्ण महानुभावहरुप्रति आयोग सधन्यबाद कृतज्ञता ज्ञापन गर्दछ।

**वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोग**

# विषय सूची

**भाग - एक : भूमिका** १
१.१ आयोगको गठन सम्बन्धी पृष्ठभूमि १
१.२ वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोगको गठनविधि र पदाधिकारीहरू ३
१.३ आयोगको काम, कर्तव्य, अधिकार र कार्यक्षेत्र ३
१.४ आयोगले अवलम्बन गरेको विधि ४
१.५ सुझाव प्रतिवेदनको सीमा ५

**भाग - दुई : नेपालमा भूमिसुधारका प्रयासहरू** ७
२.१ नेपालको भूमिव्यवस्था ७
२.२ नेपालमा भूमिसुधारका प्रयासहरू ८
२.२.१ २००७ सालदेखि २०१७ सालसम्म भएका भूमिसुधारका प्रयासहरू ८
२.२.२ २०१७ साल देखि २०४६ साल सम्म (एकदलीय पञ्चायती व्यवस्था) मा भएका भूमिसुधारका प्रयासहरू ९
२.२.३ २०४६ सालदेखि २०६३ सालसम्मको अवधिमा भएका भूमिसुधारका प्रयासहरू १०
२.२.४ २०६३ सालपछिका भूमिसुधारका प्रयासहरू १२
२.२.५ विगतका भूमिसुधारका अभ्यासबाट सिक्नुपर्ने पाठहरू १३
२.२.६ भूमिसुधारका अन्तर्राष्ट्रिय प्रयास र यसका सिकाइ १३

**भाग - तीन : भूमिसुधारको सैद्धान्तिक पक्ष** १४
३.१ भूमि र भूस्वामित्व १४
३.२ सामन्ती भूस्वामित्व, वर्तमान अवस्था र प्रभावहरू १४
३.३ वैज्ञानिक भूमिसुधारको अर्थ १५
३.४ वैज्ञानिक भूमिसुधारको आधार १६
३.५ वैज्ञानिक भूमिसुधारको औचित्य १७
३.५.१ सामाजिक न्याय प्रदान गर्न १७
३.५.२ राष्ट्रिय अर्थतन्त्रमा वृद्धि गर्न १७
३.५.३ गरिवीको न्यूनीकरण तथा आर्थिक समानता वृद्धिमा योगदान गर्न १८
३.५.४ खाद्य सुरक्षामा वृद्धि र खाद्य सम्प्रभुताको सुदृढीकरण गर्न १८
३.५.५ वातावरण संरक्षण गर्न १९
३.५.६ विश्वव्यापीकरणको नराम्रा असरहरू कम गर्न १९
३.५.७ कृषि उद्यम र व्यावसायिकताको विकास गर्न १९
३.५.८ श्रम स्थानान्तरणमा सकारात्मक प्रभाव पार्न १९
३.५.९ लोकतन्त्रको प्रत्याभूति र दिगो शान्तिको आधार स्थापना गर्न २०
३.६ वैज्ञानिक भूमिसुधारका प्राथमिकताका क्षेत्रहरू २०
३.७ वैज्ञानिक भूमिसुधारका मान्यताहरू २२

**भाग - चार : भूमि र कृषिको वर्तमान अवस्था** २५
४.१ भूस्वामित्व र वितरण २५
४.२ भूमिहीन किसान, सीमान्तकृत किसान, सुकुम्बासी र कृषि श्रमिक २६
४.३ भूमिको खण्डीकरण २९
४.४ भूउपयोग ३०
४.५ सरकारी, सार्वजनिक जग्गा ३१
४.६ गुठी सम्पदा तथा गुठी जग्गा ३२
४.७ मोही किसान ३३
४.८ तटबन्द निर्माण र नदी उकास ३३
४.९ महिला र भूस्वामित्व ३३
४.१० आदिबासी जनजाति र भूस्वामित्व ३४
४.११ दलित र भूस्वामित्व ३५
४.१२ कृषि उत्पादन र उत्पादकत्व ३६

**भाग - पाँच : वैज्ञानिक भूमिसुधारका प्रमुख सवाल र सुझावहरू** ३८
५.१ भूमिमाथि न्यायपूर्ण पहुँच र स्वामित्व ३८
सवाल १ : भूमिको असमतामूलक वितरण ३८
सवाल २ : मोहीयानी हक र दोहोरो स्वामित्व ४१
सवाल ३ : सुकुम्बासी ४३
सवाल ४ : भूमिहीन किसान र कृषि श्रमिक ४४
सवाल ५ : गुठीजग्गा र गुठीसम्पदा ४५
सवाल ६ : भूमिमा महिला स्वामित्व ४७
सवाल ७ : भूमिमा दलितको स्वामित्व ४७
सवाल ८ : भूमिमा आदिबासी जनजातिको स्वामित्व ४८
सवाल ९ : भूसम्बन्धमा आधारित शोषणकारी प्रथाहरू ४८
सवाल १० : छुट जग्गा दर्ता ४९
सवाल ११ : आवास तथा शहरीकरण सम्बन्धी ५०
५.२ भूमिको उपयोग, विकास र संरक्षण ५१
सवाल १ : भूमिको खण्डीकरणको अन्त्य र चक्लाबन्दी ५१
सवाल २ : अनुपस्थित जग्गाधनी र बाँझो जग्गाको सदुपयोग ५२
सवाल ३ : भूउपयोग ५२
सवाल ४ : वनजंगल र वातावरणको संरक्षण ५४
सवाल ५ : चुरेक्षेत्रको संरक्षण ५४
सवाल ६ : सरकारी, सार्वजनिक जग्गाको संरक्षण ५५
सवाल ७ : भूमि बजार र भूमिमा वैदेशिक लगानी ५६
५.३ कृषिको उत्पादकत्व वृद्धि र व्यवसायीकरण ५६
सवाल १ : कृषिको सहकारीकरण ५६
सवाल २ : कृषिको व्यवसायीकरण र औद्योगिकीकरण ५७
५.४ सवल भूमि प्रशासन तथा कृषि व्यवस्थापन ५८
सवाल १ : भूमि प्रशासन तथा व्यवस्थापन ५८
५.५ भूमिकरको व्यवस्था ६१
५.६ सहकारीतामा आधारित भूमि बैङ्क ६१

**भाग - छ : वैज्ञानिक भूमिसुधार कार्यान्वयन व्यवस्था** ६३
६.१ वैज्ञानिक भूमिसुधार कार्यान्वयन केन्द्रीय आयोग ६४
६.१.१ केन्द्रीय आयोगको काम र कर्तव्य ६५
६.१.२ केन्द्रीय आयोगको अधिकार ६५
६.१.३ केन्द्रीय आयोगका सदस्यका हैसियत तथा सुविधा ६५
६.१.४ कदर गर्ने व्यवस्था ६६
६.२ वैज्ञानिक भूमिसुधार कार्यान्वयन प्रान्तीय आयोग ६६
६.२.१ प्रान्तीय आयोगको काम र कर्तव्य ६६
६.२.२ प्रान्तीय आयोगको अधिकार ६७
६.२.३ प्रान्तीय आयोगका सदस्यको हैसियत तथा सुविधा ६७
६.३ वैज्ञानिक भूमिसुधार कार्यान्वयन स्थानीय आयोग ६८
६.३.१ स्थानीय आयोगको काम कर्तव्य ६८
६.३.२ स्थानीय आयोगको अधिकार ६९
६.३.३ स्थानीय आयोगको सुविधा ६९
६.४ स्रोतको अनुमान ७०
६.४.१ भूमि उपलब्ध गराउनुपर्ने परिवार संख्या र आवश्यक पर्ने भूमि ७०
६.४.२ अनुमानित भूमि स्रोत ७१
६.४.३ अनुमानित आर्थिक स्रोत ७१

**अनुसूची १**
आयोगको तर्फवाट नेपालको संविधानमा समावेश गर्नका लागि प्रस्तावित गरिएका भूमिसम्बन्धी विषयवस्तुहरूका प्रावधानहरू ७३

**अनुसुची २**
भूमिसुधारका अन्तर्राष्ट्रिय प्रयास र यसका सिकाईहरू ७७

**अनुसुची ३**
वस्तुस्थिति अध्ययन गरिएका स्थानहरू ८५

**अनुसूची ४**
राष्ट्रियस्तरमा सम्पन्न कार्यशाला गोष्ठी तथा छलफल अन्तर्क्रिया कार्यक्रमहरू ८७

**अनुसूची ५**
आयोगलाई लिखित राय सुझाव उपलब्ध गराउने संघसंस्था एबं व्यक्तिहरूको नामावलि ८९

**अनुसूची ६**
आयोगको कार्यालयमा आई सुझाव दिनुहुने महानुभावहरूको नामावलि ९२

**अनुसूची ७**
आयोगमा कार्यरत कर्मचारीहरूको विवरण ९३

**अनुसुची ८**
एकीकृत जग्गा विवरण पुस्तिका ९४

# भाग - एक

# भूमिका

## १.१ आयोगको गठन सम्बन्धी पृष्ठभूमि

कृषिमा आधारित नेपाली समाजको एउटा महत्वपूर्ण सवाल भूमिसुधार रहँदै आएको छ। नेपालमा बेलामौकामा ठूला राजनीतिक आन्दोलन, सामाजिक विद्रोहहरू मात्र होइन विभिन्न राजनीतिक दलहरूको उद्‌भवको पृष्ठभूमि पनि कुनै न कुनै रूपमा भुमिसुधारको मुद्दासँग जोडिएका छन्। आर्थिक, राजनीतिक एवम् सामाजिक रूपान्तरणको दृष्टिले नेपालमा भूमि सम्बन्धी समस्याहरूको समाधान गर्नै पर्ने देखिन्छ। नेपालको गरिबी, पछौटेपन, सामाजिक संरचनामा अन्तर्निहित शोषण र द्वन्द्व, खाद्यान्नको अभाव तथा अल्प विकसितताका प्रमुख कारणहरू मध्ये उत्पादनको साधन भूमिको वितरण न्यायिक हुन नसक्नु र भूमि तथा कृषिमा व्यापक सुधार नहुनु मुख्य हुन्।

सामन्ती भूस्वामित्व र असमतामूलक भूमि-व्यवस्था विद्यमान रहेकै कारण गरिवीको रेखामुनि रहेका अधिकांश जनताहरू भूमिहीन वा भूमिहीनताको नजिक छन्। दलित (पहाड/तराईबासी), आदिबासी जनजाति, कमैया, हलिया, हरूवाचरुवा, पिछडावर्ग, महिला लगायत अन्य भूमिहीन तथा सीमान्तकृत वर्ग लगायत अधिकांश जनताको भूमिमा आफ्नो पहुँच छैन तर उनीहरू निरन्तर कृषि पेशामा संलग्न छन्। जीविकोपार्जनका लागि भूमि नहुँदा यस्ता समुदायको अन्य स्रोतहरूमा पनि पहुँच नहुने अवस्था छ। यसबाट खाद्य असुरक्षा बढिरहेको छ। गैरकृषि क्षेत्रको रोजगारीको अवसर पनि न्यून हुँदै गइरहेको छ। सिंचाइको अभाव, अवैज्ञानिक कृषिप्रणाली र विभिन्न कारणले कृषिपेशामा आकर्षण नहुँदा श्रमको पलायन, खेतीयोग्य जमिनको ठूलो हिस्सा बाँझो रहने, उर्वरा कृषिभूमिको जथाभावी अतिक्रमण हुने, माटोको गुणस्तर र कृषि उत्पादनमा नकारात्मक असर पर्ने गरी हुँदै गएको भूमिको खण्डीकरण, कृषि उत्पादनको समुचित बजार तथा वितरण व्यवस्थाको अभाव आदि भूमिसुधार भित्रका समस्याहरू ज्वलन्त विषय मानिन्छन्। यसबाट देशमा उत्पादन कम भई वार्षिक २.२५ प्रतिशतले बढदै गइरहेको जनसंख्याको आवश्यकतालाई पूर्ति गर्ने खाद्यान्नको अभाव हुँदै जाँदा भविष्यमा देशले ठूलो खाद्यसंकट व्यहोर्नुपर्ने स्पष्ट संकेत देखापरेको छ।

अर्कोतिर मुलुकमा सामाजिक विभेद, असमानता र गरिवी व्याप्त छ। लामो समयसम्म चलेको सशस्त्र द्वन्द्व, बढ्दो बेरोजगारी आदि कारणले जनताले सुरक्षित जीविकाको आधार नपाउँदा द्वन्द्व, हिंसा र भोक दिनप्रतिदिन झन् गहिरिँदै गइरहेको छ।

नेपालमा भएका राजनीतिक आन्दोलनहरूले हालसम्म पनि सहीरूपमा समाधान गर्न नसकेको भूमिसुधारको मुद्दा अहिले पनि नेपालको राजनीतिक एवम् सामाजिक आन्दोलनको केन्द्रविन्दुमै रहेको छ। दोस्रो जनआन्दोलन २०६३ को पृष्ठभूमिमा नेपाल सरकार र ने.क.पा. (माओवादी) वीच सम्पन्न विस्तृत शान्तिसम्झौता र राजनीतिक दलहरूको सहमतिका आधारमा निर्मित नेपालको “अन्तरिम संविधान, २०६३” ले वैज्ञानिक भूमिसुधार कार्यक्रम लागु गर्ने विषयलाई राज्यको दायित्वको रूपमा स्वीकार गरेकाले पनि भूमिसुधारको राजनीतिक एवम् संवैधानिक महत्व बढेको छ।

नेपालको 'अन्तरिम संविधान २०६३' ले भूमिसुधारका सम्बन्धमा केही महत्वपूर्ण व्यवस्था गरेको छ। उक्त संविधानको धारा १९ मा नागरिकको मौलिक हक अन्तर्गत सम्पत्तिको हकको प्रत्याभूति गरेको छ। धारा १९ को उपधारा ३ ले राज्यले वैज्ञानिक भूमिसुधार कार्यक्रम लागु गर्दा सार्वजनिक हितको निमित्त व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्न सक्ने प्रावधान राखेको छ। तर त्यसरी सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा "कानून बमोजिम क्षतिपूर्ति दिइने र क्षतिपूर्तिको आधार र कार्यप्रणाली कानूनद्वारा निर्धारण गरिए बमोजिम हुने" व्यवस्था गरेको छ। त्यसै गरी राज्यको दायित्व अन्तर्गत संविधानको धारा ३३ (च) मा "सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति राज्यले अवलम्बन गर्ने" व्यवस्था गरेको छ।

राष्ट्रिय योजना आयोगको 'त्रि-वर्षीय अन्तरिम योजना (२०६३-२०६६)' ले वैज्ञानिक भूमिसुधार मार्फत किसानहरूको जीवनस्तर उठाउने बिषय जोड दिँदै सुकुम्बासी, बँधुवा श्रमिक र मोहीको अधिकार सुनिश्चित गर्न र भूमिलाई अझ उत्पादनशील बनाएर गरिबीलाई सम्बोधन गर्ने विशिष्ट उद्देश्य समेत लिएको छ।

भूमिसम्बन्धी जटिल समस्याको निराकरण, सामन्ती भूस्वामित्वको अन्त्य र आर्थिक सामाजिक रूपान्तरण उपयुक्त भूमिसुधारको कार्यान्वयनबाट मात्र सम्भव हुन्छ। लोकतन्त्र प्राप्तिपछि जनताको अभिमत उपयुक्त भूमिसुधारको सफल कार्यान्वयन हुनुपर्ने रहेकोले भूमिसुधारको मुद्दा मुलुकसामु पुनः देखापरेको छ। यसरी भूमिसुधार आमजनताको सरोकारको विषय बन्नपुगेको छ।

जनताको अभिमत, विस्तृत शान्तिसम्झौता र अन्तरिम संविधानको भावना अनुसार नेपाल सरकारको मिति २०६५ मंसीर २५ को निर्णय अनुसार श्री हरिबोल गजुरेलको अध्यक्षतामा "उच्चस्तरीय भूमिसुधार आयोग" को गठन भयो। तत्कालीन आयोगको म्याद २०६६ साल असोज १३ मा समाप्त भएपश्चात् २०६६ साल असोज २१ मा नेपाल सरकारबाट तत्कालीन उच्चस्तरीय भूमिसुधार आयोगको पुनर्गठन गरी श्री घनेन्द्र बस्नेतको अध्यक्षतामा १२ सदस्यीय 'वैज्ञानिक भूमिसुधारसम्बन्धी उच्चस्तरीय आयोग' गठन गरिएको हो।

यही पृष्ठभूमिमा भूमि अधिकारबाट वञ्चित व्यक्ति एवम् संघ संगठनले पनि नेपालमा भूमिसुधारको मुद्दालाई सशक्त आन्दोलनको रूपमा अगाडि बढाएर भूमिसुधारको माग पटकपटक राख्दै आएको स्थिति विद्यमान छ। यस्ता संघ संगठनसँग सरकारले पटकपटक भूमिसुधार कार्यान्वयन गर्ने विषयमा लिखित सम्झौता समेत गरेको छ।

भूमिको मानवीय सम्बन्ध आर्थिक मात्र होइन, यो सामाजिक, सांस्कृतिक र राजनैतिक पनि भएको हुँदा भूमिसुधारले यी समग्र पक्षहरूलाई सम्बोधन गर्नुपर्दछ। मूलतः भूमिको स्वामित्वको सवाललाई समाधान नगर्ने हो भने मुलुकमा द्वन्द्वरूपान्तरणको प्रक्रिया अघि बढ्न सक्दैन र शान्तिप्रक्रिया धरापमा पर्ने खतरा रहन्छ। कृषिमा आश्रित भए पनि जीवनयापनका लागि थप आयआर्जन अन्यत्रबाट गर्नुपर्ने अवस्थाको अन्त्य र कृषिक्षेत्रबाट श्रमशक्तिको पलायनलाई रोक्न उपयुक्त नीति तथा कार्यक्रम तर्जुमा अनिवार्यरूपले गर्नुपर्ने हुन्छ ।

नेपाली समाजको सामाजिक, सांस्कृतिक र राजनैतिक रूपान्तरणका लागि भूमिसुधार आवश्यक छ र यो उपयुक्त तवरबाट लागू गरिनुपर्दछ भन्नेमा आम नागरिक तथा राजनीतिक दल सबैको चासो रहेको

पाइन्छ । तर कस्तो भूमिसुधार गर्ने, कुन सिद्धान्त र मान्यताका आधारमा गर्ने, कसरी गर्ने, कसले गर्ने र कसरी सवैको हित गर्ने भन्ने सम्बन्धमा भने विभिन्न राजनीतिक दल, सामाजिक आन्दोलन र नागरिक समाजका बिच फरक-फरक धारणाहरू रहेका पाइन्छन् ।

यस आयोगमा राजनीतिक दलको तर्फबाट ने.क.पा. (एमाले), नेपाली कांग्रेस, मधेसी जनाधिकार फोरम (लोकतान्त्रिक), तराई मधेस लोकतान्त्रिक पार्टी, ने.क.पा.(माले), सद्भावना पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी., ने.क.पा. (संयुक्त) र नेपाल लोकतान्त्रिक समाजवादी दलको तर्फबाट एक एक जना प्रतिनिधि, विज्ञ सदस्य एक तथा राष्ट्रिय भूमि अधिकार मञ्चका प्रतिनिधि एक समेत रहनु भएको छ ।

राज्य पुनसंरचनाको संघारमा छ । संविधान सभाद्वारा नयाँ संविधान लेखन कार्य भइरहेको छ । यस्तो ऐतिहासिक र महत्वपूर्ण घडीमा भूमि र कृषि सम्बन्धी सबै प्रकारका समस्याहरूको अन्त्य गरी मुलुकमा व्याप्त आर्थिक सामाजिक विभेद, असमानता र सामाजिक द्वन्द्वको निरूपण गर्न, गरिवी कम गर्न, उत्पादकत्व वृद्धि गर्न तथा दिगो शान्तिको स्थापना र आर्थिक उन्नति हासिल गर्न वैज्ञानिक भूमिसुधारको आवश्यकता अपरिहार्य भएको छ। यस कार्यलाई चरितार्थ गराउन 'वैज्ञानिक भूमिसुधारसम्बन्धी उच्चस्तरीय आयोग' को सुझाव प्रतिवेदन मुलुकको लागि दूरगामी महत्व राख्ने ऐतिहासिक दस्तावेज हुनेछ ।

## १.२ वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोगको गठनविधि र पदाधिकारीहरू

यस आयोगका पदाधिकारीहरूको नामावली देहाय अनुसार रहेको छ :

| | | | |
|---|---|---|---|
| १ | श्री घनेन्द्र बस्नेत | – | अध्यक्ष |
| २ | श्री कुमार बेलबासे | – | उपाध्यक्ष |
| ३ | श्री परमात्माप्रसाद पाठक | – | सदस्य |
| ४ | श्री छेदिलाल चौधरी | – | सदस्य |
| ५ | श्री केदारप्रसाद चौधरी | – | सदस्य |
| ६ | श्री सुरेन्द्र कुर्मी | – | सदस्य |
| ७ | श्री राधादेवी भट्टराई | – | सदस्य |
| ८ | श्री ठाकुरसिंह थारु | – | सदस्य |
| ९ | श्री विनोद चौधरी | – | सदस्य |
| १० | श्री लक्ष्मीप्रसाद प्रसाईं | – | सदस्य |
| ११ | श्री सोमप्रसाद भण्डारी | – | सदस्य |
| १२ | श्री कृष्णराज बि.सी. | – | सदस्य सचिव (सह–सचिव) |

## १.३ आयोगको काम, कर्तव्य, अधिकार र कार्यक्षेत्र

सामन्ती भूस्वामित्वको अन्त्य गरी जोताहा किसानको अधिकार सुनिश्चित गर्न र वैज्ञानिक भूमिसुधार कार्यक्रम लागु गर्ने प्रयोजनका लागि मुलुकमा उपलब्ध भूमिको समग्ररूपमा सुधार गरी यसको अधिकतम उपयोग गर्न आवश्यक अध्ययन विश्लेषण गरी नेपाल सरकारलाई सुझाव दिनु आयोगको प्रमुख काम, कर्तव्य र अधिकार हुनेछ ।

आयोगले खासगरी देहायका विषयमा अध्ययन गरी नेपाल सरकारलाई सुझाव दिनेछ ;

क) मुलुकको भूमिको स्थिति र यसको अधिकतम उपयोग र संरक्षणका उपायहरू,

ख) सामन्ती भूस्वामित्वको अन्त्य गरी भूमिको वैज्ञानिक रूपमा उपयोग गर्ने उपायहरू,

ग) सुकुम्बासी तथा भूमिहीन किसानका र मुलुकको भूमि व्यवस्थापनको समग्र समस्या पहिचान गरी समाधानका उपायहरूको सिफारिस,

घ) भूमिको उत्पादकत्व वृद्धि गर्न अपनाउनु पर्ने उपायहरू,

ङ) कृषिको उत्पादकत्व वृद्धि गरी रोजगारीका अवसरहरू सृजना गर्न अपनाउनु पर्ने उपायहरू,

च) भूमिको खण्डीकरण अन्त्य गरी चक्लाबन्दी कार्यक्रमलाई प्रोत्साहन गर्न अपनाउनुपर्ने उपायहरू,

छ) भूमिको वैज्ञानिक हदबन्दी र यसको कारण र आधारहरू,

ज) कृषिको सहकारीकरण, व्यावसायीकरण तथा औद्योगिकीकरणलाई प्रोत्साहन गर्न अपनाउनु पर्ने उपायहरू,

झ) भूमिको वैज्ञानिक रूपमा अधिकतम उपयोग गरी वास्तविक जोताहालाई अधिकतम लाभ पुऱ्याउन अपनाउनुपर्ने अन्य उपायहरू ।

## १.४ आयोगले अवलम्बन गरेको विधि

वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोगले तोकिएको कार्यक्षेत्र अन्तर्गतका विषयमा प्रतिवेदन तयार गर्दा मूलतः सैद्धान्तिक र विश्लेषणात्मक विधि अवलम्बन गरेको छ। त्यस अतिरिक्त स्थलगत अध्ययन तथा समूहगत छलफलको विधि पनि अपनाइएको छ।

यस आयोगले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयहरूमा नेपालको 'अन्तरिम संविधान २०६३' लाई मार्गनिर्देशकको रूपमा लिएको छ। यस आयोगले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयका निकायहरू केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय योजना आयोग, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, कृषि मन्त्रालय, वन मन्त्रालय तथा अन्य सरकारी/गैर सरकारी संघसंस्थाबाट प्रकाशित तथ्याङ्क एवम् सामग्रीहरूको अध्ययन विश्लेषण समेत गरेको छ।

यस आयोगले विगतको 'उच्चस्तरीय भूमिसुधार आयोग २०५१' को सुझाव प्रतिवेदन लगायत अन्य विभिन्न प्रतिवेदन तथा विश्वका विभिन्न मुलुकमा भूमिसुधार सम्बन्धी गरिएका अभ्यासहरू समेतको अध्ययन गरेको छ।

यसका साथै स्थलगत अध्ययन र रायसुझाव संकलनार्थ आयोगका पदाधिकारीहरूको संयोजकत्वमा ५ वटा भ्रमण टोलीद्वारा मिति २०६६ साल पौष १८ गते देखि २०६६ साल पौष ३० गतेसम्म पाँचै विकास क्षेत्रका ३५ जिल्लाका ७१ स्थानहरूको स्थलगत अध्ययन, स्थानीयस्तरको छलफल, अन्तर्क्रिया र १० जिल्लामा सबै सरोकारवालाहरूको उपस्थितिमा जिल्लास्तरीय अन्तर्क्रिया र छलफल गरी संकलन गरिएको प्राथमिक सूचना र सुझाव समेतको अध्ययन विश्लेषण गरिएको छ। *(अध्ययन गरिएका स्थानहरुको विवरण अनुसूची ३ मा संलग्न गरिएको छ)*

मिति २०६६ साल माघ २२ गते देखि २०६६ साल फागुन १२ गतेसम्म यसक्षेत्रका विषयविज्ञहरू, विभिन्न सरोकारवाला, जग्गाधनी, मोही, महिला, दलित, आदिबासी जनजाति, पिछडावर्ग, भूमिअधिकारसँग सम्बद्ध संघ/संगठनहरूका प्रतिनिधिहरू, व्यवसायी, नागरिक समाज, सञ्चारकर्मीहरू सम्मिलित केन्द्रीयस्तरको अन्तर्क्रिया र छलफल कार्यक्रमबाट प्राप्त सुझावसमेतको गहन अध्ययन विश्लेषण गरिएको छ। *(कार्यक्रमहरुको विवरण अनुसूची ४ मा संलग्न गरिएको छ)।*

विभिन्न सरोकारवाला संघसंस्थाहरूबाट प्राप्त रायसुझाव, नागरिकहरूबाट प्राप्त अभिमत र आम जनताबाट सोझै वा विभिन्न माध्यमबाट प्राप्त रायसुझावको पनि अध्ययन गरिएको छ। यसका लागि आयोगले विभिन्न सञ्चारमाध्यमहरूबाट सुझावको लागि आह्वान समेत गरेको थियो। *(सुझाव उपलब्ध गराउनेको विवरण अनुसूची ५ मा संलग्न छ)*

यसका अतिरिक्त आयोगको आमन्त्रणमा उपस्थित हुनुभएका विषयविज्ञहरूसँगको अन्तर्क्रिया, संविधानसभामा सहभागी राजनीतिक दलका अवधारणाको अध्ययन तथा विश्लेषण समेत गरेको छ। *(आयोगको कार्यालयमा आई सुझाव उपलब्ध गराउनुहुने महानुभाव र आयोगका विज्ञ परामर्शदातहरुको नामावली अनुसूची ६ मा संलग्न गरिएको छ)*

यसरी उपर्युक्त विधि र स्रोतहरूका आधारमा मस्यौदा प्रतिवेदन तयार गरी आयोगको बैठकमा गहन रूपमा अध्ययन, विश्लेषण र छलफल भई आयोगद्वारा यो सुझाव प्रतिवेदन तयार गरिएको छ। *(स्थलगत वस्तुस्थिति अध्ययन प्रतिवेदन, राष्ट्रिय स्तरका छलफल अन्तर्क्रिया कार्यक्रमका प्रतिवेदन आदि आयोगको वेभसाईट www.landreform.gov.np मा राखिएको छ)*

## १.५ सुझाव प्रतिवेदनको सीमा

यस आयोगले यो प्रतिवेदन तयार गर्ने शिलशिलामा मूलतः निम्न अनुसारका सीमा महसुस गरेको छ :-

**सीमित समयावधि** : सीमित समयावधिमा आयोगको कार्ययोजना तयार गरी स्थलगत अध्ययन, स्थानीय, जिल्ला र केन्द्रीयस्तरका अन्तर्क्रिया तथा छलफल, विज्ञहरूको पहिचान, आमन्त्रण तथा उहाँहरूबाट प्राप्त रायसुझावको अध्ययन विश्लेषण लगायतका कार्य पूरा गरी त्यसको आधारमा प्रतिवेदन तयार गर्नुपर्ने भए पनि अझ विस्तृतरूपमा अपेक्षाकृत छलफल, अध्ययन, विश्लेषण गर्न तथा विश्वका विभिन्न मुलुकमा भूमिसुधार सम्बन्धी गरिएका राम्रा अभ्यासहरूको अवलोकन भ्रमण गरी अनुभव हासिल गर्न पर्याप्त समय नभएको महसुस भयो।

**सन्दर्भ सामग्रीहरूको अपर्याप्तता** : आयोगको कार्यक्षेत्रका कतिपय विषयमा द्वितीय स्रोतका तथ्यांङ्कहरू एकआपसमा अमिल्दा रहेको पाइएकोले त्यसलाई आधिकारिक रूपबाट पुष्टि गर्न भरपर्दो सन्दर्भ सामग्रीहरूको अपर्याप्तता महसुस भयो।

**स्रोतसाधनको अपर्याप्तता** : आयोगलाई नेपाल सरकारबाट उपलब्ध सीमित आर्थिक स्रोतसाधनबाट विश्वका विभिन्न मुलुकमा भूमिसुधारसम्बन्धी गरिएका राम्रा अभ्यासहरूको अवलोकन भ्रमण र अनुभव हासिल गर्न संभव भएन। यसका साथै आयोगको कार्य प्रकृतिसँग दक्ष र अनुभवयुक्त आवश्यक जनशक्तिको अपर्याप्तता महसुस भयो। यद्यपि उपलब्ध साधनस्रोतको सीमामा रहेर यसको अधिकतम सदुपयोग र परिचालन गरी प्रतिवेदन तयार गर्ने र पूर्णता दिने प्रयास गरिएको छ।

**राज्य पुनसंरचना र शासकीय स्वरूपको स्पष्ट रुपरेखा नआइसकेको** : समृद्ध र शान्त नयाँ नेपालको परिकल्पनामा मुलुकको भावी राज्य पुनसंरचना र शासकीय स्वरूप कस्तो हुने भन्ने बहस संविधानसभामा भइरहेको अवस्थामा प्रतिवेदन तयार गर्दासम्म वैज्ञानिक भूमिसुधारको प्रभावकारी कार्यान्वयनको लागि केन्द्र, प्रान्त र स्थानीय निकायको अधिकार बाँडफाटसम्बन्धी रुपरेखा नआइसकेको भएतापनि यसतर्फ पनि सचेत रही प्रतिवेदनलाई पूर्णता दिने प्रयास गरिएको छ ।

# भाग - दुई

# नेपालमा भूमिसुधारका प्रयासहरू

नेपालको विद्यमान असमतामूलक भूमिव्यवस्था कृषि उत्पादनलाई प्रोत्साहन गर्न र कृषिलाई उद्योगको रुपमा विकास गर्न बाधक बनेको छ । यसको ऐतिहासिक कारण के हो र विगतमा यसका सम्बन्धमा भएका भूमिसुधारका प्रयासहरू के कस्ता थिए भन्ने बारेमा यहाँ छोटो विश्लेषण गरिएको छ ।

## २.१ नेपालको भूमिव्यवस्था

नेपालमा भूमिमाथिको स्वामित्व मूलतः राज्यमा नै निहित रहेको पाइन्छ । विगतमा राजस्वको प्रमुख स्रोत भूमि नै भएको हुनाले राजस्व संकलनको प्रक्रियाले भूमि व्यवस्थापनमा पनि प्रभाव पारेको देखिन्छ ।

२००७ साल अगाडिसम्म देशको कृषिक्षेत्र र वनक्षेत्रको करिब एक तिहाइ क्षेत्रफल केही सीमित व्यक्ति/समूहहरूलाई वितरण गरिएको थियो तर धेरै बाँकी भूमि राणा र शाह (ठकुरी) लगायत सम्भ्रान्त परिवारको स्वामित्वमै रहेको थियो (रेग्मी, १९७८) । त्यसबेला राणा र शाहका प्रिय स्थानीय सम्भ्रान्त व्यक्ति वा तत्कालीन सरकारी कर्मचारीहरूले नै गाउँमा जग्गाजमिन सम्बन्धी सरकारी नीतिनियम कार्यान्वयन गर्ने र आफूले लाभ लिने काम समेत गरे । उनीहरूले राज्यबाट जागीर, बिर्ता र बक्सिसका रूपमा ठूलो मात्रामा जग्गा प्राप्त गरी जमिन्दारको रूपमा विभिन्न शर्तमा अरुलाई खेती गर्न दिने गर्दथे ।

शुरुमा जोताहा किसानले कूल उत्पादनको आधा भाग जग्गाधनीलाई तिर्नुपर्ने व्यवस्था रहेकोमा बिस्तारै जमिन्दारले उनीहरूको तिरोलाई सुनिश्चित गर्न कुत-प्रणाली अपनाए । कुत-प्रणालीमा सबैभन्दा बढी बाली बुझाउन सक्ने किसानलाई मात्र करारको सुनिश्चितता दिइयो । कुत-प्रणालीमा बालीनाली को अवस्था कस्तो रह्यो त्यसको विचार नगरी यदि कुनै वर्ष पूरै बाली बिग्रियो भने पनि तोकिएको कुत तिर्नुपर्ने बाध्यता गरिन्थ्यो । यसले गर्दा खेती गर्ने जोताहा किसानहरू क्रमशः जागिरदार र बिर्तावालका दास-श्रमिकको रूपमा रूपान्तरित हुँदै गए (रेग्मी, १९७८) । यसरी वास्तविक खेतीपाती गर्ने किसान समूहले तीव्र शोषण र चर्को ऋणको ठूलो बोझले गर्दा आफ्नो सम्पत्ति गुमाउँदै बिनाज्याला श्रम (बेठ-बेगारी) गर्न बाध्य हुन थाले । साथै स्थानीय जग्गाधनी र पोत उठाउने व्यक्तिहरूलाई अतिरिक्त श्रम प्रदान गर्नुपर्ने भयो ।

२००७ सालपछि विभिन्न ऐन, नियम र कानूनको माध्यमबाट बिर्ता, फर्माइसी बिर्ता, जागीर, किपट, उखडा, राकम, राज्य, सेरा आदि जग्गाका विभिन्न प्रकारका स्वामित्व र व्यवस्थापन पद्धति खारेज गरियो । हाल देशमा निजी स्वामित्वको रैकर, राज्यको स्वामित्वको सरकारी/सार्वजनिक, ऐलानी, वन र धार्मिक, सांस्कृतिक एवम् सामाजिक संस्थाको स्वामित्वमा गुठी जग्गा रहने भूमि व्यवस्था कायम रहेको छ ।

## २.२ नेपालमा भूमिसुधारका प्रयासहरू

नेपालमा विभिन्न समयमा भूमिसुधारका प्रयासहरू भएका पाइन्छन्। यी प्रयासहरू विशेष गरी राणशासनको अन्त्यसँगै वि.सं. २००७ को राजनीतिक परिवर्तन पश्चात् भएका थिए।

राणा शासनको अन्त्यसँगै नेपालमा भूमिको वितरणमा भएका असमानतालाई सुधार्न र कृषि उत्पादन बढाउन सरकारले विभिन्न प्रयासहरू थालेको पाइन्छ। भूमिस्रोतलाई नियमन गर्न र व्यवस्थित राख्न कैयौं कानूनहरू तयार गरिए, जस्तै 'बिर्ता उन्मूलन ऐन, २०१६', 'जग्गा नाप जाँच ऐन, २०१९', 'भूमिसम्बन्धी ऐन, २०२१', 'चरन क्षेत्र राष्ट्रियकरण ऐन, २०३१', 'गुठी संस्थान ऐन, २०३३', 'भूमि अधिग्रहण ऐन, २०३४', 'मालपोत ऐन, २०३४', आदि। यी ऐनहरू मध्ये 'भूमिसम्वन्धी ऐन २०२१' ले देशभरि नै भूमिको वितरण र व्यवस्थापनमा केही सकारात्मक प्रभाव पारेको देखिन्छ।

### २.२.१ २००७ सालदेखि २०१७ सालसम्म भएका भूमिसुधारका प्रयासहरू

यस अवधिमा भूमिसुधार सम्बन्धी भएका मुख्य प्रयासहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

- २००८ सालमा 'भूमिदारी अधिकार प्राप्ति कानुन मस्यौदा २००८' लागु गरी काठमाडौं उपत्यका भित्रका मोहीहरूको सूची तयार गरियो।
- २००८ सालमा 'भूमि जाँच कमिसन' को गठन गरी विभिन्न जिल्लाहरूमा मोहीको लगत लिने र मोहीलाई अर्को नापनक्सा नहुन्जेल बेदखल गर्न नपाइने र मोहीबाट कुत बुझेपछि जग्गावालले तिरो बुझेको भर्पाइ लिनुदिनु पर्ने सिफारिस गरियो।
- २००९ सालमा गठित 'भूमिसुधार कमिसन'ले मोहियानी हक सुरक्षित गर्ने, मोहीको लगत राख्न लगाउने, कुत निश्चित गर्ने, जग्गाको हदबन्दी कायम गरी बढी जग्गाको क्षतिपूर्ति मालपोतको केही गुणा दिई जग्गा प्राप्त गर्ने, बिनाक्षतिपूर्ति बिर्ताउन्मूलन गर्ने, गुठी जग्गाको मालपोत नगदमा लिने, जग्गा जमिनको स्रेस्ता व्यवस्थित गर्ने लगायतका महत्वपूर्ण सिफारिसहरू गरेको थियो।
- २०१२ सालमा भूमि व्यवस्था सुधार गर्ने उद्देश्यले तत्कालीन राजा महेन्द्रबाट भूमिसुधार सम्बन्धी १३ सूत्रीय योजना घोषणा गरी जग्गाधनीलाई मोहीले दिने कुतवालीको निर्धारण, ऋणको ब्याज सयकडा दशभन्दा बढी लिन नपाइने, जग्गाधनी र मोहीबाट कोष खडा गर्ने, सहकारी बैंक स्थापना गर्ने, मोहियानी हकको सुरक्षा गर्ने, पर्ती जग्गा सुकुम्बासीहरूलाई दिने, जग्गाधनी र जोताहाको लगत तयार गर्ने, मोहीले २ वर्षदेखि जग्गा कमाएको भए मोहियानी हक दिने जस्ता मुख्य कार्य शुरु गरिएका थिए।
- २०१३ सालमा 'जग्गा र जग्गा कमाउने लगत खडा गर्ने ऐन, २०१३' मा गाउँ समितिहरू मार्फत पटवारीले जग्गा कमाउनेको लगत राख्ने, मोहीहरूको लगत खडा गर्न फाराम भर्ने, कुत तथा अन्य दायित्व तोक्ने आदि व्यवस्था गरियो।
- २०१४ सालमा 'भूमिसम्बन्धी ऐन, २०१४' जारी गरी खास जग्गा जोत्ने व्यक्तिलाई मोही मान्ने र त्यसपछि एक वर्षसम्म जग्गा कमाउनेलाई मोही मान्ने, मोहियानी हक एवम् हकवालाहरूमा जान

पाउने तर अन्य व्यक्तिलाई मोहीको हक हस्तान्तरण गर्दा जग्गाधनीको स्वीकृति चाहिने तथा जग्गाधनी र मोहीवीच उत्पादनको आधा-आधा पाउने गरी निश्चित गरियो ।

- २०१४ सालमा वनक्षेत्रलाई राष्ट्रियकरण गर्ने उद्देश्यले 'वन राष्ट्रियकरण ऐन, २०१४' जारी गरियो । ऐनको मुख्य उद्देश्य वनजंगल सरकारको नाममा कायम गर्नु रहेको थियो ।
- २०१६ सालमा 'बिर्ता उन्मूलन ऐन' जारी गरी आर्थिक हित र समानता कायम गराउने उद्देश्यले राज्यकर नतिरी जग्गाजमिन भोग गर्ने सामन्ती प्रथाको अन्त्य गर्ने व्यवस्था गरियो । बिर्तालाई 'क' र 'ख' समूहमा विभाजन गरी सबै प्रकारका बिर्ताजग्गा रैकरमा परिणत गर्ने र बिर्तावालको सबै हक अधिकार समाप्त गर्ने व्यवस्था गरिएको थियो । बिर्ताउन्मूलन भएको आधा शताब्दी बितिसक्दा पनि त्यस्तो बिर्ता जग्गा अझै सम्पूर्ण रूपमा रैकरमा परिणत गर्ने काम हुन सकेको देखिँदैन ।

### २.२.२ २०१७ साल देखि २०४६ साल सम्म (एकदलीय पञ्चायती व्यवस्था) मा भएका भूमिसुधारका प्रयासहरू

- २०१९ सालमा 'कृषि सम्बन्धी (नयाँ व्यवस्था) ऐन, २०१९' जारी गरियो । यस ऐनको उदेश्य आर्थिक विकासमा द्रुततर गति ल्याउनु, कृषिबाट पूँजी र श्रम झिकी गैरकृषि क्षेत्रको विकासमा लगाउनु, कृषिको उत्पादन अत्यधिक रुपमा वृद्धि गराउनु र कृषकहरूको जीवनस्तरमा सुधार ल्याउनु, वास्तविक किसानहरूलाई आवश्यक ज्ञान, साधन र स्रोत उपलब्ध गराउनु रहेको थियो ।
- 'भूमिसम्बन्धी ऐन, २०२१' अनुसार २०२१ साल देखि २०२३ सालमा तीन चरणमा गरी क्रमशः १६ जिल्ला, २५ जिल्ला र ३४ जिल्लामा गरी भूमिसुधार कार्यक्रम लागु गरियो । यस ऐनको मुख्य उद्देश्य देशको भूमिसुधारको नीतिमा परिवर्तन ल्याई कृषि उत्पादन बढाउनु, खेतीयोग्य जमिनको समान वितरण गर्नु, खास जोताहा किसानलाई आवश्यक प्रविधि तथा स्रोत प्रदान गरी उत्पादन वृद्धि गर्दै उनीहरूको जीवनस्तर उकास्नु, कृषिक्षेत्रमा अड्किएको अनुत्पादक पूँजी र मानवीय स्रोतलाई अन्य आर्थिक क्षेत्रमा लैजानु रहेको थियो ।
- केही सीमित सम्भ्रान्त व्यक्तिहरूको स्वामित्वमा जग्गाजमिन केन्द्रित हुँदा देशको आर्थिक विकास र प्रजातन्त्रलाई नराम्ररी धक्का पुऱ्याएको महसुस गरी जमिनमा निश्चित हदबन्दी तोक्ने र हदबन्दीबाट प्राप्त भएको जग्गाजमिन भूमिहीन गरिबलाई बितरण गर्ने नीति 'भूमिसम्बन्धि ऐन, २०२१' मा लिइएको थियो । 'भूमिसम्बन्धी ऐन, २०२१' मा देहाय बमोजिमको हदबन्दीको व्यवस्था गरिएको थियो ।

**तालिका २.१ : 'भूमिसम्बन्धी ऐन, २०२१' मा तोकिएको जग्गाको हदबन्दी**

| क्षेत्र | जग्गाधनीको हकमा | | | मोहीको हकमा |
|---|---|---|---|---|
| | कृषि जग्गा | बसोबासको जग्गा | | |
| | | शहरी क्षेत्र | ग्रामीण क्षेत्र | |
| तराई तथा भित्री मधेश (विगाह) | २५ | १ | ३ | ४ |
| काठमाडौं उपत्यका (रोपनी) | ५० | ५ | ८ | १० |
| अन्यपहाडी क्षेत्र (रोपनी) | ८० | १० | १६ | २० |

*स्रोत : भूमिसम्बन्धी ऐन, २०२१*

उक्त ऐनमा तोकिएको हदबन्दीभन्दा बढी जग्गा सरकारले क्षतिपूर्ति (कृषि भूमिको लागि वार्षिक पोतको १० गुणा र गैरकृषि भूमिको लागि वार्षिक पोतको ५ गुणा) दिएर प्राप्त गर्ने व्यवस्था गरियो ।

सबै जोताहा किसान मोहीहक प्राप्त गर्न योग्य भएपनि जग्गाधनीको दवावमा, सूचना प्रकृयाको अनभिज्ञताले धेरै किसानहरू मोहीको रुपमा दर्ता हुन सकेनन् र आफूले जोतेको जग्गाको स्थायी मोहियानी हक पाउँन बञ्चित गरिए ।

जमिनको उत्पादकत्व घट्ने कुनै कार्य गरेमा, सम्झौता अनुसार बाली बुझाउन नसकेमा वा जमिनमा खेतीपाती नगरेमा मात्र उनीहरूलाई उक्त जमिनबाट बेदखल गर्न सकिने व्यवस्था गरेको भएता पनि केही दर्ता भएका/नभएका मोहीलाई जालझेल गरी कानूनी प्रपञ्च रची बेदखली गरियो ।

'भूमिसम्बन्धी ऐन, २०२१' ले अनिवार्य बचत संकलन गर्ने व्यवस्था गरेको र सो अन्तर्गत किसानबाट २०२१ साल देखि २०२६ सालसम्म करिव रू १२ करोड बराबरको वचत जम्मा गरिएको थियो । त्यस मध्ये रू ८ करोड कृषिऋण उपलब्ध गराउन प्रयोग गरियो भने बाँकी ४ करोड किसानको हितको लागि वचत परिचालन गर्न स्थानीय निकायमा जम्मा गरियो । २०२६ साल पछि उच्च निकायमा भएको भ्रष्टाचारको कारणले वचत कार्यक्रम स्थगित गरियो । धेरै किसानहरूले आफूले जम्मा गरेको वचत रकम फिर्ता पाएनन् भने केही जिल्लामा व्याजसम्म फिर्ता पाएका थिए ।

यस ऐनले 'कृषिऋण निश्चित गर्ने व्यवस्था' अन्तर्गत किसानसँग ऋण असुल गर्न बाँकी कृषिऋणको फाँटवारी ऋण दिने व्यक्तिहरूसँग लिने साथै ऋण लिने किसानहरूले पनि आफूले ऋण तथा तिरेको रकम सम्बन्धी विवरण उल्लेख गराई सयकडा दश प्रतिशतभन्दा बढी व्याज वा आयस्ता लिने गरेको भए सो भन्दा बढी रकम साँवामा कट्टा हुने गरी कृषिऋणमा नियन्त्रण गरिएको थियो । यस व्यवस्थाले धेरै किसानहरू लाभान्वित भएका थिए । त्यसबेला भोगबन्धकीमा दिइएको जग्गा धेरै आसामी किसानहरूले फिर्ता पाएका थिए ।

यस ऐनले जमिन्दारी उन्मूलन सम्बन्धी व्यवस्था अन्तर्गत २०२१ साल अगाडीसम्म सरकारको पक्षबाट जमिन्दारले जग्गाको पोत/राजस्व उठाउने र भूमिप्रशासन कार्य गर्ने जमिन्दारी प्रथा उन्मूलन गर्ने व्यवस्था गरियो । जमिन्दारी प्रथाको उन्मूलनलाई कित्तानापीको कार्य चालु गरी क्रमिकरूपले व्यबस्थित गरियो ।

२०२१ सालमा 'नेपाल पुनर्बास कम्पनी' स्थापना गरि इजरायली सरकारको सहयोगमा तराईमा योजनाबद्ध पुनर्बास कार्यक्रम लागु गरियो । उक्त पुनर्वास कम्पनि मार्फत नवलपरासी जिल्लाको राप्ती उपत्यकामा पहिलो योजनाबद्ध पुनर्बास कार्यक्रम सुरु गरी पूर्व झापादेखि पश्चिम कञ्चनपुरसम्म बसोबास कार्यक्रम संचालन विस्तार गरियो । पहाडबाट तराईमा भएको ठूलो स्तरको बसाइँसराइले सरकारी पुनर्बासको कार्यक्रम विस्तार हुँदै गयो ।

### २.२.३ २०४६ सालदेखि २०६३ सालसम्मको अवधिमा भएका भूमिसुधारका प्रयासहरू

२०४६ सालको राजनीतिक आन्दोलनले निर्दलीय पञ्चायती व्यवस्थालाई परिवर्तन गरी बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना गर्‍यो । राजनीतिक परिवर्तन पश्चात् आर्थिक नीतिमा महत्वपूर्ण परिवर्तनहरू शुरु गरिए । भूमि लगायत विभिन्न आर्थिक स्रोत र आर्थिक गतिविधिमा बजारको भूमिकालाई उच्च स्थान दिँदै आर्थिक उदारीकरण र निजीकरणमा ठूलो जोड दिइयो । यस अवधिमा भूमिसुधार सम्बन्धी भएका मुख्य प्रयासहरू निम्न अनुसार छन् ;

- २०५१ सालमा केशव बडालको संयोजकत्वमा उच्चस्तरीय भूमिसुधार आयोग गठन भई प्रतिवेदन तयार गरियो । उक्त आयोगले नेपालको भूमिसुधारका मुख्य समस्यालाई पहिचान गरेको र त्यसको समाधानका लागि केही व्यावहारिक उपायहरू पनि सुझाएको थियो । तर यो आयोगका सुझावहरू लागु भएनन् ।

- २०५३ सालमा विद्यमान 'भूमिसम्बन्धी ऐन, २०२१' लाई चौथो पटक संशोधन गरी लगत तथ्याङ्कमा दर्ता भएका दर्तावाल मोहीलाई आधा हक स्वामित्व दिई जग्गाधनी र मोही विच जग्गा बाँडफाँड गर्ने र मोहियानी हकको व्यवस्था खारेज गरी जग्गाको द्वैध स्वामित्व अन्त्य गर्ने व्यवस्था गरियो । तर दर्ता हुन बाँकी जोताहा किसानले दिइएको समयभित्र जसले मोही हक दर्ता गर्न सकेनन्, उनीहरू मोही हक स्वामित्वबाट बञ्चित हुनपुगे । जग्गावालाले घरबारीका लागि जग्गा झिक्न पाउने, दोहोरो कुत कबुलियत, मोही, जग्गा र जग्गावालाको लगत लिने समितिको गठन गर्ने, एक वर्ष खेती गरेमा स्वतः मोही हुने जस्ता व्यवस्थाहरूलाई ऐनको चौथो संशोधनले खारेज गरेको छ । यस संशोधनबाट बेदर्तावाल मोहीहरू करिव ४ लाख ५० हजार मोही किसानहरू मोहियानी हकको अधिकारबाट वञ्चित हुनपुगेका देखिन्छन् । (सिएसआरसी, २०६०) । संशोधनबाट विशेष गरी काठमाडौं जिल्ला र सुगम स्थानका केही दर्तावाल मोही किसानहरूको हित गरेको तर अरु बेदर्तावाल मोही किसानहरूको हित गरेको देखिएन ।

- २०५८ साल साउन ३२ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा प्रतिनिधिसभाको वैठकमा परिवर्तनकारी भूमिसुधार कार्यक्रमको घोषणा गरियो । २०५८ सालमा भूमिसम्वन्धी ऐनमा पाचौं पटक संशोधन गरी हदबन्दीको सीमा घटाइयो । अत्यन्तै चर्चामा आएको उक्त व्यवस्थाको कार्यान्वयन गर्ने कुनै प्रक्रिया र संयन्त्र तयार नहुँदा हदवन्दी कार्यान्वयन हुन सकेन । 'भूमिसम्बन्धी ऐन, २०२१' मा भएको पाँचौ संशोधनले गरेको हदबन्दी व्यवस्था यस अनुसार छ :-

**तालिका २.२ : २०५८ सालमा लागू गरिएको जग्गाको हदबन्दी**

| क्षेत्र | जग्गाधनी | | मोही (खेतीका लागि मात्र) |
|---|---|---|---|
| | खेती | आवास | |
| तराई र भित्री मधेश | १० बिगाह | १ बिगाह | ४ बिगाह |
| काठमाडौं उपत्यका | २५ रोपनी | ५ रोपनी | १० रोपनी |
| काठमाडौं उपत्यका बाहेकको पहाडी क्षेत्र | ७० रोपनी | ५ रोपनी | २० रोपनी |

*स्रोत : भूमि सम्बन्धी (छैटौं संशोधन) ऐन, २०६१*

- वि.सं २०६१ मा सरकारले भूमि बैंकको अवधारणा ल्याई विश्वबैंकको सहयोगमा मध्य-पश्चिचम र सुदूर-पश्चिमका कमैया समस्या भएका क्षेत्रमा लागु गर्ने प्रयास गरियो । यस अवधारणालाई मुक्त कमैया र भूमिअधिकारको लागि काम गर्ने संघ संगठनका विरोधको कारण स्थगित गरियो । २०६३ सालको राजनीतिक परिवर्तनपछि यस कार्यक्रम औपचारिक रूपमै बन्द गरिएको थियो ।

### २.२.४ २०६३ सालपछिका भूमिसुधारका प्रयासहरू

यस अवधिमा भूमिसुधार सम्बन्धी भएका मुख्य प्रयासहरू निम्न अनुसार छन् ;

- २०६३ सालको राजनीतिक परिवर्तनले भूमिसुधारको मुद्दालाई फेरि अगाडि ल्याएको छ। २०६२ साल चैत्र महिनाको जनआन्दोलनको एउटा मुख्य मुद्दा देशमा भएको भूमिको असमान वितरणलाई सुधार्ने र भूमिहीन र सीमान्त किसानहरूको भूमि तथा प्राकृतिक स्रोतमा पहुँच दिलाउने रहेको थियो।

- २०६४ सालमा सात राजनीतिक दल र नेकपा (माओवादी) बीच भएको सशस्त्र द्वन्द्व अन्त्य गर्न बनेको 'बृहत् शान्ति सम्झौता' ले पनि भूमिसुधारलाई उच्च महत्व दिएको छ।

- २०६३ सालमा बनेको अन्तरिम संविधानले पनि 'बृहत् शान्ति सम्झौता'लाई नै आधार बनाई भूमिसम्बन्धी केही महत्वपूर्ण व्यवस्था गरेको देखिन्छ।

- सरकारको 'त्रिवर्षीय अन्तरिम योजना (२०६५-२०६७)' मा पनि भूमिसुधार कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ। जसमा भूस्वामित्व तथा कृषि श्रममा रहेको सामन्ती सम्बन्धको अन्त्य गर्ने, सामाजिक न्याय र कृषि उत्पादकत्व वृद्धिको लागि उपयुक्त हदबन्दी निर्धारण गर्ने, जमिनमाथि आफ्नो श्रम र शीप प्रयोग गर्नेहरूलाई भूस्वामित्वको अधिकार प्रदान गर्ने, भूमिहीन किसानलाई बसोबासको लागि जमिन उपलब्ध गराउने, गुठी, ऐलानी र पर्ति जग्गामा खेती गरिरहेका किसानको अधिकार निर्धारण गर्ने, भूमिसम्बन्धी तथ्याङ्क, भूमि प्रशासन र भूमिसम्बन्धी सार्वजनिक सेवालाई बढी वैज्ञानिक र छरितो/कुशल बनाउने, भूमि न्यायाधिकरणको व्यवस्था गरी भूमिसम्बन्धी मुद्दा मामिला फछ्र्यौट गर्ने, भूमिसम्बन्धी सबै विषयहरूलाई सम्बोधन गर्नेगरी भूमिसम्बन्धी राष्ट्रिय नीति तयार गर्ने, माटोको उर्वरता, कृषि, सिँचाइ तथा पूर्वाधार र विकासका आधारमा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने आदि विषयहरूलाई प्रमुखताका साथ राखिएको पाइन्छ।

- महिलाको नाममा जग्गा दर्ता हुँदा रजिष्ट्रेशन दस्तुरमा २५ प्रतिशत छुटको प्रावधान छ।

- नेपालले अन्तर्राष्ट्रिय श्रम-सङ्गठनको (आइएलओ) १६९ महासन्धिलाई अनुमोदन गरेको छ। आदिबासी जनजाति समुदायले परम्परादेखि प्रयोग गर्दै आएको स्रोतको प्रयोग र व्यवस्थापन गर्ने विधिलाई कानूनी मान्यता दिनुपर्ने (सामुदायिक अधिकार) तथा उनीहरूले सांस्कृतिक वा अन्य कारणले प्रचलनमा ल्याएको स्रोतव्यवस्थापन विधि (जस्तै खोरिया, किपट, सामुदायिक वन आदि) लाई मान्यता दिनुपर्ने विषयहरू उक्त महासन्धिका प्रावधानहरू हुन्।

### २.२.५ विगतका भूमिसुधारका अभ्यासबाट सिक्नुपर्ने पाठहरू

१. विगतका भूमिसुधार सम्बन्धी नीति राम्रा भएता पनि कार्यान्वयन पक्ष कमजोर हुनुमा केन्द्रीकृत प्रशासनिक संरचना र कार्य प्रणालीका कारण अपेक्षित उपलब्धि हुन सकेन ।

२. लामो अवधि र पटकपटक गरी नियमित र सामान्य कार्यक्रमका रुपमा गरिने भूमिसुधारले अपेक्षित सफलता गरेको देखिएन । भूमिसुधारबाट सफलता प्राप्त गर्न भूमिसुधार एकैपटक, निश्चित छोटो अवधिमा राष्ट्रिय अभियानकै रूपमा लागु गरिनुपर्दछ ।

३. विगतका भूमिसुधारका प्रयासहरूले सामाजिक सुधार थोरै तर राजनीतिक प्रचारबाजी धेरै गऱ्यो । भूमिसुधारलाई व्यवहारीक तवरबाट लागु गर्न राष्ट्रिय सहमति, प्रतिबद्धता र अठोटको अभावका कारण वाञ्छित सुधार सम्भव हुन सकेन ।

४. भूमिसुधारको कार्यान्वयन गर्नुअघि त्यसको कार्यान्वयनको प्रक्रिया, जग्गाजमिनको स्वामित्व र क्षेत्रफलबारे यथार्थपरक तथ्यांङ्क, आवश्यक र उपयुक्त जनशक्ति तथा स्रोत साधन, समन्वय र कार्यान्वयन प्रकृयाको राम्रो गृहकार्य गरिनु आवश्यक छ । तयारीबिनाको कार्यान्वयनले अपेक्षित सफलता प्राप्त गर्न सकिंदैन । उदाहरणको लागि २०५८ सालमा गरिएको हदबन्दी घोषणा फितलो कार्यान्वयनका कारण अपेक्षित उपलब्धि प्राप्त हुन सकेन ।

५. सहुलियत र छुट दिइने नीति अवलम्वन गर्दा राम्रो नतिजा प्राप्त गर्न सकिने उदाहरण महिलाका नाममा जग्गा खरिद गर्दा राजिष्ट्रेशन दस्तुर छुट (२५%) लाई लिन सकिन्छ । यो नीतिले शहरी क्षेत्रका महिलाको नाममा भूस्वामित्व बढाउन सहयोग पुऱ्याएको पाइयो ।

६. द्वैध भूस्वामित्वको अन्त्य गर्ने प्रयास राम्रो भए पनि बेदर्तावाल मोहीको समस्या समाधान नभएकाले अझै समस्याको रूपमा रहिरहेको छ ।

७. राष्ट्रिय भूमि उपयोग नीति नहुँदा खेतीयोग्य कृषिजग्गाको अतिक्रमण, अव्यवस्थित शहरीकरणतर्फ अत्यधिक वृद्धि भई रहको छ ।

८. भूमिसुधारको एकीकृत कार्यान्वयन र अपेक्षित सफलता प्राप्त गर्न राज्यको दृढ इच्छाशक्ति र पूर्ण राजनीतिक प्रतिबद्धता महत्वपूर्ण हुन्छ ।

### २.२.६ भूमिसुधारका अन्तर्राष्ट्रिय प्रयास र यसका सिकाइ

भूमिसुधारका विभिन्न अन्तर्राष्ट्रिय प्रयासहरूका सफल/असफल प्रत्यक्ष अनुभव हासिल गर्न सीमित साधन स्रोतका कारण सम्भव नभएको भए तापनि विभिन्न सामग्रीहरूको अध्ययन विश्लेषण गरी तयार गरिएको भूमिसुधारका अन्तर्राष्ट्रिय प्रयास र यसका सिकाइहरू *अनुसूची २* मा संलग्न गरिएको छ ।

## भाग - तीन

# भूमिसुधारको सैद्धान्तिक पक्ष

### ३.१ भूमि र भूस्वामित्व

भूमि एक महत्वपूर्ण प्राकृतिक स्रोत र उत्पादनको मुख्य साधन हो। भूमिको भौगोलिक बनोट, स्वरुप, गुण र क्षमताका आधारमा भूमिको बहुआयामिक तथा बहुउपयोग तथा वैज्ञानिक भूमि व्यवस्थापन र आधुनिक प्रविधिको समुचित प्रयोग गरी यसबाट अधिकतम लाभ लिन सकिएमा देशको आर्थिक विकास र उत्थानमा महत्वपूर्ण योगदान पुग्छ।

भूमि प्रकृतिप्रदत्त तर सीमित स्रोत भएकोले अन्य सम्पत्तिसरह यसलाई बढाउन वा घटाउन तथा निर्माण गर्न सकिंदैन। राज्यमा उपलब्ध सम्पूर्ण भूमिको उपयुक्त व्यवस्थापन गरी सवै नागरिकको हित हुने गरी प्रत्यक्ष वा अप्रत्यक्ष लाभ पुऱ्याउनु मुलुकको सर्वोपरि आवश्यकता भएको छ।

मानवसभ्यताको विकासक्रमसँगै राज्यव्यवस्था शुरु भएको मानिन्छ। राज्यले जमिन आफ्नो स्वामित्वमा लिई विविध तरिकाले यसको व्यवस्थापन गर्दै आएको देखिन्छ। भूमि सबै मानिसको साझा वस्तु भएकोले यसको प्रारम्भिक स्वामित्व राज्यमा रहन्छ। राज्यले आवश्यक नीतिनियम तथा कानून बनाई नागरिकहरूलाई भूमिको उपभोग तथा व्यवस्थापन गर्न दिएको हुन्छ।

मानिसको लागि आवश्यक खाद्यान्न उत्पादन, बसोबास र अन्य भौतिक पूर्वाधारहरूको विकासको लागि भूमिको आवश्यकता पर्दछ। यही आवश्यकतालाई व्यवस्थितरुपमा परिपूर्ति गर्न भूस्वामित्व सम्बन्धी विषय महत्वपूर्ण हुन्छ। यद्यपि स्वामित्वको प्रकृति राजनैतिक सिद्वान्त र प्रणाली अनुसार फरक-फरक हुन्छ। सिद्धान्ततः वनजंगल, सरकारी प्रयोजनमा प्रयोग गरिने र सार्वजनिक सेवा र भौतिक पूर्वाधार जस्तै सडक, विद्यालय, अस्पताल आदि प्रयोजनमा प्रयोग गरिने भूमि राज्यको स्वामित्वमा राख्ने गरिन्छ। राज्यका नागरिकहरूलाई बसोवासको लागि आवश्यक पर्ने भूमि उनीहरूको स्वामित्वमा रहने गरी र सबै नागरिकहरूको लागि आवश्यक पर्ने खाद्यान्न उत्पादन गर्ने कृषिजमिन वास्तविक किसानको स्वामित्वमा रहने गर्दछ।

### ३.२ सामन्ती भूस्वामित्व, वर्तमान अवस्था र प्रभावहरू

राज्यव्यवस्थाको प्रारम्भिक अवस्थामा सम्पूर्ण जनसंख्याका आधारमा भूमिको उपलब्धता प्रशस्तै थियो। राज्यको आयस्रोतको प्रमुख हिस्सा भूमिको उत्पादनबाट प्राप्त हुने गर्दथ्यो। त्यसबेला राज्यको भूमि लगायत अन्य स्रोत, साधन र ढुकुटी शासकहरूको अधीनमा रहन्थ्यो जसमा नागरिक नियन्त्रण थिएन। राज्यले भूमिबाट राजस्व असुली गर्ने जिम्मेवारी र यसको व्यवस्थापनसमेत आफ्ना नजिकका मानिसलाई दिने गर्दथ्यो। ती मानिसहरू आफै भूमिमा परिश्रम नगर्ने तर अरुलाई काममा लगाएर भूमिको उत्पादनको धेरै अंश लिने प्रचलन कायम गरे।

कालान्तरमा यो व्यवस्थाले एउटा प्रणालीको रूप धारण गर्दै जाँदा राज्यका तिनै हर्ताकर्ताहरू भूमिको मालिक बन्ने स्थितिमा पुगे। हुँदा हुँदै भूमिमा परिश्रम गर्ने मानिसहरू उनीहरूका श्रमिक बन्दै गए।

स्थानीय बासिन्दा तथा आदिबासीहरूले परिश्रमपूर्वक खनजोत गरी खेतीयोग्य जग्गामा परिणत गर्दथे । तर त्यहि जग्गा राज्यशक्ति र प्रशासनको आडमा राज्यका ती हर्ताकर्ताहरूले बकस, बिर्ताको रुपमा आफ्नो स्वामित्वमा लिने गर्दथे । अन्ततः ती परिश्रमी किसानहरू श्रमिकको रुपमा मात्रै सीमित हुन पुगे । यस प्रथाले खास किसान जो अन्न उब्जाउँथ्यो उसको स्वामित्वमा भूमि रहन पाएन । यसरी आफै भूमिमा परिश्रम नगर्ने तर स्वामित्व आफूमा राख्ने र भूमिमा नगन्य पारिश्रमिकमा काम गर्ने वीच मालिक र श्रमिकको भिन्दाभिन्दै वर्ग समाजमा सृजना हुनपुग्यो । भूस्वामित्व हुनेले आफूलाई समाजको उच्च र शक्तिशाली व्यक्तिको रुपमा र परिश्रम गर्ने गरिव किसानहरूलाई उसको निगाहमा बाँच्ने, आश्रित, ज्ञान सीप नभएका र कर्महीन व्यक्तिको रुपमा लिन थालियो ।

भूमि लगायत उत्पादनका अन्य साधन र स्रोतको स्वामित्वसँग सामाजिक प्रतिष्ठा, स्तर र वर्ग जोडिएको हुन्छ । यसैमा व्यक्ति वा परिवारको संस्कृति र आत्मसम्मान पनि गाँसिएको हुन्छ । भूस्वामित्वले समाजमा हुने सम्बन्ध, व्यक्तिहरू बीचको मर्यादा, अन्य स्रोत साधनमा पहुँच निर्णय गर्ने तहमा पहुँच तथा मोलमोलाई गर्ने क्षमता निर्धारण गर्न थालियो । र समाजको शक्तिसंरचना र उत्पादन सम्बन्धमा महत्वपूर्ण भूमिका खेल्ने रुपमा प्रस्तुत गरियो ।

नेपाली ग्रामीण अर्थतन्त्रमा भूमि नै एकमात्र जीवन धान्ने साधन भएकाले भूमि हुने मानिस नै राम्रोसँग खान पाउने, स्वास्थ्य, शिक्षा र लुगाफाटो, सुरक्षित आवास आदिको व्यवस्था गर्नसक्ने तथा अन्य स्रोतसँगको सहज पहुँच भएको देखिन्छ । यसका विपरीत दिनरात पसिना बगाउने गरिव र भूमिहीन किसानहरू सीमित र न्यून ज्यालामा जमिन जोत्न, श्रम बेच्न, जीवन धान्नका लागि कानून विपरीत चर्को व्याजमा ऋण लिन बाध्य पारिएका देखिन्छन् ।

उत्पादनको साधनको रुपमा रहेको भूमिमाथि आफ्नो स्वामित्व रहँदा गरिव किसानलाई शोषण गर्ने, अतिरिक्त मूल्य र सेवा लिने, उत्पादनको वितरणमा अन्यायपूर्ण सम्बन्ध, अपमानजनक तथा अमानवीय व्यवहार गर्ने परम्परा र अवस्थालाई सामन्ती भूसम्बन्ध भनिन्छ । भूमि नभएकै कारण भूमिहीन किसानहरूको सामाजिक प्रतिष्ठा, सम्मान र मर्यादामा आघात पर्नु आदि सामन्ती भूसम्वन्धका अवशेष र विशेषता मानिन्छन् ।

भूमि हुनेहरू नै समाजमा सामाजिक, आर्थिक र राजनीतिक रुपमा शक्तिशाली देखिने गरेका छन् । राज्यसंयन्त्रमाथि उनीहरूको बलियो पकड रहँदैआएको छ । तर कमैया, हलिया, हरूवाचरुवा, बालीघरे, कम्लरी लगायतका बँधुवा कृषिश्रमिक भूमिमा स्वामित्व नभएकै कारणबाट शोषणयुक्त श्रम र उत्पादन सम्बन्ध राख्न बाध्य भएका देखिन्छन् । यस किसिमको सामन्ती र शोषणयुक्त सम्वन्ध रहि रहँदा नेपाली समाजमा वर्गीय खाडल फराकिलो हुँदै गइरहेको छ, सामाजिक द्वन्द्व वढदै गईरहेको छ ।

## ३.३ वैज्ञानिक भूमिसुधारको अर्थ

**भूमिको समन्यायिक वितरण, व्यवस्थित भू-उपयोग र अपेक्षाकृत रुपमा उत्पादकत्वमा वृद्धि गर्नु नै वैज्ञानिक भूमिसुधार हो ।** भूमि कृषिउत्पादनको महत्वपूर्ण साधन भएता पनि यसको सामन्ती स्वामित्व र त्यसका परिणामहरूले यसको अधिकतम र न्यायिक उपयोग भएको पाइँदैन । सीमित प्राकृतिक साधनको रुपमा मानिएको भूमिको ज्ञान, सीप र उत्पादनक्षमता तथा विशेषज्ञताको आधारमा व्यवस्थित र प्रभावकारी उपयोग गरी उत्पादन बढाउने, खाद्यसुरक्षा र सम्प्रभुताको सुदृढीकरण गर्ने, वातावरणको

संरक्षण गर्ने, उत्पादनको न्यायिक वितरणलाई सुनिश्चित गर्ने, अर्थतन्त्रको विकास गर्ने, सामन्ती भूस्वामित्व र उत्पादन सम्बन्धको अन्त्य गरी सबै प्रकारका भूमि तथा स्थानीय स्रोत (कृषि, वन, चरन, आवास, उद्योग, गुठी, जलस्रोत आदि) माथिको पहुँचमा न्यायपूर्ण अवस्था सृजना गर्ने, भूमि तथा श्रमसम्बन्धी मानव अधिकार संरक्षण गर्ने जस्ता बृहद् र एकीकृत प्रक्रियालाई वैज्ञानिक भूमिसुधारको रुपमा बुझ्नुपर्दछ । साथै उपयुक्त तवरबाट भूमिको न्यायिक वितरण गर्नु, भूमिमा मात्र आश्रित हुने प्रवृत्तिलाई निरुत्साहित गरेर गैरकृषि क्षेत्रतर्फ आकर्षित गर्नु , विभिन्न उद्योग तथा व्यापार व्यवसायमा लगानी गर्ने अवसरको सृजना गर्नु एवम् आदिबासी जनजातिहरूको आफ्नो मौलिक पहिचान र जीवनपद्धति संरक्षण गर्नु विकेन्द्रीत र सक्षम भूमिप्रशासन, व्यवहारीक भूमिनीति तथा कृषिनीतिको कार्यान्वयन पनि वैज्ञानिक भूमिसुधार भित्रकै विषय हुन् ।

## ३.४ वैज्ञानिक भूमिसुधारको आधार

नेपालको सन्दर्भमा वैज्ञानिक भूमिसुधारका प्रमुख आधारहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ ;

- विद्यमान सामन्ती भूस्वामित्वको कारणबाट सृजित शोषणमूलक श्रम सम्बन्धको अन्त्य गर्नु,
- भूमिमा परिश्रम गर्ने र कृषि उत्पादन गर्ने सीप र ज्ञान भएका व्यक्तिलाई कृषिभूमिको स्वामित्व उपलब्ध गराउनु,
- भूमिहीनलाई सुरक्षित आवासको सुनिश्चितता गराउनु,
- आदिबासी जनजाति, हरूवाचरुवा, पिछडावर्ग र महिलाको भूमिमाथिको हकको सुनिश्चितता गराउनु,
- भूमिमा रहेको दोहोरो स्वामित्व हटाउनु ,
- भूमिउपयोग र व्यवस्थापनको राष्ट्रिय नीति तय गरी अनुपस्थित जग्गाधनीलाई निरुत्साहित गर्दै लानु र भूमिलाई बाँझो नराख्ने गरी उपयुक्त व्यवस्थापन गरिनु,
- भूमिको  खण्डीकरणलाई निरुत्साहित पार्दै चक्लाबन्दी गरिनु,
- सहकारी तथा व्यावसायिक खेती प्रणालीद्वारा कृषिउत्पादन बढाउनु,
- कृषिपेशामा आश्रित जनशक्तिलाई गैरकृषि क्षेत्रमा रुपान्तरण गर्ने नीति र कार्यको थालनी गर्नु,
- कृषि पूर्वाधार विकास, कृषि उद्यमको विकास, कृषिमा औद्योगिकीकरण गरी रोजगारीको सृजना गरिनु,
- समाजका सवै वर्ग, लिङ्ग, क्षेत्रका व्यक्तिहरुलाई अल्पकालिन तथा दीर्घकालिन लाभ पुऱ्याउनु,

## ३.५ वैज्ञानिक भूमिसुधारको औचित्य

नेपालको सन्दर्भमा वैज्ञानिक भूमिसुधारका औचित्यहरूलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ;

### ३.५.१ सामाजिक न्याय प्रदान गर्न

जीविकाको लागि आवश्यक स्रोत तथा साधनको समतामूलक वितरण, श्रमको उचित मूल्यको प्रत्याभूति, गरिवी तथा बेरोजगारी विरुद्ध संघर्ष सामाजिक सुरक्षा र सामाजिक न्यायका उपाय हुन् । स्रोत साधनको समतामूलक वितरणको अर्थ सबैको जीवनशैली एकै किसिमको उच्च बनाउने नभई समाजका हरेक नागरिकलाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, मनोरञ्जन लगायत सांस्कृतिक गतिविधिका आफ्ना आवश्यकताहरूलाई मोटामोटी रुपमा पूरा गर्न सघाउनु हो । विकासको रुपमा स्वतन्त्रता (Freedom as Development) को अवधारणा (अमर्त्य सेनको सन् १९९९) अनुसार पनि भूमिसुधारका माध्यमबाट भूमिहीन र सीमान्त किसान जस्ता आर्थिक सामाजिक रुपबाट पिछडिएका समूहको निर्णय गर्ने क्षमतामा पनि वृद्धि ल्याउन सहयोग पुऱ्याउँछ ।

सामन्ती भूस्वामित्वको वर्तमान अवस्थामा समाजका प्रभावशाली व्यक्तिहरूको नियन्त्रणमा उत्पादनको साधन भूमि हुने तर भूमिमा परिश्रम गर्ने व्यक्तिहरू भूस्वामित्वबाट विमुख भएका छन् । भूमिमा श्रम र सीप बगाउनेहरू नै परनिर्भरता र शोषणमूलक सामाजिक तथा आर्थिक सम्बन्धबाट गुज्रनुपरिरहेको छ । वैज्ञानिक भूमिसुधारले यस प्रकारको असमतामूलक भूस्वामित्व, श्रम र उत्पादन सम्बन्धको वर्तमान अवस्थालाई परिवर्तन गरी भूमिमा श्रम गर्नेहरूको स्वामित्व कायम गर्न सघाउँदछ । यसबाट श्रमिक किसानहरूले युगौंदेखि भोगिरहेको गरिवी, शोषण उत्पीडन र भेदभावबाट मुक्ति पाउन सक्दछन् र स्वतन्त्ररुपमा श्रमबजारमा प्रतिस्पर्धा गर्ने अवसरबाट लाभान्वित हुन्छन् । त्यसै गरी उनीहरू स्वतन्त्रतापूर्वक पेशा व्यवसाय गरी आफूलाई चाहिने अन्न उत्पादन र अन्य सेवाहरू प्राप्त गर्दछन् जसले गर्दा परिवारको आत्मसम्मान वृद्धि, शिक्षा, स्वास्थ्य र आधारभूत आवश्यकतामा पहुँच प्राप्त गरी समाजमा अन्य नागरिकसरह उनीहरूलाई सम्मानित जीवन बाँच्ने अवस्था सृजना गर्न सहयोग पुऱ्याउँदछ ।

### ३.५.२ राष्ट्रिय अर्थतन्त्रमा वृद्धि गर्न

नेपालको कृषिक्षेत्रको कूल गार्हस्थ्य उत्पादनमा योगदान क्रमशः घट्दै गएर हाल करिव ३२ प्रतिशत मात्र रहेको छ । साथै औद्योगिक क्षेत्रको योगदान पनि क्रमशः घटेको छ र हाल यो करिव ७ प्रतिशत मात्र रहेको छ ।

औद्योगिक विकास हुँदै जाँदा कृषिक्षेत्रको राष्ट्रिय अर्थतन्त्रमा योगदान घटदै जानु स्वाभाविक हो, तर नेपालमा कृषिक्षेत्रको विकास नभएको कारणले पनि औद्योगिक विकास हुन सकिरहेको छैन । विप्रेषण (Remittance) मा निर्भरता र आन्तरिक आर्थिक वृद्धि कम भएको अवस्था छ र निर्यात घट्दै जाने क्रम देखापरेको छ ।

उत्पादनको साधन भूमिलाई आर्थिक सम्पतिको रुपमा लिई यसबाट लाभ लिनेका लागि यसको मूल्य बढ्ने हुनाले खेती नगर्ने तर भूमि राखिरहने प्रवृत्ति एकातिर छ भने अर्कोतर्फ अनुपस्थित जग्गाधनी र मोहियानी तथा ठेकेदारी खेती प्रणाली प्रचलनमा छ । श्रम गर्ने किसानहरुको आर्थिक विपन्नताका कारण

उनीहरुसँग भूमिमा पर्याप्त लगानी गर्न समुचित पूँजी र प्रविधिको उपयोग गर्ने सक्ने अवस्था छैन। कमाईरहेको जग्गा उनीहरूको आफ्नो स्वामित्वमा नभएकोले अर्काको जग्गामा लगानी गर्ने व्यवहारिक अवस्था पनि छैन। त्यसै गरी धेरैजसो ठूला जग्गाधनीहरूको प्राथमिक पेशा खेती नभई उनीहरू अन्य पेशा व्यवसायमा संलग्न भएकाले जग्गामा उचित लगानी गर्ने वातावरण बनिरहेको छैन। यसले भूमिबाट प्राप्त हुनसक्ने अधिकतम उत्पादन र उत्पादकत्वको लाभ लिन सक्ने स्थिति देखिंदैन।

आत्मनिर्भरता उन्मुख उदार आर्थिक नीति मार्फत दिगो आर्थिक वृद्धि हासिल गर्न वैज्ञानिक भूमिसुधार कार्यक्रमले सहयोग पुऱ्याउँदछ। मुख्यतः यसले दुईवटा परिणाम सृजना गर्नेछ। पहिलो कृषि उत्पादन बढाउने र यो वृद्धिमा समाजका धेरै परिवारको सहभागिता हुने हुँदा धेरै किसानहरूको आय वृद्धि भई उनीहरूको क्रयशक्ति सुदृढ हुनेछ। दोस्रो, बढ्दो उत्पादन र क्रयशक्तिको प्रभावले गैह्रकृषिक्षेत्र, विशेष गरी कृषिउद्योग र  सेवाक्षेत्रको विकासमा सहयोग हुनेछ। गैह्र कृषिक्षेत्रको विकासले दिगो आर्थिक विकासको निम्ति आवश्यक आधारहरू तयार गर्न सघाउ पुग्नेछ।

### ३.५.३ गरिवीको न्यूनीकरण तथा आर्थिक समानता वृद्धिमा योगदान गर्न

नेपालमा गरिवी र भूमिहीनता एक आपसमा अन्तर्सम्बन्धित देखिएको छ। गरिवीको रेखामुनि रहेका गरिव, भूमिहीन, सीमान्तकृत किसानहरूले सुरक्षित आवासको लागि भूमि तथा जीवन निर्वाहका लागि कृषिभूमिको स्वामित्व प्राप्त गरेपछि यी परिवारहरूको स्थानीय श्रमबजारमा काम र ज्यालाको सौदाबाजी गर्न सक्ने क्षमतामा वृद्धि हुनेछ। यसले श्रम शोषणबाट मुक्ति दिलाउने र श्रमसम्बन्धमा सुधार ल्याई मर्यादित श्रम सम्बन्धको प्रादुर्भाव हुनेछ। यसरी वैज्ञानिक भूमिसुधारका माध्यमबाट भूस्वामित्व प्रदान गरेर तथा श्रम बजारमा न्यायोचित श्रम सम्बन्ध सुनिश्चित गरेर गरिवीको रेखामुनि रहेका धेरै गरिव परिवारहरूलाई गरिवीको रेखामाथि ल्याउन र अन्य आर्थिक सामाजिक दृष्टिकोणबाट पछाडि परेका गरिव परिवारको गरिवीको गहिराइ घटाउन पनि सहयोग पुऱ्याउनेछ । यसका साथै समाजमा आर्थिक असमानता धेरै हदसम्म कम गर्न, समाजमा शान्तिपूर्ण वातावरण, आपसी सद्भाव र सहयोग कायम गर्न तथा आर्थिक लगानीको सहज वातावरण सृजना गर्न समेत सहयोग पुग्नेछ।

### ३.५.४ खाद्य सुरक्षामा वृद्धि र खाद्य सम्प्रभुताको सुदृढीकरण गर्न

विश्व खाद्य कार्यक्रमका अनुसार नेपालमा करिव ३४ लाख जनता भोकमरीको समस्याबाट ग्रसित रहेका छन्। अर्कोतिर खाद्यवस्तुको उत्पादन कम भएर तथा त्यसमा पहुँच पुऱ्याउने सामर्थ्य नभएर धेरै परिवारहरू खाद्य असुरक्षा बेहोरिरहेका छन्। जग्गाधनीकै निर्देशन अनुसार श्रम गर्ने किसानहरूले बाली लगाउने तथा खेतीपाती गर्नुपर्ने भएकाले श्रम गर्ने किसानहरूको कुनै निर्णय गर्ने हैसियत हुँदैन। जब श्रम गर्ने किसानहरूहरूको स्वामित्व आफ्नो खेती गर्ने हक सुरक्षित हुन्छ तब मात्र आफ्नो हिस्साको जग्गामा आफ्नो खाद्य आवश्यकता, परम्परा, संस्कृति बमोजिम खेतीपाती गरी खाद्यान्न उत्पादन गर्न सक्दछन्। वैज्ञानिक भूमिसुधारको माध्यमबाट भूस्वामित्व दिलाई श्रम गर्ने किसानको पारिवारिक खाद्य सुरक्षा, खाद्यान्न उत्पादन र पोषणमा समेत सकारात्मक प्रभाव पार्न सहयोग पुऱ्याउनेछ।

### ३.५.५ वातावरण संरक्षण गर्न

वैज्ञानिक भूमिसुधारको माध्यमबाट भूस्वामित्व स्थापित हुँदा किसानलाई आफ्नो स्वामित्वको जग्गाामा भू-क्षय हुन नदिन र माटोको संरक्षण गर्ने उपायहरूको खोजी गर्न सहयोग पुऱ्याउनेछ। समुदायमा वनको स्वामित्व र व्यवस्थापनको अधिकार दिँदा वन र वातावरणको उचित संरक्षण भए जस्तै कृषि स्वामित्व अधिकांस कृषकहरूमा भएमा भूमिको विकास, संरक्षण, भूक्षय, वन, वातावरण विनाश रोक्न सहयोग पुऱ्याउँदछ। जस्तै पहाडी भेगको भिरालो जग्गामा, गह्रा बनाइ खेती गर्दा माटो भूक्षयको दर करिब ८ टन प्रति हेक्टर छ, जब कि खुल्ला चरनक्षेत्रमा यसको दर २५ टन प्रतिहेक्टर छ भने चिरा परेको वा गल्छी परेको क्षेत्रमा यो दर ५७० टन प्रति हेक्टर पुग्छ (ADB and ICIMOD 2006)। चुरे क्षेत्रमा भूमिको ह्रास र भूक्षयको दर डरलाग्दो (२५० टन प्रतिहेक्टर) छ। यसले तराईको सम्पूर्ण भूमि र त्यहाँको उत्पादकत्वमा नकारात्मक असर पुऱ्याइरहेको छ। मध्य पहाडी, चुरेक्षेत्रमा दिन प्रतिदिन भइरहेको भूक्षयको कारण यहाँको मलिलो र उव्जाउशील माटोको क्षयीकरण तथा वन, वातावरण विनाशका कारण तराईक्षेत्रका सम्पूर्ण भूमि मरुभूमिमा परिणत हुने र त्यहाँको उत्पादकत्वमा नकारात्मक असर पर्ने सम्भावना उत्तिकै छ। वैज्ञानिक भूमिसुधारको माध्यमबाट वन, पर्यावरण, वातावरण, जैविक विविधता संरक्षण गरी उत्पादन वृद्धिमा सहयोग पुग्नेछ।

### ३.५.६ विश्वव्यापीकरणको नराम्रा असरहरू कम गर्न

विश्वव्यापार संगठनको कृषिसम्बन्धी प्रावधान र विश्वव्यापीकरणका कारण किसानहरूले आफूले संरक्षण गरेको जैविक विविधता, जैविक स्रोत, मौलिक परम्परागत ज्ञान शीपबाट फाइदा लिने विभिन्न अधिकारहरूको हनन हुने संभावना बढेको छ। त्यस्तै प्रकारले अहिलेको विश्वव्यापीकरणले गर्दा कृषिक्षेत्र केही ठूला कम्पनीहरूको नियन्त्रणमा जाँदा साना किसानहरू खेतीबाट विस्थापित हुने, खाद्यसंप्रभुता पूर्ण रुपमा ठूला व्यापारिक कम्पनीको नियन्त्रणमा बिऊ, मल तथा खाद्यसम्प्रभुता रहने खतरा रहन्छ।

खाद्यसुरक्षा र खाद्यसम्प्रभूतामा आउने खतरालाई रोक्न वैज्ञानिक भूमिसुधारले सकारात्मक योगदान गर्न सक्दछ। भूमि र कृषिसँग आवद्ध सहकारी संस्थाहरूको विकास गर्न किसानमैत्री कृषिनीति तर्जुमा गरी उत्पादन बढाउन सहयोग पुग्ने, उत्पादन वृद्धिबाट कृषिक्षेत्रमा विदेशी हस्तक्षेप कम गर्न सकिने हुन्छ।

### ३.५.७ कृषि उद्यम र व्यावसायिकताको विकास गर्न

कृषि उत्पादन वृद्धिले विभिन्न आर्थिक क्रियाकलापहरू वृद्धि गर्न सहयोग पुऱ्याउने, खाद्य वा जडिबुटी प्रशोधन र साना कृषि उद्योगको विकास गर्ने तथा सेवाप्रदायक व्यवसायीहरूलाई प्राप्त हुने अवसरहरूले उद्यमशीलता र व्यावसायिकतामा अभिवृद्धि गर्ने र यसबाट आर्थिक सामाजिक रुपबाट पछाडी परेका गरिव तथा सीमान्तकृत परिवारलाई रोजगारीको अवसर सृजना गर्न समेत वैज्ञानिक भूमिसुधारले सहयोग पुऱ्याउनेछ।

### ३.५.८ श्रम स्थानान्तरणमा सकारात्मक प्रभाव पार्न

वैज्ञानिक भूमिसुधारले आम नागरिकहरूको उत्पादन र आम्दानीको स्रोतमा वृद्धि ल्याउने हुँदा बाध्यात्मक रुपमा देशभित्र वा बाहिर रोजगारमा काम गर्न जाने प्रवृतिलाई कम गर्न सहयोग पुऱ्याउनेछ।


### ३.५.९ लोकतन्त्रको प्रत्याभूति र दिगो शान्तिको आधार स्थापना गर्न

लोकतान्त्रिक व्यवस्थाले समाजका सवै नागरिकहरूको समस्यालाई विधिवत् सम्बोधन गरी न्याय प्रदान गर्दछ भन्ने अपेक्षा आम नागरिकहरूले गरेका हुन्छन् । सुकुम्बासी, महिला, आदिवासी जनजाति, भूमिहीन किसानहरू सुरक्षित आवासको व्यवस्था होला तथा उत्पादनको साधनमा आफ्नो स्वमित्व प्राप्त होला भन्ने अपेक्षामा बसेका छन् । फलस्वरुप वैज्ञानिक भूमिसुधारको माध्यमबाट गरिव किसान, महिला, आदिबासी जनजाति, आर्थिक सामाजिक रुपले विपन्न वर्गहरूको शोषण, उत्पीडन हटाउन र उनीहरूको जीवनस्तर माथि उठाउन सकिने भएकाले आम नागरिकहरूले परिवर्तनको अनुभूति गर्दै लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरण गर्न र दिगो शान्तिको आधार स्थापना गर्न सहयोग पुऱ्याउने छ र सवै नागरिकहरूका लागि लोकतन्त्रबाट लाभ प्राप्त भएमा मात्र लोकतन्त्र सधैंको लागि हुन्छ भन्ने मान्यतालाई स्थापित गर्न सहयोग पुऱ्याउने छ ।

## ३.६ वैज्ञानिक भूमिसुधारका प्राथमिकताका क्षेत्रहरू

नेपालको सन्दर्भमा वैज्ञानिक भूमिसुधारका प्राथमिकताका मुख्य क्षेत्रहरू तीन वटा रहेका छन् । वैज्ञानिक भूमिसुधारको पहिलो प्राथमिकताको मुख्य क्षेत्र कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि, जीविकोपार्जन र राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरण गर्नु हो । दोश्रो प्राथमिकताको क्षेत्र सामाजिक न्याय र भूमिमाथि न्यायपूर्ण पहुँच दिलाउनु हो । तेश्रो मुख्य प्राथमिकताको क्षेत्र भूमिको संरक्षण र विकास गर्नु हो । यी उपरोक्त तिनवटै प्राथमिकताका मुख्य क्षेत्रहरूलाई गतिशील बनाउन सवल भूमि प्रशासन तथा कृषि व्यवस्थापनको महत्वपूर्ण भूमिका रहने छ । वैज्ञानिक भूमिसुधारका प्राथमिकताका मुख्य क्षेत्रहरू चित्र ३.१ मा देखाइएको छ ।

**चित्र ३.१ : वैज्ञानिक भूमिसुधारको मूख्य प्राथमिकताका क्षेत्रहरू**



माथीको चित्रमा, वैज्ञानिक भूमिसुधारका प्राथमिकताका मुख्यक्षेत्रमा एकीकृत तवरबाट राज्यले गहकिलो कदम चाल्ने हो भने यसबाट गरिवी न्यूनीकरणमा योगदान पुऱ्याउन सकिने, समाजमा दिगो शान्ति र अमन चयन कायम हुने, सामाजिक न्याय र मानव अधिकारको प्रत्याभूति हुने, महिला, दलित, आदिवासी जनजाति, अर्थिक सामाजिकरुपले पिछडिएका वर्गको अधिकार संरक्षण हुने, कृषिमा उत्पादन र उत्पादकत्व वृद्धि भई खाद्य सुरक्षा र खाद्य संप्रभुता कायम गर्न सकिने, आर्थिक वृद्धिको लागि दिगो आधार स्थापना गर्न सकिने र रोजगारीको अवसरमा वृद्धि ल्याई आर्थिक सामाजिक रुपान्तरणमा महत्वपूर्ण भूमिका खेल्न सकिने छ ।

वैज्ञानिक भूमिसुधारका प्राथमिकताका मूख्य क्षेत्रभित्रका उपक्षेत्रहरूको बिस्तृतरुपमा चित्र ३.२ मा उल्लेख गरिएको छ ।

**चित्र ३.२ : भूमिसुधारका मूख्य प्राथमिकताका क्षेत्रका उपक्षेत्रहरू**

**कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि, जीविकोपार्जन र राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरण**

- कृषि उत्पादन, प्रविधि र सहयोग (मल, विउ, विषादी आदि)
- कृषि उत्पादन पूर्वाधार (सिंचाइ, सडक, विद्युतीकरण, बजार, पूँजी, वीमा, सूचना) विकास
- कृषि सहकारीकरणको विकास
- सरकारी अनुदान
- कृषि उद्यम विकास रोजगारी विविधीकरण
- सशक्त कृषक सहकारी संघसंगठनको विकास
- विभिन्न प्रकारका भूमिको उत्पादन र उत्पादकत्वको वृद्धि
- कृषि श्रमिकको संरक्षण
- कृषकहरुको कृषिभूमिमा पहुँच

**भूमि माथि न्यायपूर्ण पहुँच**

- भूमिहीन सुकुम्बासीको लागि सुरक्षित बसोबासको अधिकार
- भूमिहीन कृषकलाई खेती गर्ने भूमिमा पहुँच ।
- दोहोरो स्वामित्वको अन्त्य
- मोही सुधार (Tenancy reform)
- भूमिमा महिलाको समान अधिकार
- भूमिमा दलित, आदिबासी जनजाती, पिछडावर्गको अधिकार
- कृषि श्रमिकको संरक्षण
- सामाजिक न्यायका लागि हदबन्दी निर्धारण
- हदबन्दीमाथिको जमिन वितरणमा स्थानीय निकायको स्वामित्व र त्यसमाथि भूमिमा कृषकको पहुँच
- मोहीको अधिकार संरक्षण

**भूमिको संरक्षण र विकास**

- राष्ट्रिय भूमिनीति तथा भूउपयोग नीति
- सरकारी, सार्वजनिक जग्गाको सदुपयोग र संरक्षण
- वन, वातावरण तथा जैविक विविधताको संरक्षण
- अनुपस्थित जग्गाधनीलाई निरुत्साहित र बाँझो जमिनको अधिकतम सदुपयोग
- भूमिको खण्डीकरणको न्यूनीकरण तथा चक्लाबन्दीको विकास

**सवल भूमि प्रशासन तथा कृषि ब्यबस्थापन**

- संरचना सुधार
- विकेन्द्रीकृत भूमिप्रशासन तथा कृषि व्यवस्थापन
- केन्द्र, राज्य, स्थानीय, निकायको भूमिका
- वैज्ञानिक भू-सूचना प्रणाली र अभिलेख व्यवस्थापन
- भूमिकर व्यवस्था
- कानुन/न्यायिक सुधार
- भूमि न्यायाधिकरण
- भूमि बैंक
- गुठीजग्गा र सम्पदाको संरक्षण
- भूमिबजारको विकास
- भूमिमा विदेशी लगानीको न्यूनीकरण

## ३.७ वैज्ञानिक भूमिसुधारका मान्यताहरू

- **भूमिहीन र सीमान्त किसानलाई भूस्वामित्व कायम गर्ने** : नेपालको परिप्रेक्ष्यमा प्रत्येक किसान परिवारको न्यूनतम जग्गामाथि स्वामित्व प्राप्त हुनु आवश्यक ठानिएको छ। यो स्वामित्वले एउटा सामाजिक सुरक्षाको आवश्यकता पूरा गर्न सहयोग पुग्ने र उनीहरूको गरिवी घटाउन सहयोग पुग्दछ। यस्तो व्यवस्थाले उनीहरूलाई थप आम्दानीका अवसरहरू प्रदान गर्न समेत सहयोग पुरयाउँदछ। भूमिहीन तथा साना कृषकहरूलाई पनि 'कम जमिनद्वारा' पनि बाखापालन, बंगुरपालन, गाई-भैंसी पालन जस्ता कृषिव्यवसायमा रुपान्तरण गरी आयआर्जन गर्ने अवसरहरू प्रदान गरी खाद्यसुरक्षा, बासस्थानको सुरक्षा तथा अन्य सेवाहरू जस्तै : शिक्षा, स्वास्थ्यको लाभ लिन सक्षम बनाउन सक्दछ।

- **घरबास सबैलाई, कृषिभूमि कृषकलाई** : वैज्ञानिक भूमिसुधारले देशका सवै नागरिकलाई सुरक्षित आवासको प्रत्याभूति गरी कृषिलाई नै पेशा बनाएका किसानहरुको स्वामित्वमा कृषि उत्पादन हुने जमिन रहनुपर्दछ भन्ने मान्यता राख्दछ। यसले एकातिर उत्पादनको साधनको वितरणलाई मद्दत गर्दछ भने अर्को तर्फ बढ्दो जनसंख्यालाई आवश्यक खाद्यान्न उत्पादन गर्न किसानहरुलाई अभिप्रेरित गर्दछ जसले राष्ट्रिय अर्थतन्त्र र आम्दानीमा वृद्धि गर्न सघाउँछ।

- **लोकतान्त्रिक राजनैतिक विधिमार्फत सामाजिक आर्थिक रुपान्तरण गर्ने** : राजनीतिक परिस्थिति, जनताका अभिमत र अन्तरिम संविधानका 'लोकतान्त्रिक मूल्य मान्यता' अन्तर्गत सामन्ती भूस्वामित्व र उत्पादन प्रणाली, श्रम सम्बन्धमा परिवर्तन गरी भूमिहीन किसान, सुकुम्बासी तथा आर्थिक सामाजिकरुपमा पछाडी परेका नागरिकहरूको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक रुपान्तरणको प्रक्रियालाई सघाउने मान्यता रहेको छ।

- **महिला, आदिबासी जनजाति, दलित तथा पिछडावर्गको भूस्वामित्व स्थापना गर्ने:** वैज्ञानिक भूमिसुधारले आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक हिसावले पछाडि पारिएका तथा खास गरी महिला, आदिबासी जनजाति, दलित, पिछडावर्ग तथा अन्य सीमान्तकृत किसान र नागरिकहरूको भूमिअधिकारको संरक्षण गर्ने मान्यता राखेको छ।

- **राष्ट्रिय उत्पादन वृद्धि र लगानी मैत्री वातावरणको सृजना गर्ने:** वैज्ञानिक भूमिसुधारले कृषि क्षेत्रमा पूँजी र प्रविधिको लगानीमा वृद्धि र कृषिमा श्रम गर्ने भूमिहीन किसान तथा कृषि श्रमिकहरूको भूस्वामित्वको संरक्षणले राष्ट्रिय कृषि उत्पादनमा सुधार ल्याउने वातावरणको विकास भई कृषिको उद्यमशीलताको विकास हुने मान्यता राखेको छ।

- **राज्यको पुनसंरचना र वैज्ञानिक भूमिसुधार** : नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक घोषित भइसकेको छ। नयाँ संविधानमा संघीय संरचनाको विशेष व्यवस्था गरी स्रोतसाधन र राजकीय शक्तिको बाँडफाँट हुनेछ। स्रोतसाधनको बाँडफाँटमा उत्पादनको मुख्य साधन भूमिको बाँडफाँट महत्वपूर्ण हुन आउँदछ। वैज्ञानिक भूमिसुधारले मुलुकले अंगीकार गरेको राजनीतिक परिवर्तन र आम जनताले अपेक्षा गरेको आर्थिक सामाजिक रुपान्तरणको प्रक्रियालाई सघाउनको लागि आर्थिक संरचनामा परिवर्तन गर्ने मान्यता राखेको छ।

- **केन्द्र र प्रान्तीय/स्थानीय सरकारको भूमिका किटान गर्ने:** वैज्ञानिक भूमिसुधारको सफल कार्यान्वयनमा केन्द्रीय सरकार र प्रान्तीय सरकारको भूमिका महत्वपूर्ण हुन्छ। वैज्ञानिक भूमिसुधार कार्यान्वयन गर्नको लागि केन्द्रीय सरकार, प्रान्तीय सरकार र स्थानीय सरकारको विशेष भूमिका रहन्छ। यी निकायहरूको भूमिका र जिम्मेवारीको स्पष्ट किटानी र सोही बमोजिमको कानूनी र संस्थागत संरचनाले वैज्ञानिक भूमिसुधारको प्रभावकारी कार्यान्वयनमा योगदान पुग्दछ भन्ने मान्यता रहेको छ।

- **विकेन्द्रीकरण र स्थानीय तहबाट गरिने वैज्ञानिक भूमिसुधारलाई बढावा दिने** : राज्यले लागु गर्ने वैज्ञानिक भूमिसुधारको कार्य प्रभावकारी विकेन्द्रीकरणको प्रक्रियाबाट कार्यान्वित हुनेछ। यसको अर्थ गाविस, जिविस जस्ता स्थानीय निकायलाई भूमिसुधार कार्यक्रमको महत्वपूर्ण जिम्मेवारी दिइन्छ। उनीहरूलाई निर्णय प्रक्रियाको लागि पर्याप्त जनशक्ति र स्रोत-साधनहरू पनि उपलब्ध गराइनु पर्छ। यदि यी निकायहरू निर्णय शक्ति र स्रोत-साधनको लागि केन्द्रकै भर परिराख्नु पऱ्यो भने , त्यहाँ प्रभावकारी विकेन्द्रीकरणको सम्भावना रहने छैन। विकेन्द्रीकरण किन पनि महत्वपूर्ण छ भने जग्गाजमिन, उत्पादन, पूर्वाधार, कृषि सम्बन्ध आदिसँग सम्बन्धीत स्थानीय सन्दर्भहरू ठाउँपिच्छे फरकफरक छन्। त्यसकारण विकेन्द्रीकरणबाट मात्र प्रभावकारी र न्यायपूर्ण सुधारको कार्य सम्भव हुन्छ।

- **भूमिप्रशासनको पुनसंरचना गर्ने** : भूमिसुधारलाई सफलतापूर्वक अगाडि बढाउन सक्षम भूमि प्रशासनको भूमिका महत्वपूर्ण हुन्छ। २०२१ सालको भूमिसुधारको कदम सफल नहुनाका प्रमुख कारणहरूमा कमजोर भूमिप्रशासनको संस्थागत संरचना र भू-सूचनाको अभाव हुनु रहेका थिए। हालसम्म पनि नेपालको भूमि प्रशासन केन्द्रीकृत र जटिल प्रक्रियाका कारण आम जनतासामु लोकप्रिय र प्रभावकारी हुन सकेको देखिँदैन। सर्वसाधारण जनताले सहज पहुँच र गुणस्तरीय सेवा पाउन नसकेको परिप्रेक्ष्यमा भूमिप्रशासनको प्रशासनिक, कानूनी र प्राविधिक सुधार गरी सक्षम र अधिकार सम्पन्न विकेन्द्रीत भूमिप्रशासन निकायका रुपमा विकास गर्नुपर्ने मान्यता लिइएको छ।

- **भूमि न्यायाधिकरणको व्यवस्था** : भूमि सम्बन्धी विवाद र मुद्दाहरू छिटो छरितो, सस्तो र सरल तरिकाबाट निरूपण गर्न प्रान्त वा स्थानियस्तरमा भूमि न्यायाधिकरणको व्यवस्था गर्नुपर्दछ भन्ने मान्यता रहेको छ।

- **राज्य र बजारको भूमिका** : भूमिसुधारमा राज्य र बजारको भूमिका बराबर हुन्छ। राज्यले वैज्ञानिक भूमिसुधार मार्फत सामाजिक न्याय दिने र उत्पादन बढाउन सहयोग प्रदान गर्दछ। सामाजिक न्याय भन्दा वढ्ता जग्गाको स्वामित्व किसानलाई उपलब्ध गराउन राज्यले वजार (भूमि बैङ्क) मार्फतसहयोग पुऱ्याउन सक्ने मान्यता रहेको छ।

- **भूमिसम्बन्धी सांस्कृतिक पक्षको संरक्षण** : भूमि भौतिक वस्तु मात्र नभई यो प्रकृतिले दिएको स्रोत हो जुन मानिसको धर्म संस्कृतिसंग अन्योन्याश्रित सम्बन्ध समेत रहेको हुन्छ। 'गुठी' जग्गा र सम्पदा, मन्दिर, गुम्बा, मठ ऐतिहासिक, पुरातात्विक धरोहर सम्पदा आदि लगायत अन्य सास्कृतिक महत्व भएका भूमिको संरक्षण गर्ने मान्यता राखेको छ ।

- **सहुलियत र प्रगतिशील करमा जोड** : जग्गा रजिष्ट्रेशनमा दिइएको सहुलियतले भूमिसम्बन्धी सकारात्मक परिणाम ल्याउन सकिने महिला, दलित तथा अन्य लक्षित समूहको नाममा जग्गा खरीद गर्दा लाग्ने दस्तुरमा २५% छुट दिँदा उनीहरूको नाममा भूस्वामित्व बढेको उदाहरणले देखाएको छ। यसैले चक्लाबन्दी गर्न, भूमिको सदुपयोग बढाउन र लक्ष्यित समूहको भूमिमाथिको स्वामित्व वढाउन सहुलियत प्रणालीलाई वढावा दिने धेरै जग्गाको स्वामित्व राख्ने प्रचलनलाई उपयोगमा ल्याउन प्रगतिशील करमा जोड दिने मान्यता लिइएको छ।

- **स्थानीय निकाय र समुदायलाई जिम्मेवारी र संरक्षण** : साझा र स्थानीय तवरमै प्रयोग गर्न सकिने स्रोत जस्तै सरकारी, सार्वजनिक जग्गाको संरक्षण र उपयोग, वन जंगलको संरक्षण र उपयोग, सडक सिंचाईको संरक्षण र उपयोगमा स्थानीय निकायलाई संचालन र संरक्षणमा जिम्मेवार वनाउन समुदायलाई स्वामित्व हस्तान्तरण गरी व्यवस्थापन गरिनुपर्दछ भन्ने मान्यता लिएको छ।

- **कृषि सहकारीकरण र चक्लाबन्दीलाई जोड दिने** : साना कृषकहरूको संख्या धेरै रहेको अवस्थामा "ठूलो क्षेत्रबाट हुने आर्थिक फाइदा" (Economy of Scale) प्रदान गर्न कृषि सहकारीकरणलाई प्राथमिकता दिइएको छ। त्यस्तै प्रकारले भूमिको क्षेत्रफल कम हुँदा सानो खेतीमा बाली सघनता वढी भए पनि श्रम र लगानी अनुसार फाइदा कम हुने मान्यता अनुरुप कृषिबाट बढी भन्दा बढी लाभ प्राप्त गर्न चक्लाबन्दी गरी सामुदायिक खेती, व्यावसायिक खेती गर्ने आत्मनिर्भर कृषि सहकारीको विषयमा जोड दिने मान्यता लिइएको छ। यस्ता सहकारीले खेतीमा प्रयोग हुने प्रविधि साधनको प्रयोग, उत्पादित वस्तुको विक्रीवितरण, कृषि पूर्वाधार विकास र आपसी सहयोग वृद्धि गर्न सकारात्मक भूमिका खेल्नेछन्।

- **भूउपयोग नीतिको विकास र कार्यान्वयन** : राष्ट्रिय भूमिनीति र भूउपयोग नीतिको अभावमा भूमिको समुचित उपयोग, वातावरण र जैविक विविधताको संरक्षण गरी उत्पादन र उत्पादकत्व वढाउन कठिनाई भइरहेको छ। माटोको प्रकृति, उर्वराशक्ति, भौगोलिक स्थिति, वातावरणीय संवेदनशीलता र जलवायु लगायतका आधारमा भूमिको वर्गीकरण गरी भूउपयोग गरिनुपर्ने भन्ने मान्यता लिइएको छ।

## भाग - चार

# भूमि र कृषिको वर्तमान अवस्था

भूस्वामित्वको वर्तमान अवस्था, जम्मा परिवार संख्या, त्यसमध्ये किसान परिवार संख्या, भूमिहीन किसान परिवार संख्या, सीमान्तकृत किसान परिवार संख्या, सुकुम्बासी परिवार संख्या, कृषि श्रमिकको संख्या, विभिन्न प्रकारका उपलब्ध जग्गा जमिनको क्षेत्रफल, हलिया, हरूवा, चरुवाको संख्या, कृषि र भूउपयोगका विषयमा यस भागमा विश्लेषण गरिएको छ।

### ४.१ भूस्वामित्व र वितरण :

राष्ट्रिय कृषि गणना, २०५८ अनुसार जम्मा परिवार संख्या ४२,५३,२२० रहेका छन, जसमध्ये कृषक परिवारको संख्या ३३,६४,१०० रहेको छ। कृषक परिवारको भूस्वामित्वको अवस्था तलको तालिकामा दिइएको छ।

**तालिका ४.१ : भूस्वामित्व र वितरण, २०५८**

| स्वामित्वको आकार | स्वामित्व (घरधुरी) | | | क्षेत्रफल ((हेक्टरमा) | | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | जम्मा प्रतिशत | क्षेत्रफल (हेक्टरमा) | प्रतिशत | जम्मा प्रतिशत |
| जग्गा नभएका परिवार* | २६,७०० | ०.७९ | - | ०.१ | - | - |
| जग्गा भएका परिवार | ३३,३७,४०० | ९९.२१ | - | २६,५३,९१९ | १००.० | - |
| जम्मा | ३३,६४,१०० | १००.० | - | २६,५३,९१९ | १००.० | - |
| ०.१ हे. भन्दा कम | २,६०,५७४ | ७.८१ | ७.८१ | १३,२४१.६ | ०.५० | ०.५० |
| ०.१ देखि ०.२ हे. | ३,४६,११२ | १०.३७ | १८.१८ | ४९,८६४.२० | १.८८ | २.३८ |
| ०.२ देखि ०.५ हे. | ९,७२,२५९ | २९.१३ | ४७.३१ | ३,२७,०६०.८ | १२.३२ | १४.७० |
| ०.५ देखि १.० हे. | ९,१५,६७४ | २७.४४ | ७४.७५ | ६,४१,६५९.३ | २४.१८ | ३८.८८ |
| १.० देखि २.० हे. | ५,८८,६४९ | १७.६४ | ९२.३८ | ७,९१,९६५ | २९.८४ | ६८.७२ |
| २.० देखि ३.० हे. | १,५७,०२६ | ४.७० | ९७.०९ | ३,७१,२५३ | १३.९९ | ८२.७१ |
| ३.० देखि ४.० हे. | ५१,५७३ | १.५५ | ९८.६३ | १,७५,६९०.५ | ६.६२ | ८९.३३ |
| ४.० देखि ५.० हे. | २०,२४१ | ०.६० | ९९.२४ | ८९,२५७.५ | ३.३६ | ९२.६९ |
| ५.० देखि १०.० हे. | २१,५७५ | ०.६५ | ९९.८९ | १,३९,७५०.२ | ५.२७ | ९७.९६ |
| १०.० हे. भन्दा बढि | ३,७८३ | ०.११ | १०० | ५४,२०६.७ | २.०४ | १००.० |

*स्रोत : केन्द्रीय तथ्यांक विभाग, २००६*

*(* कृषि गणनामा खेती गर्नका लागि अत्यन्तै थोरै (तराईमा ८ धुर, पहाड र हिमालमा ४ आना जग्गा र केही पशुपंक्षी भएका परिवारलाई जग्गामा कुनै स्वामित्व नभएका परिवारका रुपमा गणना गरिएको तर सो जग्गा भन्दा पनि न्यून स्वामित्व र पशुपंक्षी समेत नहुने भूमिहीन किसान परिवारहरूलाई कृषि गणनामा सम्मिलित गरिएको देखिदैन)*

## ४.२ भूमिहीन किसान, सीमान्तकृत किसान, सुकुम्बासी र कृषि श्रमिक

माथीको तालिकाको आधार लिई विभिन्न भूस्वामित्वको आकारको आधारमा देहाय अनुसार कृषक परिवारको स्तर वर्गिकरण गर्न सकिने देखिन्छ ।

**तालिका ४.१.२ : भूस्वामित्वको आकारको आधारमा परिवार समूहको स्तर वर्गिकरण**

| परिवार समूहको स्तर | जम्मा परिवार संख्या | भू स्वमित्वको आकार (हेक्टरमा) | सूचनाको स्रोत |
|---|---|---|---|
| भूमिहीन कृषक परिवार | २८७१०० | ० – ०.१ भन्दा कम | *केन्द्रीय तथ्याङ्क विभाग, २००६* |
| सिमान्त कृषक परिवार | ६,७०,००० | ०.१ – ०.३ भन्दा कम | |
| साना कृषक परिवार | ६,४८,००० | ०.३ – ०.५ भन्दा कम | |
| मध्यम कृषक परिवार | ११,३१,५६० | ०.५ – ३.० भन्दा कम | |
| ठुला कृषक परिवार | ९३,७०० | ३.० – १०.० भन्दा कम | |
| धेरै ठुला कृषक परिवार | ३,८०० | १० हेक्टर भन्दा ज्यादा | |

राष्ट्रिय कृषि गणना २०५८ अनुसार जम्मा कृषक परिवारको संख्या ३३,६४,१०० मध्ये जग्गा भएका कृषक परिवारको संख्या ३३,३७,४०० रहेको छ । यस तालीकामा भूमिहीन कृषकको संख्या निकाल्ने प्रयोजनका लागि कृषि गणनामा जग्गा नभएका परिवार र ०.१ हेक्टर भन्दा कम भूस्वामित्व हुने परिवार लाई भूमिहीन कृषक परिवारमा परिभाषित गरिएको छ । यसै गरी ०.१ हेक्टर देखि ०.३ हेक्टर सम्म भूस्वामित्व भएका परिवारलाई सिमान्त कृषक परिवार, ०.३ हेक्टर देखि ०.५ हेक्टर सम्म भूस्वामित्व भएका परिवारलाई साना कृषक परिवार, ०.५ हेक्टर देखि ३ हेक्टर सम्म भएका परिवारलाई मध्यम कृषक परिवार, ३ हेक्टर देखि १० हेक्टर सम्म भूस्वामित्व भएका परिवारलाई ठुला कृषक परिवार र १० हेक्टर भन्दा वढी भूस्वामित्व भएका परिवार लाई धेरै ठूला कृषक परिवारको रुपमा परिभाषित गरिएको छ । यसरी छ वटा स्तरमा परिवार समूहको वर्गीकरण गर्दा भूमिहीन कृषक परिवारहरूको संख्या २ लाख ८७ हजार १ सय र सीमान्तकृत कृषक परिवारहरूको संख्या ६ लाख ७० हजार रहेको देखिन्छ ।

सीमान्तकृत किसान परिवारहरूमा ज्यादै थोरै भूस्वामित्व रहने भएकाले आफूले उत्पादन गरेको खाद्यान्न उत्पादनले उनीहरूलाई ६ महिनासम्म पनि जीवन निर्वाह गर्न नसक्ने भएकाले भूमिहीन र अधिकांश सीमान्तकृत किसान कृषक परिवारले जीविकाको लागि अरूको जग्गा जोत्ने गर्दछन् । विभिन्न तथ्याङ्कहरूले यस्ता भूमिहीन र सीमान्त किसान परिवार मध्ये पनि अधिकांश विपन्न दलित तथा आदिबासी जनजातिहरू भएको पुष्टि गर्दछन ।

आफ्नै उत्पादनबाट वर्षभरी खाद्यान्न नपुग्ने कृषि घरधुरीको विवरण तलको तालिकामा दिइएको छ

**तालिका ४.१.३ : आफ्नै उत्पादनबाट बर्षभरी खाद्यान्न नपुग्ने कृषि घरधुरी, २०५८**

| कुल घरधुरी जग्गाको स्वामित्व | खाद्यान्न नपुग्ने कृषि घरधुरी | खाद्यान्न नपुग्ने कुल कृषियोग्य कृषि घरधुरी | | | |
|---|---|---|---|---|---|
| | | १-३ महिना | ४-६ महिना | ७-९ महिना | १०-१२ महिना |
| भूमिहीन | ९३.५३ | २.८३ | ८.४३ | ८.५२ | ७३.५३ |
| कूल जग्गामा स्वामित्व | ५९.९६ | १३.१५ | २६.२२ | १०.१८ | १०.१२ |
| ०.१ हे. भन्दा कम | ९५.३८ | ३.३२ | ९.७९ | १४.०० | ६७.८८ |
| ०.१ हे. - ०.२ हे. भन्दा कम | ९१.६६ | ८.५३ | ३०.९७ | २६.७६ | २५.१४ |
| ०.२ हे. - ०.५ हे. भन्दा कम | ७५.९८ | १५.३४ | ३९.२५ | १४.९७ | ५.८५ |
| ०.५ हे. - १ हे. भन्दा कम | ५१.२८ | १७.२४ | २६.९८ | ५.३६ | १.४३ |
| १ हे. - २ हे. भन्दा कम | ३२.०५ | १३.०० | १६.०८ | २.२६ | ०.५१ |
| २ हे. - ३ हे. भन्दा कम | १७.८९ | ७.४५ | ८.६९ | १.०८ | ०.४४ |
| ३ हे. - ४ हे. भन्दा कम | १४.६० | ६.४५ | ६.७२ | ०.८५ | ०.४० |
| ४ हे. - ५ हे. भन्दा कम | १०.८३ | ५.१० | ४.५० | ०.८४ | ०.२० |
| ५ हे. - १० हे. भन्दा कम | १०.४८ | ४.२५ | ४.४३ | १.३३ | ०.१३ |
| १० हे. भन्दा माथि | ११.९७ | ४.४१ | २.९९ | २.४३ | २.१४ |
| **जम्मा** | **६०.२३** | **१३.०७** | **२६.०८** | **१०.१७** | **१०.६३** |

*स्रोत : केन्द्रिय तथ्यांक विभाग २००६*

भूमिहीन किसानहरूको भूस्वामित्व नहुदा सामाजिक र राजनीतिक अधिकारबाट समेत वञ्चित भएका देखिन्छन । भूमिहीन किसानहरूको सामाजिक सशक्तीकरण कमजोर भएका कारण जग्गाधनीहरू संग सिधै विरोध गर्न नसक्ने हुंदा बाध्यतापूर्वक विभिन्न शोषणयुक्त श्रम सम्बन्ध राख्न, न्यून ज्यालामा पनि श्रम गर्न र चर्को व्याजमा ऋण लिन पनि मजवुर भएका देखिन्छन ।

राष्ट्रिय कृषिगणना, २०५८ मा कृषि गणना गर्दा किसान परिवारसँग सानो टुका जग्गा र केही पशुपंक्षी पालना गरेकालाई कृषि परिवारको रुपमा सम्मिलित गरि गणना गरिएको तर सानो टुका जग्गा र पशुपंक्षी पालना समेत नभएका परिवारहरूलाई कृषि गणनामा सम्मिलित गरिएको देखिंदैन । यसकारणवाट भूमिहीन सुकुम्बासीहरू पनि कृषि गणनामा सम्मिलित भएका देखिंदैनन् । Wily et al, 2009 का अनुसार देशभरमा गरी सुकुम्बासी परिवारहरू करिब ४ लाख ५० हजार रहेका छन् ।

सामान्यतया कृषिपेशामा श्रम गर्ने कामदारहरूलाई कृषि श्रमिक भन्ने गरिन्छ । विशेषगरी जीविका धान्नको लागि कृषिकार्यमा दैनिक ज्याला लिई खेतालाका रुपमा श्रम गर्ने कामदार वा निश्चित शर्तमा आवधिक कामदारका रुपमा (हलिया, हली, हरूवा, चरुवा, गोठाला, कम्लहरी) वा निश्चित शर्तमा वार्षिक कामदारका रुपमा कृषि पेशामा पूर्णरुपमा वा अर्धरुपमा आश्रित कामदार कृषि श्रमिक हुन । यस्ता कृषि श्रमिकहरू प्राय घरबास विहीन तथा तथा जीवन निर्वाहका लागि खेती गर्न समेत जग्गा विहीन छन । कृषि श्रमिकहरू पनि प्राय चरम श्रम र उत्पादन शोषणको अवस्थामा रहेका देखिन्छन् । तिनीहरूको ज्याला पनि निश्चित भएको पाइँदैन । पुरुषले भन्दा महिलाले कम ज्याला पाउने गर्छन् । लामो अवधि (स्थायी) का कृषिश्रमिकहरू प्रायः बधुँवारुपमा संलग्न रहेका समेत पाइएका छन् ।

प्रथम राष्ट्रिय हलिया सम्मेलन, २०६३ द्वारा प्रकाशित डडेलधुरा घोषणापत्र २०६२ का अनुसार देशभरीमा हलियाहरूको संख्या करिब ३ लाख छ। यी ३ लाख भूमिहीन हलिया मध्ये ९३ प्रतिशत हलियाहरू भूमिहीन रहेका छन् *(सिएसआरसी : भूमिअधिकारबारे पढने सामग्री)*।

**तालिका ४.१.४ : सुकुम्बासी, हलिया, हरूवा चरुवा परिवार संख्या**

| परिवार समूह | जम्मा परिवार संख्या | भूस्वामित्वको आकार (हेक्टर) | तथ्याङ्कको स्रोत |
|---|---|---|---|
| सुकुम्बासी परिवार | ४,५०,००० | ०.० | कृषि गणनामा भूमिहीन किसान परिवारसँग केही पशुपंक्षी भएकालाई कृषि परिवारको रुपमा सम्मिलित गरिएको तर ४ आना जग्गा र र पशुपंक्षी पनि नहुने भूमिहीन किसानहरूलाई कृषि गणनामा सम्मिलित गरिएको देखिदैन। त्यस्ता सुकुम्बासी परिवारको संख्या ४५०,००० भएको अनुमान छ *(Wily et al, 2009)* । |
| हलिया, हरुवा, चरुवा आदि | ३,००,००० | ०-०.१ | सिएसआरसी |

राज्यले कृषि श्रमिक परिवार, भूमिहीन किसान परिवार र सीमान्तकृत किसान परिवारहरू हरूलाई उत्साहित गरी कृषि उत्पादन र उत्पादकत्वमा परिचालन गर्न तथा यी परिवारहरूको आर्थिक सामाजिक अवस्थामा परिवर्तन ल्याउन भूस्वामित्वको अवस्थामा परिवर्तन ल्याउन जरुरी छ।

## ४.२ भूमिको उपलब्धता

नेपालको कुल भूमिको क्षेत्रफल १,४७,१८,१०० हेक्टर रहेको छ। भौगोलिक आधारमा उत्तर दक्षिण जोड्ने गरी हिमाल, पहाड र तराई गरी ३ भागमा र प्रशासनिक आधारमा पूर्वदेखि पश्चिमसम्म जोड्ने गरी पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल गरी ५ विकास क्षेत्रमा विभाजन गरिएको छ। कुल क्षेत्रफल मध्ये तराई क्षेत्रले २५,०२,१०० हेक्टर (१७%), पहाडी क्षेत्रले १,००,०८,३०० हेक्टर कूल (६८%) र हिमाली क्षेत्रमा २२,०७,७०० हेक्टर (१५%) ओगटेको देखिन्छ।

राष्ट्रिय कृषिगणना, २०५८ अनुसार कृषि भूमिको उपलब्धता तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२ : विकासक्षेत्र अनुसार कृषिभूमिको उपलब्धता २०५८**

| क्षेत्र | कृषि घरधुरी परिवार संख्या (हजारमा) | क्षेत्रफल (हेक्टरमा) | |
|---|---|---|---|
| | | कूल क्षेत्रफल | औसत क्षेत्रफल |
| **नेपाल** | **३,३६४.१** | **२,६५४.०** | **०.७८९** |
| **हिमाल** | **२९८.२** | **२१८.७** | **०.७३३** |
| पूर्वाञ्चल | ७१.३ | ६९.४ | ०.९७२ |
| मध्यमाञ्चल | १०५.५ | ६७.८ | ०.६४० |
| पश्चिमाञ्चल | ४.२ | २.४ | ०.५३२ |
| मध्य पश्चिमाञ्चल | ५०.२ | ३८.८ | ०.५४६ |
| सुदूर पश्चिमाञ्चल | ६७.० | ४०.३ | ०.५९३ |
| **पहाड** | **१,५८६.४** | **१,०३८.६** | **०.६५५** |
| पूर्वाञ्चल | २८२.८ | २५६.६ | ०.८९१ |
| मध्यमाञ्चल | ४२९.२ | २३७.० | ०.५५० |
| पश्चिमाञ्चल | ४८५.२ | ३०२.८ | ०.६२५ |
| मध्य पश्चिमाञ्चल | २५३.९ | १७१.७ | ०.६४८ |
| सुदूर पश्चिमाञ्चल | १३५.३ | ७०.७ | ०.५२१ |
| **तराई** | **१,४७९.५** | **१,३९६.७** | **०.९४४** |
| पूर्वाञ्चल | ४५५.९ | ४६९.५ | ०.९१५ |
| मध्यमाञ्चल | ५०१.१ | ४४५.४ | ०.८५५ |
| पश्चिमाञ्चल | २२६.५ | २०७.० | ०.८८४ |
| मध्य पश्चिमाञ्चल | १६५.४ | १६०.२ | ०.९५३ |
| सुदूर पश्चिमाञ्चल | १३०.६ | ११४.६ | ०.८७७ |

*स्रोत : केन्द्रीय तथ्यांक विभाग, २००६*

माथिको तालिका अनुसार, प्रतिपरिवार औसत क्षेत्रफल ०.७८९ हेक्टर जग्गा उपलब्ध रहेको देखिन्छ । प्रतिपरिवार तराई क्षेत्रमा क्रमशः सबैभन्दा बढी ०.९४४ हेक्टर क्षेत्रफल, हिमाली क्षेत्रमा ०.७३३ हेक्टर क्षेत्रफल र पहाडी क्षेत्रमा सबैभन्दा कम ०.६५५ हेक्टर क्षेत्रफल उपलब्ध रहेको देखिन्छ ।

## ४.३ भूमिको खण्डीकरण

राष्ट्रिय कृषिगणना, २०५८ अनुसार भूमिको खण्डीकरणको स्थिति तलको तालिकामा देखाइएको छ :-

**तालिका ४.३.१ : भूमिको खण्डीकरण स्थिति (२०१८-२०५८)**

| समुह | २०१८ साल | २०२८ साल | २०३८ साल | २०४८ साल | २०५८ साल |
|---|---|---|---|---|---|
| जम्मा कृषक परिवार (हजारमा) | १५४०.० | १७२१.२ | २१९४.० | २७३६.१ | ३,३६४.१ |
| क्षेत्रफल (हजार हेक्टरमा) | १६८५.४ | १६५४.० | २४६३.७ | २५९७.४ | २६५३.९ |
| कित्ता संख्या | १०३१८.२ | १२२८२.५ | ९५१६.४ | १०८०६.२ | १०,९८७.४ |
| औसत कित्ता जग्गा प्रती परिवार | ६.८ | ७.२ | ४.४ | ४.० | ३.३ |
| औसत कित्ता जग्गा क्षेत्रफल (हेक्टर) | ०.१६ | ०.१३ | ०.२६ | ०.२४ | ०.२४ |

*स्रोत : केन्द्रीय तथ्यांक विभाग, २००६*

**तालिका ४.३.२ : भूमिको खण्डीकरण स्थिति (२०१८-२०५८)**

| समुह | २०१८ साल | २०२८ साल | २०३८ साल | २०४८ साल | २०५८ साल |
|---|---|---|---|---|---|
| औसत कित्ता जग्गा प्रति परिवार | ६.८ | ७.२ | ४.४ | ४.० | ३.३ |
| औसत कित्ता जग्गा क्षेत्रफल (हेक्टर) | ०.१६ | ०.१३ | ०.२६ | ०.२४ | ०.२४ |
| १-२ हेक्टर क्षेत्रफल हुने परिवार संख्या (% मा) | ११.९ | ११.१ | १७.३ | १९.६ | १७.६ |
| २-३ हेक्टर क्षेत्रफल हुने परिवार संख्या (% मा) | ५.२ | ५.० | ७.२ | ६.२ | ४.७ |
| ३-४ हेक्टर क्षेत्रफल हुने परिवार संख्या (% मा) | २.७ | २.३ | ३.५ | २.२ | १.५ |
| ४- ५ हेक्टर क्षेत्रफल हुने परिवार संख्या (% मा) | १.५ | १.२ | १.९ | १.१ | ०.६ |
| ५-१० हेक्टर क्षेत्रफल हुने परिवार संख्या (% मा) | २.६ | २.१ | २.७ | १.२ | ०.६ |
| १० हेक्टर क्षेत्रफल भन्दा वढी हुने परिवार संख्या (% मा) | १.० | ०.७ | ०.७ | ०.३ | ०.१ |

*स्रोत : केन्द्रीय तथ्यांक विभाग, २००६*

माथिको तालिका अनुसार, विगत दशकको अवधिमा कित्ता जग्गाको संख्या क्रमिक रुपमा वढिरहेको र प्रतिकित्ताको औसत क्षेत्रफल घटिरहेको देखिंदा भूमिको खण्डीकरणको क्रमिक रुपमा वढ्दै गइरहेको देखिन्छ। जनसंख्या वृद्धि, अंशबन्डा, जग्गा जमिनमै लगानी गर्ने र त्यसबाट लाभ लिन जग्गा विक्रीवितरण गर्ने प्रवृत्ति नै भूमिको खण्डीकरण हुनुका प्रमुख कारणहरू हुन्। यसरी आवश्यक भन्दा स साना टुक्रामा जग्गा परिणत हुँदै जाँदा सिंचाइको पूर्वाधार विकास गर्न, कृषिका आधुनिक प्रविधिहरू प्रयोग गर्न र श्रमज्याला समेत वढन गइ लगानी बढने तर उत्पादन घट्ने हुन्छ।

माथिको तालिकाले, विगत चार दशकको अवधिमा १ देखि २ हेक्टर क्षेत्रफल भूस्वामित्व हुने परिवारहरूको संख्या क्रमिक रुपमा वृद्धि भैरहेको, २ देखि ३ हेक्टर क्षेत्रफल भूस्वामित्व हुने परिवारहरूको संख्या करिव करिव स्थिर रहेको र ३ हेक्टर भन्दा वढी क्षेत्रफल भूस्वामित्व हुने परिवारहरूको संख्या घटदै गैरहेको देखिन्छ। यसरी ३ हेक्टर भन्दा वढी क्षेत्रफल भूस्वामित्व हुने परिवारहरू १ देखि ३ हेक्टर क्षेत्रफल भूस्वामित्व हुने परिवारहरूमा रुपान्तरण भैरहेको देखिन्छ। यसरी पनि भूमिको खण्डीकरणमा वृद्धि भइरहेको अवस्था छ।

## ४.४ भूउपयोग

मानिसको विभिन्न आवश्यकता पूरा गर्ने प्रयोजनका लागि भूमिलाई क्षमता र गुणको आधारमा वर्गीकरण गरी विभिन्न रुपमा प्रयोग गरिने गर्दछ। विशेष गरी कृषि, आवास, औद्योगिक, वन आदि मुख्य भूउपयोग क्षेत्र हुन। नेपालको सन्दर्भमा भूउपयोगका सम्वन्धमा देहायअनुसार प्रयोगमा आएको देखिन्छ।

कृषिक्षेत्र नेपालको एक महत्वपूर्ण भूउपयोगको क्षेत्र हो। राष्ट्रिय कृषिगणना, २०५८ अनुसार सम्पूर्ण कित्ता (होल्डिङ्) ले ओगटेको क्षेत्रफल २६,५३,९०० हेक्टर रहेको देखिन्छ। यसमध्ये करीव ९४ प्रतिशत (२४,९७,७०० हेक्टर) कृषि क्षेत्रमा र बाँकी करिब ६ प्रतिशत (१,५६,३०० हेक्टर) गैर-कृषि क्षेत्रमा भूमिको उपयोग भएको देखिन्छ। कृषि क्षेत्रमा उपयोग भएको भूमि मध्ये करिब ९४.४ प्रतिशत खेतीपातीमा, ४.७ प्रतिशत स्थायी बालीविरुवामा, ०.८ प्रतिशत चरनमा र ०.१४ प्रतिशत पोखरी तालतलैयाहरूमा रहेको देखिन्छ।

यसैगरी गैह्रकृषि क्षेत्र अर्को महत्वपूर्ण भूउपयोगको क्षेत्र हो । गैह्रकृषि क्षेत्रमा उपयोग भएको भूमि मध्ये करिब २३.८ प्रतिशत वन जंगल र ७६.२ प्रतिशत जग्गा 'अन्य' उपयोगमा रहेको देखिन्छ ।

नेपालको अर्को महत्वपूर्ण भूउपयोगको क्षेत्र वनक्षेत्र हो । पहाडी क्षेत्रको वन वातावरणीय दृष्टिकोणबाट अति संवेदनशील सार्वजनिक सम्पदा पनि हो । वन डायरी, २०६३/६४ का अनुसार हिमाली क्षेत्रमा १,९७,३०० हेक्टर, उच्च पहाडी क्षेत्रमा १७,५७,००० हेक्टर, मध्य पहाडी क्षेत्रमा २०,५६,८०० हेक्टर, चुरे क्षेत्रमा १३,२९,६०० हेक्टर, र तराई क्षेत्रमा ४,८७,३०० हेक्टर, गरी जम्मा वन तथा भाडी बुट्यान क्षेत्र ५८,२८,००० हेक्टर रहेको देखिन्छ । अर्थात् वन तथा भाडी बुट्यान क्षेत्रले कूल क्षेत्रफलको ३९.६ प्रतिशत ओगटेको देखिन्छ । साथै कूल वनजंगल क्षेत्रको १०.६ प्रतिशत बिग्रेको वनक्षेत्र रहेको देखिन्छ ।

विकासक्षेत्र अनुसार वन तथा भाडी बुट्यान क्षेत्र निम्नानुसार रहेको छ :-

**तालिका ४.४ : विकासक्षेत्र अनुसार वन तथा भाडी बुट्यान क्षेत्र**

| भौगोलिक क्षेत्र | कूल वन क्षेत्र (हेक्टरमा) | भाडी बुट्यान क्षेत्र (हेक्टरमा) |
|---|---|---|
| सुदूर पश्चिमाञ्चल | ६,८७,४०० | २,६३,९०० |
| मध्य पश्चिमाञ्चल | ११,९२,४०० | ४,४२,००० |
| पश्चिमाञ्चल | ७,३४,३०० | २,५६,९०० |
| मध्यमाञ्चल | ९,१८,६०० | २,३३,८०० |
| पूर्वाञ्चल | ७,३६,१०० | ३,६२,६०० |
| **जम्मा** | **४२,६८,८००** | **१५,५९,२००** |
| **प्रतिशतमा** | **२९.०** | **१०.६** |

*स्रोत : वन अनुसन्धान तथा सर्भेक्षण विभाग, १९९६*

## ४.५ सरकारी, सार्वजनिक जग्गा

भूमिसुधार तथा व्यवस्थापन विभागबाट प्रकाशित तथ्याङ्क अनुसार कूल सरकारी, सार्वजनिक जग्गाको विवरण निम्नानुसार रहेको छ :-

**तालिका ४.५ : सरकारी र सार्वजनिक जग्गाको विवरण**

| जग्गाको विवरण | जम्मा कित्ता संख्या | जम्मा क्षेत्रफल | |
|---|---|---|---|
| | | विगाह | रोपनी |
| सरकारी र सार्वजनिक जग्गा | १०,८०,४९२ | २३,५९,२४५ | ३,३१,७८,१४१ |
| सरकारी निकायका नाममा रहेको जग्गा | २५,६०३ | १५,३२६ | १,१०,५१४ |
| भोगाधिकार दिएको जग्गा | १०८ | २२० | २,८५० |

*स्रोत : भूमिसुधार तथा व्यवस्थापन विभाग, आ.व. २०६४/०६५ को वार्षिक प्रतिवेदन*

## ४.६ गुठी सम्पदा तथा गुठी जग्गा

२००७ साल अगाडि राजगुठी मध्ये अमानत गुठीको राज्य आफैंले र छुट गुठी तथा निजीगुठीको संचालन लिखत परम्परा अनुसार गुठियारबाट हुने व्यवस्था रहेको थियो । २००७ साल पछि गुठीसंस्थान स्थापना हुनुपूर्व गुठी व्यवस्थापन अर्थमन्त्रालय अन्तर्गत थियो । 'गुठी संस्थान ऐन २०२१' लागु भएपछि राजगुठीको बन्दोवस्त तथा संचालन गुठीसंस्थानबाट र निजी गुठीको संचालन सम्बन्धित गुठियारबाट हुने व्यवस्था रहिआएको पाइन्छ ।

गुठीसंस्थान आफैंले अमानतमा संचालन गर्ने अमानत गुठीको जम्मा संख्या १,०५७ गुठी संस्थानले तोकेको व्यक्ति वा संस्थाले संचालन गर्ने छुट गुठी संख्या १,०५० र छुट तथा अमानत नखुलेको गुठी संख्या १४५ समेत गरी राजगुठीको कूल संख्या २३३५ रहेको छ । त्यसमध्ये काठमाडौं उपत्यकामा मात्र अमानत गुठी ५५७ र छुट गुठी ५५० गरी जम्मा राजुगठी संख्या १,१०७ अर्थात् ४७.४० प्रतिशत रहेको छ ।

राजगुठी बाहेकका व्यक्तिगत रुपमा गुठी स्थापना गर्नेले तोकिदिएका गुठियार तथा तिनका सन्ततिले चलाउनु पर्ने गुठीहरू निजी गुठी हुन् । यस्ता निजी गुठीमा व्यक्तिगत, पारिवारिक, सामुदायिक, सामाजिक, सार्वजनिक गुठी पर्दछन् । निजीगुठीहरूको संख्या कहाँ के कति छ र कुन अवस्थामा छ भन्ने कुराको एकीकृत अभिलेख नभए पनि यस्ता निजीगुठीको संख्या राजगुठीभन्दा बढी रहेको रहेको अनुमान छ ।

राजगुठी अन्तर्गत गुठी रैतान नम्बरी, गुठी अधीनस्थ, गुठी तैनाथी र गुठी नम्बरी गरी ४ प्रकारका गुठी जग्गा रहेका छन् । रैतान नम्बरी रैकरसरह व्यक्तिका नाममा र अन्य ३ प्रकारका जग्गा सम्बन्धित गुठीको नाममा दर्ता रहने व्यवस्था छ । ६८ जिल्लामा राजगुठी जग्गाको दर्ताविवरण निम्नानुसार रहेको छ :-

**तालिका ४.६ : राजगुठीको स्वामित्वको जग्गा**

| **जग्गाको किसिम** | **क्षेत्रफल** | | **जम्मा क्षेत्रफल (हेक्टरमा)** |
|---|---|---|---|
| | रोपनीमा अभिलेख भएको | बिगाहमा अभिलेख भएको | |
| गुठी रैतान नम्बरी | ३,१५,४७२ | ६२,२५६ | ५८,२१२ |
| गुठी अधीनस्थ | २,४३,६०७ | २,१९६ | १३,८८० |
| गुठी तैनाथी | २,९११ | १,८७८ | १,४२० |
| गुठी नम्बरी | विवरण उपलब्ध छैन | विवरण उपलब्ध छैन | – |
| **जम्मा** | **५,६१,९९०** | **६६,३३०** | **७३,५१२** |

*स्रोत : गुठी संस्थान, २०६६*

## ४.७ मोही किसान

भूमिसुधार तथा व्यवस्थापन विभागको आ.व. ०६५/६६ को वार्षिक प्रतिवेदन अनुसार दर्तावाल मोही किसानहरूको संख्या, मोही सम्बन्धी मुद्दा र जग्गा बाँडफाँट वापत जग्गाधनी र मोहीले पाएको रकम सम्बन्धी विवरण तालिका ४.९ मा दिइएको छ ।

**तालिका ४.७ : दर्तावाल मोहीहरूको संख्या र मोही मुद्दा सम्बन्धी विवरण**

| मोही संख्या सम्बन्धी | | | मोही मुद्दा सम्बन्धी | | |
|---|---|---|---|---|---|
| आ. व ०६४/६५ सम्म जम्मा मोही संख्या | आ. व ०६५/६६ मा फछ्र्यौट भएको मोहीको संख्या | जम्मा बाँकी मोही संख्या | परेको | फछ्र्यौट | बाँकी |
| १,६९,४७४ | ८,८५८ | १,६०,६१६ | ४९,४२३ | १४,५८३ | ३४,८४० |

*स्रोत : भूमिसुधार तथा व्यवस्थापन विभागको ०६५/६६ को वार्षिक प्रतिवेदन ।*

## ४.८ तटबन्द निर्माण र नदी उकास

नदी नियन्त्रण तथा व्यवस्थापन विभागवाट जनताको तटबन्द कार्यक्रम अन्तर्गत आ.व. २०६५।६६ देखि देशका निम्न मुख्य नदीहरूमा आगामी ५ बर्षका लागि तटवन्ध निर्माण गर्ने कार्यक्रम संचालन भइरहेको र उक्त नदीहरूको नियन्त्रणवाट उकास हुने भूमि निम्नानुसार रहेको छ :-

**तालिका ४.८ : तटवन्ध निर्माण नियन्त्रणवाट उकास हुने जमिन**

| सि.नं. | नदीको नाम | उकास हुने भूमि (हेक्टर) |
|---|---|---|
| १ | कन्काई, झापा | ४९० |
| २ | रतुवा मावा | ३१२ |
| ३ | लखनदेही | ५०० |
| ४ | झीम | ५०० |
| ५ | रातो | ४७० |
| ६ | नारायणी | १,४२० |
| ७ | दानव-तिनाउ | ३३९ |
| ८ | पश्चिम राप्ती | ६९२ |
| ९ | दोधा | ५०० |
| १० | महाकाली | ११३ |
| **जम्मा** | | **५,३३६** |

*स्रोत : जनताको तटबन्ध कार्यक्रम संयोजकको कार्यालय, २०६६*

उक्त तालिका अनुसार, तटवन्ध निर्माणवाट जम्मा १,४५५.०६८ हेक्टर क्षेत्रफल जग्गा नदी उकास हुने लक्ष्य रहेको देखिन्छ ।

## ४.९ महिला र भूस्वामित्व

कुल जनसंख्याको ५१.१ प्रतिशत महिला छन् । १५ प्रतिशत घरधुरीका मूली महिला छन् । कुल कृषि उत्पादनमा महिलाको योगदान ६०.५ प्रतिशत र पुरुषहरूको ३९.५ प्रतिशत छ । जव कि भूमिमाथिको कानूनी स्वामित्व भने पुरुषको ८९.१७ प्रतिशत छ भने महिलाको जम्मा १०.८३ प्रतिशत मात्र पाइन्छ । घर र खेतीको जग्गा दुवैको मालिक हुने महिला जम्मा ४ प्रतिशत मात्र छन् ।

## ४.१० आदिबासी जनजाति र भूस्वामित्व

आदिबासी जनजातिभित्र पनि एक जातिसमूह र अर्को जातिसमूहको भूस्वामित्वको अवस्थामा फरक फरक रहेको तथ्थाङ्कले देखाउँछ । तर समग्रमा भूस्वामित्वको अधिकार दलितपछि आदिबासी जनजातिको न्यून रहेको देखिन्छ ।

विभिन्न आदिबासी जनजातिहरूको भूस्वामित्व सम्बन्धी विवरण निम्नानुसार रहेको छ :-

**तालिका ४.१० आदिबासी जनजाति समूह अनुसार भूस्वामित्वको अवस्था**

| जनजाति समूहहरू | भूमिहीन (प्रतिशत) | अर्ध भूमिहीन | अत्यन्तै न्यून जमिन भएका | थोरै जमिन भएका | सामान्य जमिन भएका | मध्यम समूहरू | धेरै जमिनमा खेती गर्ने | जम्मा घरधुरीहरू |
|---|---|---|---|---|---|---|---|---|
| जनजाति समूहहरू सन्थाल, झाँगड, किसान, मुन्डा | ५८.४६ | ४.१ | १०.४४ | ७.०७ | ९.५ | ८.७६ | ०.८६७ | १६,९१० |
| राउटे, कुस्वाडिया, कुसन्डा | ४६.१२ | ६.१२ | २०.४१ | १५.५१ | ९.३९ | २.०४ | ०.४१ | २४५ |
| राजवंशी (कोचे), धिमाल, ताजपुरिया, मेचे | ४५.७८ | ६.१२ | १०.८९ | ९.०९ | ११.८५ | १२.८८ | ३.३९ | ३३,५९७ |
| धानुक | ३४.०४ | ७.७९ | २५.६६ | १४.२ | १०.६७ | ६.४५ | १.२ | ३३,५९७ |
| जनजाति शेर्पा, भोटे, वालुङ | ३२.४ | ३.८१ | २०.४५ | १८.२७ | १४.३५ | ८.६७ | २.०४ | ३५,७३१ |
| माझी, बोटे र राजी | ३१.६४ | १५.०७ | २८.९१ | १४.२२ | ७.११ | २.७१ | ०.३३ | १५,००५ |
| गुरुङ | २६.८५ | ६.३६ | ३०.५३ | २१.५ | ११.१ | ३.२५ | ०.४१ | १,१०,५७४ |
| थारु | २२.८३ | ६.३६ | १७.९३ | १५.६५ | १९.२५ | १५.१८ | २.७९ | २,३५,५०० |
| कुमाल, सुनुवार, दनुवार, भुजेल, पहरी, बराम | २०.०४ | १०.५९ | ३२.८४ | ०.२८ | ११.६ | ४.१३ | ५.१ | ७२,७१५ |
| राई | २०.०४ | ४.८९ | २४.९७ | २४.२४ | १७.६९ | ७.४ | ०.७६ | १,२५,२९७ |
| तमाङ | १६.६९ | ६.९३ | ३१.२९ | २६.७३ | १४.१८ | ३.८५ | ०.३२ | २,३९,७५५ |
| लिम्बू | १५.८३ | ४.५७ | २७.०६ | २५ | १८.६७ | ७.९५ | ०.९१ | ६७,९१६ |
| मगर | १४.४१ | ५.८८ | ३३.३३ | २६.५३ | १४.७१ | ४.५१ | ०.६३ | २,९६,३१३ |
| धार्मिक समूहहरू (मुस्लिम, क्रिस्चियन) | ४०.३७ | ६.३९ | १९.५४ | १३.१८ | ११.१९ | ७.४ | १.९४ | १,४९,०३६ |
| नेपाल | २४.४४ | ६.९८ | २७.५९ | २०.१५ | १३.४२ | ६.२५ | १.१७ | ४१,७४,३७४ |

*स्रोत : नेपाल मानव विकास प्रतिवेदन, युएनडिपि २००४ ।*

पिछडिएका आदिबासी जनजाति समूहहरू प्रायः भूमिहीन वा अर्ध-भूमिहीन रहेका छन् । करिब ६० प्रतिशत सन्थाल, झाँगड, किसान र मुन्डा समूहका परिवार भूमिहीन रहेका छन् भने, ५ प्रतिशत समूहहरू अर्ध-भूमिहीन रहेका देखिन्छन् ।

## ४.११ दलित र भूस्वामित्व

समग्रमा भूस्वामित्वको अधिकारमा सबै दलितहरूको भूस्वामित्व सबभन्दा न्यून रहेको देखिन्छ। दलितहरूको भूस्वामित्व र वितरण सम्बन्धी विवरण निम्नानुसार रहेको छ :-

**तालिका ४.११ : दलितहरूको भूस्वामित्व र वितरण सम्बन्धी विवरण**

| श्रेणी | प्रतिशत |
|---|---|
| पूर्ण भूमिहीन | २३.०० |
| ५ रोपनीभन्दा कम | ४८.७ |
| ६-१० रोपनी | १५.६ |
| १०-२० रोपनी | ९.६ |
| २१ रोपनी भन्दा बढी | ३.१ |
| | १०० |

*स्रोत : राष्ट्रिय दलित आयोग, २००२*

यस तालिकाले पहाडी र मधेसी दलित गरी जम्मा २३ प्रतिशत दलित भूमिहीन भएको देखाउँछ। त्यसमाथि पनि मधेशी दलित र भूमिहीनता पर्यायवाची जस्ता देखिन्छन्। मधेशी दलित (चमार, भाँक, सतार, तत्मा, दुसाध, मुसहर, घाँकर र बादी) को ठूलो हिस्साको लगभग ५० प्रतिशत भन्दा बढी परिवार) भूमिहीनकै श्रेणीमा पर्छन्। तर धेरैजसो पहाडे दलित (कामी, दमाईं, सार्की) सीमान्त किसानको रुपमा छन्। देशको करिव २१ प्रतिशत खेतीयोग्य भूमि मध्ये १ प्रतिशत मात्र दलितको स्वामित्वमा रहेको देखिन्छ। कृषियोग्य भूमि २ रोपनीभन्दा कम जग्गा भएका दलित ७५ प्रतिशत छन्। मधेसी दलितमा २ रोपनी भन्दा कम हुने प्रतिशत ९० छ। करिव ३.१ प्रतिशत दलित परिवार (औसत ५ जनाको एक परिवार) सँग मात्र २० रोपनी जग्गाको स्वामित्व भएको देखिन्छ।

राष्ट्रिय अवस्थासँग दलितहरूको सामाजिक, आर्थिक दृष्टिकोणबाट तुलना गरिएको विवरण निम्नानुसार रहेको छ :-

**तालिका ४.११.१ : राष्ट्रिय अवस्थासँग दलितको तुलनात्मक सामाजिक, आर्थिक सूचक सम्बन्धी विवरण**

| सूचकहरू | मान नाप (दलित) | मान नाप (राष्ट्रिय औसत) |
|---|---|---|
| औसत आय (ने.रु.) | १३,३४० | २०,६८९ |
| शैक्षिक उपलब्धि सूचकाङ्क | ०.१८६ | ०.२९५ |
| गरिबी प्रतिशत | ४७ | ३१ |
| मानव विकास सूचकाङ्क | ०.२३९ | ०.३२५ |
| स्नातक र माथि | ०.४% | ३.४% |
| भूमिहीनता | पहाडी दलित ४०% मधेसी दलित ९५% | २४.४% |
| सशक्तीकरण र समावेशीकरण | ०.३ | ०.४ |

*स्रोत : नेसेक (१९९८), विश्वकर्मा (२००५), सिविएस (२००२), वेनेट (२००६)*

यस तालिकाले दलितको गरिवी राष्ट्रिय औसतभन्दा १७ प्रतिशतले बढी भएको तर भूमिहीनता भने राष्ट्रिय औसतभन्दा पहाडी दलितको करिव १५ प्रतिशत र मधेशी दलितको करिव ७० प्रतिशतले वढी देखिन्छ। त्यसैगरी दलितहरूको अन्य स्रोतमाथि पनि न्यून पहुँच भएको देखिन्छ।

## ४.१२ कृषि उत्पादन र उत्पादकत्व

नेपालमा एक तिहाइ (३१ प्रतिशत) जनसंख्या निरपेक्ष गरिबीको रेखामुनि छन्  र यी मध्ये अधिकांश ( ८० प्रतिशतभन्दा वढी) कृषिपेसामा निर्भर छन् । कृषिबाहेक अन्य वैकल्पिक आयस्रोत नभएकाले कष्टपूर्ण जीवनयापन गर्न विवश छन् । तर कृषि क्षेत्रको समग्र उत्पादन र उत्पादकत्व उत्साहबर्द्धक छैन ।

राष्ट्रिय कृषिगणना, २०५८ अनुसार कृषिभूमि र खेतीयोग्य भूमिको अवस्थाको तुलनात्मक विवरण निम्न तालिकामा दिइएको छ ।

**तालिका ४.१२ कृषिभूमि र खेतीयोग्य भूमिको अवस्था**

| विवरण | गणना वर्ष (हजार हेक्टरमा) | | | | |
|---|---|---|---|---|---|
| | २०१८ | २०२८ | २०३८ | २०४८ | २०५८ |
| जम्मा भूमि | १,६८५.४ | १,६५४.० | २,४६३.७ | २,५९७.४ | २,६५३.८ |
| कृषि भूमि (Agricultural Land) | १,६२५.४ | १,५९२.३ | २,३५९.२ | २,३९२.९ | २,४९७.७ |
| खेतीयोग्य भूमि (Arable Land) | १,५९१.९ | १,५६७.० | २,२८७.५ | २,३२३.४ | २,३५७.० |
| जम्मा जमिनको अनुपातमा कृषि भूमि | ९६.५ | ९६.३ | ९५.८ | ९२.१ | ९४.१ |
| जम्मा जमिनको अनुपातमा खेती योग्य भूमि | ९४.५ | ९४.७ | ९२.८ | ८९.५ | ८८.८ |
| गैह्रकृषि भूमि | ५९.० | ६१.७ | १०४.५ | २०४.५ | १५६.३ |
| जम्मा जमिनको अनुपातमा गैह्रकृषि भूमि | ३.५ | ३.७ | ४.२ | ७.९ | ५.९ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २००६*

तालिका अनुसार कृषियोग्य भूमि २०१८ देखि २०५८ सम्मको अवधिमा बढेको देखिन्छ। स्थायी बाली हुने जग्गा २०३८ देखि २०५८ सम्म ४२.५ हजार हेक्टरबाट घटेर १९.७ हजार हेक्टरमा पुगेको देखिन्छ। गैर कृषितर्फ २०१८ मा  ५९ हजार हेक्टरबाट २०४८ सम्ममा २०५ हेक्टरमा वृद्धि भएको देखिन्छ। तर २०५८ मा आइपुग्दा अकस्मात् घटेर यो संख्या १५६.३ हजार हेक्टर भएको पाइन्छ।

यसरी कृषिभूमि वर्षेनी बढ्दै गएको देखिए तापनि कृषिभूमिको क्षेत्रफल मध्ये कति प्रतिशतमा खेती भइरहेको छ भन्ने कुराले मात्र खाद्य सुरक्षामा यसले कति योगदान गर्छ भन्ने कुराको निर्धारण गर्दछ ।

कृषिको उत्पादनशीलता बढाउन अत्यावश्यक पर्ने सिंचाइमा पर्याप्त लगानी हुन नसक्दा आज पनि ३० प्रतिशतभन्दा कम मात्र कृषिभूमिमा सिंचाइ सुविधा उपलब्ध छ (कृषि मंत्रालय, २०६६) । यो सिंचित जमिनमा समेत विभिन्न समस्याहरूका कारणले वर्षैभरि पानी उपलब्ध हुनसक्ने अवस्था हुँदैन। सरकारले भूमिगत सिंचाइमा दिंदै आएको सहुलियत कटौती गरिदिनाले सिंचाइको क्षेत्र विस्तार हुन सकेको देखिंदैन ।

जलवायु परिवर्तनको कारणले समयमा वर्षा हुन नसक्दा कृषि उत्पादन र उत्पादकत्वमा समेत प्रत्यक्ष असर परेको देखिन्छ ।

अर्को पक्ष अनुपस्थित जग्गाधनीका कारणले सिंचित क्षेत्रमा समेत जग्गाको अधिकतम सदुपयोग हुन सकेको छैन र कृषि उत्पादन र उत्पादकत्वमा प्रत्यक्ष असर परिरहेको देखिन्छ ।

रसायनिक मल एवम् विषादिहरूको वैज्ञानिक प्रयोगमा ध्यान पुग्न नसक्दा कतिपय स्थानमा अधिक प्रयोगका कारणले माटो र समग्र कृषि पर्यावरण बिग्रँदै गएको छ भने कतै रासायनिक मलको समेत उपलब्धता शून्यको अवस्थामा छ । तराई क्षेत्रमा असन्तुलित रसायनको प्रयोगले माटोको गुणस्तर बिग्रने क्रममा छ । हाल सरकारले रासायनिक मलको आपूर्तिका लागि निजी क्षेत्रको संलग्नतालाई जोड दिएको परिप्रेक्ष्यमा मलको गुणस्तरीय आपूर्तिमा समस्या पैदा भएको छ ।

त्यस किसिमको समस्या विउको आपूर्तिमा समेत विद्यमान छ । ठाउँ र कृषकको आवश्यकता सुहाउँदो प्रविधिको विकासमा पर्याप्त अनुसन्धान हुन नसक्दा कृषकहरू परम्परागत प्रविधिमा भर पर्नु पर्ने बाध्यतामा छन् ।

त्यस्तै जमिनको अत्याधिक खण्डीकरण, श्रमशक्तिको पलायन, विश्वव्यापीकरणका नकारात्मक प्रभाव, जलवायु परिवर्तन जस्ता नयाँ समस्याहरूसमेत यस क्षेत्रमा चुनौतीको रुपमा थपिएका छन् ।

यसरी एकातिर कृषिक्षेत्रमा चुनौतीहरू वर्षेनी थपिंदै गएका छन् भने अर्कोतर्फ सरकार लगायत वैदेशिक सहायता दिने दातृनिकायहरूले कृषिक्षेत्रको विकासका लागि गर्ने लगानीमा प्राथमिकता कम हुँदै गएको देखिन्छ । नेपाल सरकारले हालका वर्षहरूमा कूल बजेटको २.५ देखि ३ प्रतिशतसम्म मात्र कृषिमा लगानी गर्ने गरेको देखिन्छ ।

कृषिक्षेत्रको मन्द गतिको वृद्धिका कारणले गर्दा गैरकृषि क्षेत्रको विकास समेत अवरुद्ध हुन पुगेको छ । यसले गर्दा गैर कृषिक्षेत्रमा रोजगारीको अवसरको कमी हुँदै गएको देखिन्छ । साथै कृषिक्षेत्रमा रहेको अतिरिक्त श्रमशक्ति गैरकृषि क्षेत्रमा स्थानान्तरण गर्न सकिएको छैन ।

## भाग - पाँच

# वैज्ञानिक भूमिसुधारका प्रमुख सवाल र सुझावहरू

## ५.१ भूमिमाथि न्यायपूर्ण पहुँच र स्वामित्व

### सवाल १ : भूमिको असमतामूलक वितरण

भूमिको समतामूलक वितरण नहुनु भूमिसुधारको एउटा महत्वपूर्ण सवाल हो। खेतीयोग्य भूमिको ठूलो क्षेत्रफल गैरकृषि पेशामा संलग्न परिवारको स्वामित्वमा हुनु र कृषिपेशामा संलग्न परिवारको नगन्य स्वामित्व रहेकाले उत्पादन वृद्धि अपेक्षित रुपमा हुन सकेको छैन। यसबाट उत्पादनको साधनको वितरण र उत्पादित वस्तुको उपभोगमा पनि अन्यायपूर्ण अवस्था सिर्जना भएको छ।

भूमिको असमतामूलक वितरण र भूस्वामित्वको अवस्थामा परिवर्तन गरी सामाजिक न्याय कायम गर्न, कृषिमा आफैं संलग्न र श्रम गर्ने परिवारको भूस्वामित्व स्थापित गराई कृषिउत्पादन वृद्धि गर्न, कृषिजन्य उद्योगलाई प्रोत्साहन गरी औद्योगीकरणको पूर्वाधार खडा गर्न हालको भूमिमा रहेको हदबन्दी घटाउन जरुरी देखिन्छ।

### (अ) सुझावहरू

(क) विविधतापूर्ण भौगोलिक बनावट, माटोको उर्वर क्षमता, कृषि पूर्वाधार विकास, मूल्याँकन, भूउपयोग र परिवारको उत्पादन क्षमताको सीमितता समेतलाई प्रमुख आधार मानी घरघडेरी वा आवास प्रयोजनका लागि र खेतीयोग्य कृषिभूमिको लागि छुट्टाछुट्टै हदबन्दी व्यवस्था लागु गर्ने।

(ख) घरघडेरी वा आवास प्रयोजनका लागि देशभरिमा गरी प्रतिपरिवार अधिकतम ६ रोपनी वा ९ कठ्ठा वा ३,०५२.४० वर्ग मिटर नबढाई मात्र जग्गा राख्न पाउने। (१ हेक्टर = १०,००० वर्ग मिटर वा १,०७,६३९.१० वर्ग फिट )

(ग) घरघडेरी वा आवास प्रयोजनका लागि ३ आना वा ५ धुर वा ९५.४० वर्गमिटर र कृषि प्रयोजनका लागि ५ कठ्ठा वा १६९३ वर्गमिटर क्षेत्रफल भन्दा कम हुने गरी कित्ताकाट गर्न र बिक्रीवितरण वा हक हस्तान्तरण गर्न नपाइने।

(घ) कृषिभूमिको लागि प्रतिपरिवारले काठमाडौं उपत्यकाका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रभित्रमा भए १० रोपनी (५०८७.४० वर्गमिटर) वा नगरपालिका बाहेकको काठमाडौं उपत्यका क्षेत्रमा भए २० रोपनी (१.०२ हेक्टर) वा काठमाडौं उपत्यका बाहेक अन्य जिल्ला सदरमुकाम, नगरपालिका क्षेत्र, र शहर उन्मुख क्षेत्रमा भए २० रोपनी (१.०२ हेक्टर) वा सदरमुकाम, नगरपालिका र शहर उन्मुख बाहेकका तराई तथा भित्री मधेश क्षेत्रमा भए ४

विगाह (२.७१ हेक्टर) वा काठमाडौं, ललितपुर र भक्तपुरका ग्रामीण क्षेत्र र अन्य जिल्लाका मध्यपहाडी क्षेत्रमा भए ५५ रोपनी (२.८० हेक्टर) वा हिमाली क्षेत्रमा भए ७० रोपनी (३.५६ हेक्टर) सम्म राख्न पाउने अधिकतम हदबन्दीको सीमा तोक्ने ।

(ङ) तर माथि उल्लेखित व्यवस्थाहरु राज्यको पूनसंरचना भई अधिकारको वाडफाँट हुँदा आवश्यक सम्पूर्ण पूर्वाधार विकास गरी संविधानले तोकेवमोजिम केन्द्र, प्रान्त वा प्रान्त र केन्द्र बीचको साझा अधिकार वमोजिम मात्र हुने ।

(च) कुनै एक परिवारको कृषि भूमिका लागि तोकिएको क्षेत्रमा तोकिएको हदबन्दी सीमा भन्दा कम जग्गा रहेको भए कम भएको अनुपातमा अन्य क्षेत्रमा सोही प्रयोजनको जमिन राख्न पाउने ।

(छ) हदबन्दी निर्धारणको प्रयोजनको लागि परिवार भन्नाले पति, पत्नी र तिनका नाबालक छोराछोरी भन्ने बुझ्नुपर्दछ ।

## (आ) क्षतिपूर्ति

(क) २०५८ सालमा तोकिएको हदबन्दीभन्दा माथिको जग्गामा कुनै क्षतिपूर्ति नदिने व्यवस्था गर्ने ।

(ख) २०५८ सालमा तोकिएको हदबन्दी र यस आयोगले प्रस्ताव गरेको हदबन्दी बिचको जग्गामा राज्यले कानुन बनाई तोके अनुसारको रकम प्रस्तावित हदबन्दीको सीमा भन्दा बढी १ हेक्टरसम्मको जग्गाको क्षतिपूर्तिको रकम एकमुष्ठ नगदमा दिने र १ हेक्टरभन्दा बढीको भए क्षतिपूर्तिबापत सरकारी वण्ड, राष्ट्रिय वा सरकारी क्षेत्रका विभिन्न उद्योग, प्रतिष्ठान र कलकारखानाको आंशिक शेयरका रुपमा दिने व्यवस्था गर्ने ।

## (इ) हदबन्दी छुट र बन्देज

(क) हदबन्दी व्यवस्था कार्यान्वयनका लागि केन्द्र/प्रान्त/स्थानीय निकाय अन्तर्गत सरकारी भोगचलनमा रहेका जग्गाहरू र कुटनीतिक सुविधाप्राप्त विदेशी नियोगले भोगचलन गरेका जमिनमा हदबन्दी नलाग्ने ।

(ख) राज्यले आवश्यक ठानेमा निम्न संस्थाहरूलाई तोकिएको प्रयोजनको लागि आवश्यक औचित्य र कारण समेत खुलाई हदबन्दीमा छुट दिन सक्ने छ ।

- शिक्षण, स्वास्थ्य, सांस्कृतिक, धार्मिक र सामाजिक कार्यमा संलग्न संघसंस्था
- विभिन्न औद्योगिक कम्पनी एवम् प्रतिष्ठानहरू
- आवास परियोजना, जग्गा विकास सञ्चालनको लागि स्वीकृति लिएका (हाउजिङ्ग, जग्गा विकास कम्पनी /पब्लिक लिमिटेड) संस्था
- सहकारी, व्यावसायिक खेती गर्ने संस्था वा फर्म
- औद्योगिक कच्चा पदार्थ र निकासीजन्य खेतीका लागि आवश्यक जमिन

(ग) कृषिभूमिको लागि भौगोलिक विशेषता र भूउपयोग निर्धारणका आधारमा व्यावसायिक खेती, नगदेबाली, वागवानी, जडीवुटी र पशुपालन गर्न चाहने कृषि, पशुपालन फर्म वा सहकारी खेती गर्न चाहने संस्थाले पेश गरेको प्राविधिक प्रस्तावको विश्लेषण गरी उपयुक्तताका आधारमा निश्चित अवधिको लागि मात्र हदबन्दीमा छुट दिने । योजना अनुरुप कार्य भएको ठहर भएमा सरकारले नविकरण गर्न सक्नेछ ।

(घ) हदबन्दी छुट दिइएका संस्थाहरूले उद्देश्य, योजना र शर्त अनुरूप कार्य नगरेमा त्यस संस्थालाई दिइएको हदबन्दी छुट खारेज गरी हदभन्दा बढीको जग्गा वा आंशिक प्रयोग भएकोमा सो बाहेकको जग्गा बिना क्षतिपूर्ति राज्यले लिने ।

(ङ) हदबन्दी छुटको निर्णय खारेज भई राज्यलाई प्राप्त जग्गा स्थानीय समुदायको सहकारी संस्थालाई निश्चित शर्त र अवधि (घटीमा ५ र बढीमा २५ वर्ष) का लागि लिज वा करारमा दिने ।

## (ई) हदबन्दीभित्र रहेका जग्गाको उपयोग

(क) हदबन्दीभित्रको खेतीयोग्य कृषिजग्गामा सम्बन्धित जग्गाधनीले स्थानीय किसान वा संस्थालाई स्थानीय निकायको रोहवरमा कम्तीमा ५ वर्षसम्मको लागि लिज वा करारमा जग्गा उपलब्ध गराउन सक्ने ।

(ख) स्थानीय किसान वा सहकारी संस्थालाई खेती गराउँदा जग्गाधनीले लिज वा करारमा दिएको जग्गाको कूल उत्पादन वा आम्दानीको २५ प्रतिशत पाउने ।

(ग) खेती गर्दा मल, विऊ, सिँचाइ र श्रमिकको ज्याला लगायत सम्पूर्ण खर्च किसान वा सहकारी संस्थाले व्यहोर्ने ।

## (उ) कार्यान्वयन विधि

(क) प्रत्येक जग्गाधनी (गुठी समेत) लाई आफ्नो स्वामित्वमा रहेको सम्पूर्ण जग्गाको विवरण भूमिसम्बन्धी नियमको अनुसुची ७ '७ नं फाँटवारी' अनुसारको विवरण भरी ३५ दिनभित्र आफूले नागरिकता लिएको जिल्ला वा स्थायीरुपमा वसाइँसराइ गरेको भए सो को प्रमाणसहित स्थायी बसोबास गरेको जिल्लाको स्थानीयस्तरमा गठन गरिने आयोगमा अनिवार्यरुपमा विवरण बुझाउनुपर्ने गरी राज्यले सूचना जारी गर्ने ।

(ख) स्थानीयस्तरमा गठन गरिने आयोगले विवरण वुझाउने जग्गाधनीलाई निजको स्वामित्वमा भएको सवै कित्ता जग्गाको विवरण उल्लेख गरी 'एकीकृत जग्गा विवरण पुस्तिका' जग्गाधनीले विवरण बुझाएको एक महिनाभित्रमा उपलब्ध गराउने । त्यस्तो एकीकृत जग्गा विवरण पुस्तिका उपलब्ध नगराउन्जेल जग्गाको कारोवार रोक्का राख्ने । (*एकीकृत जग्गा विवरण पुस्तिकाको नमुना अनुसूची ८ मा उल्लेख गरिएको छ)*

(ग) एकीकृत जग्गा विवरण पुस्तिकाको व्यवस्था व्यवहारमा लागु गरिसकेपछि मात्र प्रस्तावित नयाँ हदबन्दी घोषणा गरी मुलुकभर एकसाथ कार्यान्वयनमा ल्याउने ।

(घ) एकीकृत जग्गा विवरण पुस्तिकामा उल्लेख नभएको कित्ता र हदबन्दीभन्दा वढी भएको जग्गा सम्वन्धित मालपोत, नापी र भूमिसुधार कार्यालयले बेचबिखन, हक हस्तान्तरण गर्न रोक्का राखी त्यस्तो जग्गा प्राप्ति र वितरणका लागि आवश्यक प्रक्रिया तत्काल अगाडि बढाउने ।

(ङ) जग्गाको एकीकृत विवरण पुस्तिका तयार गरेपछि विभिन्न स्थानमा भएका जग्गाको पूर्जामा एकीकृत विवरण पुस्तिकाको नम्बर राखी प्रमाणीत नभएको भए कारोवार नहुने साथै कसैले कुनै पनि वहानामा हदबन्दी छल्न जग्गा लुकाएको पाइएमा त्यस्तो जग्गा सरकारले बिनाक्षतिपूर्ति लिने । यस कार्यका लागि स्वंयसेवकहरू परिचालन गर्ने । जग्गा लुकाएको जानकारी दिनेलाई दिनेको नाम गोप्य राखी उक्त जग्गाको सरकारी मूल्यांकनको १०% प्रतिशत पुरस्कारस्वरुप उपलब्ध गराउने ।

(च) एकीकृत जग्गाको विवरण पुस्तिकाको नम्बर उक्त जग्गाधनीको नागरिकतामा समेत अनिवार्य उल्लेख गर्ने ।

(छ) हदबन्दी निर्धारण र कार्यान्वयनका लागि राष्ट्रिय भूमिनीति, भूउपयोगसम्बन्धी नीति र भूउपयोग नक्साको महत्वपूर्ण भूमिका हुने भएकाले उपर्युक्त नीति तथा नक्सा तयार गर्न प्राथमिकता दिने । भूउपयोग सम्बन्धी राष्ट्रिय नीति तयार भई कार्यान्वयनमा नआइसकेको स्थितिमा हदबन्दी प्रयोजनको लागि स्थानीय तहमा भूउपयोग योजना नक्शा (Land Use Planning Map) तयार गरी तत्काल कृषिक्षेत्र र गैरकृषि क्षेत्रमा जग्गाको वर्गीकरण गरी हदबन्दी लागु गर्ने ।

## सवाल २ : मोहीयानी हक र दोहोरो स्वामित्व

मुलुकमा आफ्नो स्वामित्वमा जमिन राखी खेती नगर्ने र जमिन नभएका वा न्यून जमिन भएकालाई खेती गराउनेको संख्या ठूलो छ । जमिनमा कुनै हक नहुँदा जोताहा किसानहरू असुरक्षित महसुस गर्ने र भूमिको पूर्ण उपयोग नभई उत्पादनमा समेत ह्रास आएको हुनाले उत्पादक शक्तिको स्वामित्व बढाउन मोहीयानी हकको व्यवस्था महत्वपूर्ण छ ।

२०२१ सालमा अरुको जग्गा कमाउनेले एक मुख्य बालीको तोकिएको कुत जग्गाधनीलाई बुझाएको छ भने मोही हक पाउने व्यवस्था थियो । कतिपय मोहीहरू निरक्षर रहेको, सूचना नपाएको, जग्गाधनीको अगाडि 'मोही हुँ' भन्न नसक्ने अवस्था आदिको कारण ठूलो संख्याका किसानहरू मोहीहक पाउनबाट वञ्चित भए ।

कानुनी रुपमा मोहीयानी हक सुरक्षित नगरी 'भूमि सम्बन्धी ऐन २०२१' (चौथो संशोधन) मा द्वैध स्वामित्व अन्त्य गरियो । यस्तो व्यवस्थाले बहुसंख्यक मोही किसान मोहीयानी हकबाट वञ्चित हुन पुगे । कृषिकर्ममा मेहेनतका साथ क्रियाशील जोताहा किसानलाई मोही हक दिनु भूमि व्यवस्थाको महत्वपूर्ण सवाल हो ।

### सुझावहरू

(क) 'भूमि सम्बन्धी ऐन, २०२१' (चौथो संशोधन, २०५३) अनुसार दर्तावाला मोहीले कमाइआएको जग्गामा आधा जग्गाको स्वामित्व पाउने व्यवस्था गरे बमोजिमको जग्गा बाँडफाँट मौजुदा

भूमि प्रशासनबाट अत्यन्त न्यून गतिमा भएकाले स्थलगत टोली खटाई जग्गाधनी र मोहीबीच आधा आधा स्वामित्व बाँडफाँट गरिदिने ।

(ख) 'भूमिसम्बन्धी ऐन, २०२१' (चौथो संशोधन, २०५३) बमोजिम मोही र जग्गाधनीको बीचमा ऐन अनुसार जग्गाको स्वामित्व बाँडफाँट भई मोहीहक टुङ्गो लागिसकेको कित्तामा जोसुकैले कमाएको भएपनि पुन : मोहीयानी हक नलाग्ने ।

(ग) २०५३ साल अगाडिदेखि जग्गा जोत्दै आएका जोताहा किसानहरूलाई २०५३ साल पछि बिनाकारण बेदखली गरिएको भए यस्ता जोताहा किसानहरूलाई समेत छानबिन गरी मोहीयानी हक कायम गरी सो वापत आधाआधा जग्गा बाँडफांट गर्ने । जग्गा कमाई आएको व्यक्तिको मृत्युपछि उसका परिवारले जग्गा कमाएकोमा सोही व्यक्तिलाई कमाएको अनुपातमा मोहीहक दिई जग्गा बाँडफाँट गरिदिने ।

(घ) मोही लागेको जग्गा आधा बाँडफाँट भइसकेपछि बाँकी जग्गा जग्गाधनीले खेती गर्न नचाहेमा त्यस्तो जग्गा खरिद गर्न पहिलो प्राथामिकता पूर्व मोहीलाई, दोस्रो प्राथामिकता सँधियार र त्यसपछि अन्य किसान वा खरिदकर्तालाई हुने गरी व्यवस्था गर्ने ।

(ङ) २०५३ सालदेखि सशस्त्र द्वन्द्वको कारणबाट जग्गाधनी विस्थापित भई खेती गर्न नसकी अरुलाई कमाउन दिएको जग्गाको हकमा मोही नलाग्ने व्यवस्था गर्ने ।

(च) जग्गाधनीले वित्तीय संस्थामा धितो राखेको जग्गामा मोही कायम भएको वा धितो राखेको बखतपछि मोही कायम भएमा पनि मोहीले आधा हिस्सा पाउने व्यवस्था गर्ने ।

(छ) आयोगले प्रस्तावित गरेको न्यूनतम जोतको आकार र आवासको लागि तोकिएको क्षेत्रफलभन्दा कमको जग्गामा जोकसैले कमाएको भए पनि मोहीयानी हक नलाग्ने ।

(ज) जग्गाधनी र कायम भएका सम्पूर्ण मोहीलाई आधाआधा जग्गाको स्वामित्व दिई दोहोरो स्वामित्वको अन्त्य गर्ने व्यवस्थाको कार्यान्वयन पश्चात् जग्गामा मोही नलाग्ने कानूनी व्यवस्था गर्ने ।

(झ) दफा ५.१ को सवाल १ को सुझाव उपदफा (ग) मा उल्लेखित न्यूनतम जोतको आकार हुन गएमा जग्गाधनी वा मोहीले प्रचलित मूल्यमा खरिद गर्न पाउने तर मोहीलाई प्राथमिकता दिने ।

(ञ) 'भूमि सम्बन्धी ऐन, २०२१' को चौथो संशोधन (२०५३) भन्दा अगाडी सम्म जोतभोग गरी आएका वास्तविक जोताहा किसानहरू मोही हकबाट वञ्चित भएको यथार्थलाई मनन गरी सरकारले खटाएको टोलीले स्थलगत अध्ययन र सर्जमिनका आधारमा छुट बेदर्तावाल मोहीलाई जोतभोगको आधारमा मोही कायम गरी आधाआधा स्वामित्व बाँडफाँट गरिदिने ।

(ट) उखडा जग्गाका सम्बन्धमा जग्गाधनी र जोताहा मोही किसान वीच जग्गा बाँडफाँट गर्ने र एकपटक जग्गा वाँडफाँट भई सकेको भएमा पूनः मोही कायम गरी जग्गा वाँडफाँट नगर्ने ।

## सवाल ३ : सुकुम्बासी

सुकुम्बासीहरू आधारभूत मानवीय आवश्यकताबाट वञ्चित छन्। उनीहरूको सुरक्षित आवास र जिविकाको सुरक्षा गर्नु राज्यको मूल दायित्व हो। सबै नागरिकलाई सुरक्षित आवास भन्नाले केवल घडेरी मात्र नभई न्यूनतम आधारभूत पूर्वाधारहरू जस्तै खानेपानी, बाटो, बिजुली, सुरक्षासहितको आवास बुझिन्छ। सुकुम्बासीहरूलाई यस्तो पूर्वाधारसहितको सुरक्षित आवास उपलब्ध गरिएमा सरकारी, सार्वजनिक तथा अन्य सम्बेदनशील र खेतीयोग्य जग्गामा अनियन्त्रित बसोवास गर्ने क्रमलाई रोक्न सकिन्छ।

### सुझावहरू

(क) सुकुम्बासीहरूले बसोबास गर्दै आएको स्थान, नागरिकता लिएको जिल्ला, भोग गरेको क्षेत्रफल, पेशा, आम्दानी र आर्थिक अवस्थाका आधारमा वास्तविक सुकुम्बासीहरूको पहिचान गरी यकिन लगत तयार गर्ने र पहिचान गरिएका वास्तविक सुकुम्बासीहरूलाई आधिकारिक परिचयपत्र वितरण गर्ने।

(ख) परिचयपत्र प्राप्त सुकुम्बासीहरूलाई वातावरणीय दृष्टिकोणले उपयुक्त भएसम्म बसिआएकै स्थानमा जग्गा उपलब्ध गराउने। यदि त्यसरी बसोबासको व्यवस्था गर्न नसकिने भएमा अन्य उपयुक्त र रोजगारी पाउन सहज हुने स्थानमा उल्लिखित क्षेत्रमा आवासको लागि तोकिएको न्यूनतम इकाइमा नघटाई उपलब्ध गराउने।

(ग) सुकुम्बासीहरूलाई जग्गा उपलब्ध गराउँदा सुकुम्बासीको संख्या, उपलब्ध जग्गाको कूल क्षेत्रफल, आर्थिक अवस्थाको आधारमा दलित, आदिबासी जनजाति, महिला (एकल, विधवा, असक्त), अपाङ्ग, आर्थिक सामाजिकरुपले विपन्न वर्गहरूलाई प्राथमिकता दिई समता र सामाजिक न्यायको सिद्धान्त अनुसार गर्ने।

(घ) सुकुम्वासीलाई संभव भए सम्म वस्ति विकास हुनेगरी निश्चित ठाँउमा बसोबास गराउने। त्यहाँ शिक्षा, स्वास्थ्य, खानेपानी रोजगारीका अवसर तथा आधारभूत प्राविधिक शिपमूलक तालिमको व्यवस्था गरी सुकुम्बासीहरूको दैनिक जीविकोपार्जन तथा आयआर्जनका लागि उपयुक्त कार्यक्रमहरू संचालन गर्ने गराउने वा रोजगारको सुनिश्चितता गर्ने।

(ङ) सुकुम्बासीलाई आवासका लागि उपलब्ध गराएको जग्गा कम्तीमा २५ वर्ष विक्रीवितरण गर्न नपाउने गरी जग्गाको स्वामित्व प्रदान गर्ने। आवास सहित कृषि जग्गा प्रदान गरेमा भोगाधिकार मात्र दिने व्यवस्था गर्ने।

(च) सुकुम्वासीलाई आवास उपलब्ध गराउँदा त्यसको मूल्याँकन गरी किस्ताबन्दीमा मूल्य बुझाउन सक्ने गरी सहज व्यवस्था गर्ने। मूल्य बुझाएपछि मात्र स्वामित्व उपलब्ध गराउने। खेतीको लागि जग्गा उपलब्ध गराउँदा सामुहिक सहकारी खेती गर्ने व्यवस्था गर्ने। सो खेती कृषिका प्राविधिकको जिम्मेवारीमा संचालन गर्ने।

(छ) सुकुम्बासीलाई उपलब्ध गराएको जग्गा ३ वर्षभित्र पनि प्रयोगमा नल्याएमा त्यस्तो जग्गा राज्यले फिर्ता लिने ।

(ज) राज्यले सुकुम्बासीलाई आवास योजना निर्माणका लागि निश्चित अनुदान उपलब्ध गराउने वा आवास योजनाहरू लागु गरी सहुलियत र किस्ताबन्दीमा दिने । निजीक्षेत्रबाट संचालन गरिने सामूहिक आवास योजनामा परिचयपत्र प्राप्त गरेका सुकुम्वासीहरुलाई सहुलियत दरमा स्थान उपलब्ध गराउन प्रेरित गर्ने ।

(झ) गैरसुकुम्बासीले जग्गा वा सुरक्षित आवास प्राप्त गरेको प्रमाणित भएमा राज्यले कुनै पनि समयमा त्यस्तो जग्गा वा सुरक्षित आवास बिना क्षतिपूर्ति जफत गर्न सक्ने व्यवस्था गर्ने । साथै यस्तो व्यक्तिलाई कानुन अनुसार कडा दण्डसजाय गर्ने व्यवस्था गर्ने ।

## सवाल ४ : भूमिहीन किसान र कृषि श्रमिक

जीवन निर्वाहका लागि खेतीमा परिश्रम गर्ने तर आफ्नो स्वामित्वमा जग्गा नभएका परिवारको स्वामित्वमा जग्गा उपलब्ध हुँदा जमिनको सही सदुपयोग हुनसक्छ। यसबाट भूमिहीन किसान समुदायको जिविका सुरक्षित हुने, सामाजिक मर्यादा र प्रतिष्ठा अभिवृद्धि हुने, गरिवी घट्ने र कृषि उत्पादनका लागि सक्रिय श्रमशक्ति परिचालन भई उत्पादन वृद्धिमा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ ।

कृषिश्रमिक औपचारिक क्षेत्रमा नआउँदा बेरोजगारी, शिक्षाको अभाव, सीमित जग्गाजमिन वा भूमिहीनता आदिका कारणले अनौपचारिक क्षेत्रमा आवधिक र दैनिक गरी करिव २५ लाख श्रमिकहरू रहेका छन् । ती श्रमिकहरू न्यून ज्यालामा काम गर्न बाध्य छन् । अनौपचारिक क्षेत्रको लागि न्यूनतम ज्याला तोकिए तापनि आवश्यक अनुगमन र कार्यान्वयन गर्ने निकायको अभावमा प्रभावकारी रुपमा लागु भएको छैन

### सुझावहरू

(क) कृषि श्रमिकहरुलाई स्थायी र अस्थायी प्रकृतिमा वर्गिकरण गरी परिचयपत्रको व्यवस्था गरी स्थानीय निकायमा दर्ता गर्ने व्यवस्था गर्ने । वेदर्तावाल कृषि श्रमिकहरुलाई काममा लगाउन नपाउने व्यवस्था गर्ने ।

(ख) ग्रामीण क्षेत्रमा खेती किसानी कार्यमा संलग्न भूमिहीन किसानलाई बसोबास र खेती दुवैलाई हुने गरी जग्गा उपलब्ध गराउने ।

(ग) भूमिहीन किसानहरूलाई उनीहरूको जीवन निर्वाहका लागि भूमिको उपलब्धताका आधारमा घरघडेरी र खेतीपातीका लागि समेत गरी न्यूनतम हिमालमा १० रोपनी, पहाडमा ५ रोपनी र तराईमा ५ कट्ठा जग्गा दिने । यसरी जग्गा उपलब्ध गराउँदा भोग गरिरहेको जग्गा उपयुक्त भए सोही वा राज्यले हदबन्दी कार्यान्वयनबाट प्राप्त गरेको वा अन्य स्रोतबाट उपलब्ध जग्गाको स्वमित्व प्रदान गर्ने व्यवस्था गर्ने ।

(घ) यसरी उपलब्ध गराइएको जग्गाको स्वामित्वका सम्वन्धमा सुकुम्बासीका लागि तोकिएको प्रावधान वमोजिम व्यवस्था गर्ने ।

(ङ) प्रस्तावित हदबन्दीभन्दा माथि भई राज्यले प्राप्त गर्ने कृषिभूमिको हकमा पहिलो प्राथमिकता भूमिहीन किसान, दोश्रो जग्गा कमाईरहेको किसान, तेश्रो सधियार, किसान, त्यसपछि अन्य किसानलाई उपलब्ध गराउने व्यवस्था गर्ने ।

(च) श्रमिकहरूको न्यूनतम ज्याला पुनरावलोकन गरी कृषिश्रमिकलाई उचित ज्याला पाउने व्यवस्था गर्ने ।

(छ) पुरुष र महिला कृषिश्रमिकको समान कामका लागि समान ज्याला पाउने व्यवस्था गर्ने । यस्तो ज्याला प्रत्येक वर्ष स्थानीय निकायले तोक्ने र यसको कार्यान्वयन र अनुगमन गर्ने व्यवस्था गर्ने ।

(ज) कृषि रोजगारदाता र सरकारको संयुक्त सहयोगमा कृषिश्रमिकको सामाजिक सुरक्षाको सुनिश्चितता गर्न 'कृषि श्रमिक उत्थान कोष' खडा गरी विमा, औषधी उपचार आदिको व्यवस्था गर्ने ।

(झ) कृषि श्रमिकहरुको सेवा सुविधा र तालिमको व्यवस्था राज्यले गर्ने व्यवस्था गर्ने ।

## सवाल ५ : गुठीजग्गा र गुठीसम्पदा

गुठीजग्गाको प्रशासन तथा व्यवस्थापन प्रभावकारी हुन नसक्दा जग्गा रहेको स्थान, त्यसको क्षेत्रफल र अवस्था जानकारी हुन कठिन भई गुठी जग्गा र सम्पदाको प्रभावकारी व्यवस्थापन हुनसकेको छैन । तराई लगायत शहरी क्षेत्रका गुठी जग्गाको तीब्र रुपमा अतिक्रमण भइरहेको छ ।

गुठीजग्गामा आश्रित किसान उचित प्रतिफलबाट वञ्चित छन् । गुठीको जग्गा कमाउने किसानको मोही हक समेत सुरक्षित हुन सकेको छैन ।

### सुझावहरू

(क) सम्पूर्ण गुठीजग्गाको सदुपयोग गरी उचित व्यवस्थापनको काम गुठीसंस्थानले गर्न सम्भव नभएको देखिंदा गुठी संस्थान कायम राखि राख्नु उपयुक्त नहुने हुँदा 'गुठी संस्थान ऐन, २०३३' को दफा ६४(१) मा व्यवस्था भए बमोजिम गुठी संस्थानलाई विघटन गर्ने ।

(ख) गुठीसम्पदाहरूको महत्व अनुसार राष्ट्रिय, प्रान्तीय र स्थानीय/समुदायस्तरमा वर्गीकरण गरी राष्ट्रिय महत्वको सम्पदा केन्द्रीयस्तरबाट, प्रान्तीय सम्पदा प्रान्तीयस्तरबाट र स्थानीय/समुदायस्तरका सम्पदा स्थानीय/समुदायस्तरको समिति (ट्रष्ट) बनाई सञ्चालन, व्यवस्थापन र संरक्षण गर्ने । यस्ता समिति (ट्रष्टले) प्रचलित कानुनको अधीनमा रही लेखापरीक्षण र आम्दानी र खर्चको सार्वजनिकीकरण गर्ने व्यवस्था गर्ने ।

(ग) गुठीजग्गा सम्बन्धी व्यवस्था खारेज गरी सबै प्रकारका गुठीहरू मोही/किसानले प्रयोग गरिरहेका जग्गा उनीहरूकै नाममा तल तोकिए अनुसार हुने गरी परिणत गर्ने र बाँकी जग्गा हदभित्र रहे व्यक्ति र वाँकी सम्बन्धित धार्मिक तथा सामाजिक ट्रष्टको नाममा रैकर कायम गर्ने ।

(घ) गुठी जग्गामा मात्र आश्रित अन्य स्रोत वा जग्गा नभएका मोही किसानले कमाइआएको जग्गा उनीहरूको नाममा रैकरमा परिणत गर्दा ग्रामीण भेगको लागि प्रतिपरिवार पाखोबारी भएमा १० रोपनी, खेत भएमा ७ रोपनी वा ५ कट्ठासम्म बिनामूल्य सम्बन्धित किसानको नाममा रैकरमा परिणत गरी दर्ता गर्ने । यसभन्दा बढी जग्गा कमाइरहेको रहेछ भने ग्रामिण क्षेत्रको

जग्गाको हकमा मोही हक बापत आधा पाउने प्रचलित व्यवस्थालाई समेत मनन गरी हदबन्दी सीमाभित्र रही सरकारले मूल्याँकनको १५ प्रतिशत रकम लिई मोही किसानकै नाममा दर्ता गरिदिने ।

(ङ) बिनामूल्य दर्ता गरिएका गुठी जग्गासम्मको कुत बाँकी-बक्यौता मिनाहा गरिदिने ।

(च) विनामूल्य दर्ता गरिएका जग्गाको न्यूनतम मूल्यांकन तोकी (मालपोतले तोकेको मूल्यमा १० प्रतिशतमा नबढाई) मोहीलाई अनुदानमा परिणत गरी राज्यले सम्बन्धित गुठीलाई क्षतिपूर्ति दिने व्यवस्था गर्ने ।

(छ) काठमाडौं उपत्यका क्षेत्रका मोही लागेको आवासीय, व्यवसायीक वा खेती प्रयोगका गुठी जग्गाको सन्दर्भमा आवासको लागि तोकिएको न्यूनतम हदभित्रको छ भने सरकारले तोकेको मूल्याँकनको ५० प्रतिशत मूल्य लिई रैकरमा दर्ता गरिदिने । आवासको लागि तोकिएको न्यूनतम इकाइभन्दा बढी क्षेत्रफल भोग गरिरहेको भएमा मालपोत मूल्यांकन बराबरको रकम लिएर दर्ता गर्न वा सरकारले व्यावसायिक प्रयोगमा लगाउन सक्ने व्यवस्था गर्ने ।

(ज) गुठी संस्थानले खेती गर्न छुट्याएको जग्गामा व्यावसायिक खेतीका लागि दीर्घकालीन योजना बनाई आर्थिक, सामाजिक रुपले पछाडि पारिएका स्थानीय वर्गसमुदायको सहकारी संस्थालाई निश्चित शर्तमा खेती गर्न दिने व्यवस्था मिलाउने ।

(झ) शहरी क्षेत्रका मोही नलागेका गुठी तैनाथी जग्गा व्यावसायिक प्रयोगमा लगाउने ।

(ञ) निजी गुठी र राजगुठी जग्गाका सर्न्दभमा हालसम्म हदबन्दीको प्रावधान लागु नभएको देखिएकाले निजी गुठी र राजगुठी जग्गामा हदबन्दी लगाउने ।

(ट) निजी गुठी जग्गामा मोहीले पाउने आधा वाहेक आधा जग्गामा मूल्याँकनको शतप्रतिशत रकम मठमन्दिर, गुठीको नाममा अक्षयकोषमा जम्मा गरी रैकरमा परिणत गर्ने व्यवस्था गर्ने । मोही नलागेको भएमा गुठी वा गुठीयारले सोही बमोजिम रैकरमा परिणत गराउन सक्ने व्यवस्था गर्ने ।

(ठ) विश्व सम्पदामा सूचीकृत स्थानहरू, गुठीका भौतिक सम्पदा संरक्षण र उपयोगका लागि आवश्यक जग्गा, सार्वजनिक स्थलहरूलाई आवश्यक हुने जग्गा सीमाङ्कन गरी संरक्षण र व्यवस्थापन गर्ने ।

(ड) धार्मिक स्थल, मठमन्दिर आदिको संरक्षण तथा जात्रा पर्व आदि सञ्चालनको लागि सम्बन्धित समिति (ट्रष्ट) ले स्थानीय समुदायसँग सहकार्य गरी उपयुक्त व्यवस्थापन गर्ने । अक्षयकोषबाट प्राप्त व्याज रकमको ७५ प्रतिशत सम्बन्धित समिति वा ट्रष्टलाई उपलब्ध गराउने ।

(ढ) विभिन्न वित्तीय संस्थामा रहेको निजी गुठी अक्षयकोषको सञ्चालन तथा व्यवस्थापनका लागि राखिएको अक्षयकोषको रकम व्यक्ति/व्यक्तिको नाममा मुद्धतिमा रहेकाले व्यक्तिको नामको सट्टा सम्बन्धित गुठी/मन्दिर, देवस्थलको नाममा राख्ने ।

(ण) अक्षयकोषको ब्यवस्थापन संस्कृति हेर्ने मन्त्रालय वा निकायले गर्ने व्यवस्था गर्ने र कोष तथा लेखा नियन्त्रण कार्यालय मार्फत अक्षयकोषबाट प्राप्त ब्याज रकमको ७५ प्रतिशत सम्बन्धित समिति (ट्रष्ट) मा उपलब्ध गराउने । बाँकी २५ प्रतिशत अक्षयकोषमा पुनः लगानी गराउने ।

## सवाल ६ : भूमिमा महिला स्वामित्व

विद्यमान लैङ्गिक असमानताका कारण भूमिमा महिला स्वामित्व अति न्यून छ। यसले सामाजिक विभेद, घरेलु हिंसा, खाद्य असुरक्षा, श्रमको उचित मूल्यांकन नहुने आदि समस्याहरू सृजना गरेको छ। तसर्थ लैङ्गिक समानता कायम गरी सामाजिक न्याय स्थापना र कृषि उत्पादकत्व वृद्धिका लागि भूमिमा महिलाको स्वामित्व सुनिश्चित गर्न आवश्यक छ।

### सुझावहरू

(क) संविधानमा महिलालाई लैङ्गिक विभेदबिना समान वंशीय हक हुने व्यवस्था अनुरूप कानुन बनाई व्यावहारिक रुपमा कार्यान्वयन गर्ने।

(ख) महिलाको नाममा जग्गा खरीद गर्दा लाग्ने राजस्व दस्तुरमा सवै क्षेत्रमा ५० प्रतिशत छुट दिने व्यवस्था गर्ने।

(ग) राज्यले जग्गा वितरण गर्दा पति र पत्नी दुवैको संयुक्त स्वामित्व हुनेगरी उपलब्ध गराउने।

(घ) पतिको स्वामित्वमा रहेको जग्गामा पत्नीको स्वामित्व समेत कायम गर्न २ वर्षभित्र बिनाशुल्क स्वामित्व कायम गर्ने अनिवार्य कानुनी व्यवस्था गर्ने।

## सवाल ७ : भूमिमा दलितको स्वामित्व

दलितहरूले गर्दै आएको पेशा आधुनीकरणसँगै संकटमा परेको छ। आर्थिक अवस्था कमजोर भएकाले जीवन निर्वाह कठिन हुनाको साथै विभिन्न शोषणमूलक अवस्था भोल्नुपर्ने बाध्यता छ। बहुसंख्यक दलितको भूस्वामित्वको अवस्था अति न्यून छ। दलित समुदायको मानवअधिकारको हनन भएको अवस्था छ।

### सुझावहरू

(क) राज्यले भूमिहीन, सुकुम्बासी र आर्थिक रुपले कमजोर दलित समुदायलाई उच्च प्राथामिकता दिई जग्गा उपलब्ध गराउने व्यवस्था गर्ने।

(ख) यसरी दलितलाई प्राथामिकता दिई उपलब्ध गराउने जग्गा आवासका लागि भए सुरक्षित स्थानमा र खेतीका लागि भए खेतीयोग्य जग्गा उपलब्ध गराउने।

(ग) वैज्ञानिक भूमिसुधार पश्चात हुने पोष्ट ल्याण्ड रिर्फम कार्यक्रममा समेत दलित समुदाय ( भूमिहीन, बधुवा) लाई सामाजिक न्याय सुनिश्चित गर्ने व्यवस्था गर्ने।

## सवाल ८ : भूमिमा आदिबासी जनजातिको स्वामित्व

आदिबासी जनजातिहरूको भूमिस्रोतमा पहुँच घट्दो छ। भूमिमा आदिबासी जनजातिको अधिकार सुनिश्चित गर्न विशेष व्यवस्था हुन आवश्यक छ।

### सुझावहरू

(क) राज्यले भूमिहीन, सुकुम्बासी र आर्थिकरुपले कमजोर आदिबासी जनजातिहरूलाई उच्च प्राथामिकता दिई जग्गा उपलब्ध गराउने व्यवस्था गर्ने। यसरी उपलब्ध गराउने जग्गा आवासका लागि भए सुरक्षित स्थानमा र खेतीका लागि भए खेतीयोग्य जग्गा उपलब्ध गराउनु पर्ने।

(ख) आदिबासी क्षेत्रका वन र कृषिक्षेत्रलाई नयाँ सीमाङ्कन गरी स्थानीय स्रोतमा उनीहरूको पहुँच सुनिश्चित गर्ने व्यवस्था गर्ने।

(ग) 'अन्तर्राष्ट्रिय श्रम संगठन' को प्रस्ताव १६९ (ILO 169) र 'संयुक्त राष्ट्रसंघको मानव अधिकारसम्बन्धी घोषणा पत्र' का भूमिसम्बन्धी प्रावधानहरूलाई व्यवहारमा लागु गर्न आवश्यक कानून निर्माण गरी व्यवस्था गर्ने।

(घ) अति सिमान्तकृत र विपन्न घुमन्ते अल्पसंख्यक जाति जस्तैः राउटेको साँस्कृतिक पहिचान रहने गरी कृषि, पशुपालन र कृषिजन्य घरेलु तथा साना उद्योगमा आवद्ध गराउन त्यस्ता जातिलाई सामुहिक स्वामित्वमा वनजंगल क्षेत्र नजिकको जग्गा उपलब्ध गराई क्रमिक रुपमा समाजमा स्थापित गराउने व्यवस्था गर्ने। साथै शिक्षा, स्वास्थ्य, सीप आर्जन तथा सचेतना सम्बन्धी तालिम प्रदान गर्ने व्यवस्था गर्ने।

## सवाल ९ : भूसम्बन्धमा आधारित शोषणकारी प्रथाहरू

नेपालमा विभिन्न स्वरुपमा अमानवीय र शोषणयुक्त श्रमप्रथा विद्यमान छ। २०५७ सालमा मुक्त घोषणा गरिएको 'कमैया प्रथा' नेपालमा विद्यमान अनेक थरिका अर्धबन्धन श्रमप्रथा मध्येको एक थियो। हालै राज्यले बधुँवा मजदुरका रुपमा रहेका 'हलिया मुक्ति' को घोषणा गरेको छ। तर पनि ऋण, अर्ध बन्धन, न्यून ज्याला, सामाजिक आर्थिक शोषण विद्यमान छन्। यसबाहेक हरूवा-चरुवा, गोठाला, हली, बालीघरे, डोली, कम्लरी लगायतका प्रथा असमान भूमिव्यवस्थाकै उपज हुन्।

### सुझावहरू

(क) विभिन्न किसिमको अन्यायपूर्ण भूसम्बन्धका कारण मर्यादीत जीवन जीउने अधिकारबाट वञ्चित हली, हलिया, गोठाला, बालीघरे, हरूवाचरुवा, कम्लरी सबै परिवारको स्वयं अधिकारबाट वञ्चितहरूका अगुवा तथा स्थानीय निकाय समेतको परिचालन गरी यकिन लगत तयार गर्ने।

(ख) मुक्त घोषित हलिया र हरूवाचरुवाले जोतिरहेको जग्गामा मोहीयानी कायम गरी जग्गाको आंशिक स्वामित्व उपलब्ध गराउने व्यवस्था गर्ने।

(ग) यस्ता सबै परिवारलाई कम्तीमा भूमिहीन किसानलाई उपलब्ध गराए बमोजिमको जग्गा र आर्थिक तथा सामाजिक अवस्थामा रुपान्तरणका लागि कार्यक्रम लागु गर्ने ।

(घ) हलिया, हरूवाचरुवाको नाममा रहेको सबै खाले ऋणको खारेजी गर्ने र अन्य औपचारिक वित्तीय संस्था वा सहकारी मार्फत सहुलियत व्याजदरमा ऋण उपलब्ध गराउने ।

(ङ) कम्लरी राख्न नपाउने, यदि कसैले राखेमा कानुन बनाई कैद र जरिवानासहित दण्डित गर्ने व्यवस्था गर्ने । कम्लरी राखेको भएमा त्यसबाट छुटाई उनीहरूलाई आफ्नै परिवारमा स्थापित गर्न र उनीहरूको शिक्षा, स्वास्थ्य, रोजगारका लागि आवश्यक सम्पूर्ण व्यवस्था गर्ने ।

(च) भूमिमा आधारित शोषणमा परेका सबै परिवारका बालबालिकाको शिक्षा र परिवारको स्वास्थ्य उपचारको व्यवस्था सरकारले मिलाउने ।

(छ) श्रम शोषण र व्यक्तिगत मर्यादामा आँच आउने गरी हरुवाचरुवा, गोठाला, बालीघरे आदि राख्न नपाउने र राखेको प्रमाणित भएमा दण्डनीय हुने कानूनी र संस्थागत व्यवस्था गर्ने ।

## सवाल १० : छुट जग्गा दर्ता

भूमिसुधार कार्यक्रमसँगै कित्तानापीको काम शुरु गरिएको थियो । सबै जिल्लाको कित्तानापी सम्पन्न भइसकेको भए पनि कतिपय जग्गाको नापी छुटेको अवस्था छ । केही जिल्लामा नापीलाई अद्यावधिक गर्न नयाँ नापी थालिएको छ । विर्ताप्रथा उन्मूलन गरिएपनि अझै विर्ताजग्गाको दर्ता बाँकी भई समस्या अझै विद्यमान छ ।

### सुझावहरू

(क) सम्पूर्ण जग्गाको भूउपयोग नक्साकंन समेतका आधारमा नयाँ र बैज्ञानिक नापी गरी नयाँ र शुद्ध लगत तयार पार्ने ।

(ख) हालसम्म दर्ता बाँकी (विर्ता, रैकर, गुठी आदि) जग्गा जोतभोगको आधारमा छोटो समयको तोकिएको हदम्याद दिई सो म्यादभित्र दर्ता गरिदिने व्यवस्था गर्ने । सो म्याद नाघेपछि म्याद थप गर्दै लगी पुनः दर्ता गर्ने व्यवस्था नगर्ने र सो म्यादको समाप्तीपछि दर्ता नभएका सबै जग्गा नेपाल सरकारको नाममा कायम गर्ने ।

(ग) सरकारी/ऐलानी पर्ति वा गाउँब्लक समेतको जग्गामा लामो समयदेखि घरबास गरी बसोवास गरी आएको अवस्था रहेछ भने घरबासले चर्चेको जग्गा मात्र घरवास र भोगको आधारमा तत्काल दर्ता गरिदिने व्यवस्था गर्ने । र अन्य प्रकारका सरकारी, सार्वजनिक, नदी उकास, वन, पर्ति जनिएका जग्गा व्यक्ति वा संस्थाका नाममा दर्ता नगर्ने व्यवस्था गर्ने ।

## सवाल ११ : आवास तथा शहरीकरण सम्बन्धी

सबै नेपालीलाई सुरक्षित आवासको हक सुनिश्चित भए पनि धेरै मानिसहरू आवासबाट वञ्चित छन् । ग्रामीण आवास र शहरी आवासका आ-आफ्ना समस्याहरू छन् । ग्रामिण आवासमा बिनापूर्वाधार छरिएर रहेका घरवस्तीहरू अधिक मात्रामा रहेका हुँदा सबै प्रकारका सबै पूर्वाधारहरू पुऱ्याउन धेरै समस्या भएको छ । भूखण्डीकरण, गरीबी र चेतनाको अभावको कारणबाट ग्रामीण र पहाडी क्षेत्रमा भौगोलिक विशेषता नहेरी भूक्षय, प्राकृतिक प्रकोप (बाढी पहिरो) हुने जोखिमयुक्त स्थानहरूमा घर तथा वस्तीहरू निर्माण गरिएको पाइन्छ । देशभित्र आन्तरिक वसाइँसराइ, शहरीकरण, जनसंख्याको वढ्दो चाप, गत दशकमा द्वन्द्वबाट विस्थापित हुन पुगेका कारण शहरी क्षेत्रमा चाप बढन गएको छ भने अर्कोतिर भूउपयोग नीतिको अभावका कारण अव्यवस्थित तवरवाट उत्पादनशिल कृषि भूमिमा जथाभावी प्लटिङ्ग गर्ने, मापदण्ड विपरीत बिनापूर्वाधार गुणस्तरहीन घर निर्माण गर्ने, सरकारी, सार्वजनिक जग्गा अतिक्रमण गर्ने कार्य तीव्र रुपमा वृद्धि भईरहेको छ । जनसंख्या वृद्धि, दैवी प्रकोप, विग्रँदो पर्यावरण र सामाजिक सद्भाव आदि कारणहरूले गर्दा ग्रामीण तथा शहरी क्षेत्रहरूमा आवासको समस्या गम्भीर बन्दै गइरहेको छ । वहुसंख्यक परिवारहरू विशेषतः सीमित र न्यून आय भएका परिवारहरूको लागि आवासको आपूर्ति एक जटिल समस्या बन्न पुगेको छ ।

### सुझावहरू

(क) सम्पूर्ण नागरिकका लागि आधारभूत आवश्यकताको रुपमा सुरक्षित आवासको परिपूर्ती गर्न नेपालको संविधानमा निर्दिष्ट गरिए बमोजिम उपयुक्त व्यवस्था र वातावरणको सिर्जना गर्ने ।

(ख) भू-उपयोग नीति लागु गरी तोकिएको आवास क्षेत्रमा मात्र सम्पूर्ण पूर्वाधार विकासयुक्त मापदण्ड अनुरुप गुणास्तरीय संयुक्त वा एकीकृत आवास निर्माण गर्ने नीति अवलम्बन गर्ने ।

(ग) निजी क्षेत्रको सहभागितामा समेत शहरी र ग्रामिण क्षेत्रमा सम्पूर्ण सुविधायुक्त पूर्वाधार (सडक, बत्ती, ढल, खानेपानी) तथा स्कूल, अस्पताल र बजार (Satellite township) विकास गर्ने व्यवस्था गर्ने । गरिवीको रेखामुनिका अति विपन्न, दलित, उत्पीडित, शारीरिक दृष्टिकोणबाट पिडित, घरवार बिहीन तथा दैवी प्रकोपको कारणबाट विस्थापित भएका बिपन्न परिवारको लागि सामुदायिक वा सहकारी आवास (Community/Cooperative Housing) निर्माण गरी न्यूनतम मूल्यमा उपलब्ध गराउने व्यवस्था गर्ने ।

(घ) न्यून आयस्रोत भएका परिवारलाई आवास व्यवस्थाको लागि ऋण उपलब्ध गराउन सहकारी संस्था स्थापना गरी सामुहिक धितोमा कर्जा उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने ।

(ङ) ग्रामीण क्षेत्रमा सुरक्षित आवासको लागि एकीकृत ग्रामीण आवास परियोजना विकास गरी छरीएर रहेको घरहरूलाई एकीकृत गर्ने नीति अवलम्बन गर्ने ।

## ५.२ भूमिको उपयोग, विकास र संरक्षण

### सवाल १ : भूमिको खण्डीकरणको अन्त्य र चक्लाबन्दी

जनसंख्या वृद्धि र अंशबण्डाका कारण जमिन स-साना टुक्रामा बाँडिदै गइरहेको छ। उत्पादकत्व वृद्धि र भूमि व्यवस्थापनमा जमिन खण्डीकरणको समस्याले ठूलै असर गरेको छ। यसले जमिनको व्यवस्थापन र कृषिको लागत बढेको छ। अलग-अलग ठाउँमा छरिएर रहेको एउटै जग्गाधनीको जमिनका सानासाना कित्ताहरूलाई सट्टापट्टा वा एकीकृत जग्गा विकास (Land Pulling) को माध्यमबाट एकीकृत गरी भूमिको चक्लाबन्दी गर्न सम्भव हुन्छ। कृषि लागत तथा श्रमशक्तिको बचत गर्न, सिंचाइको प्रबन्ध गर्न, उन्नत प्रविधि अपनाउन, सरल व्यावहारिक बनाउन र बाली व्यवस्थापनमा सुधार गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न चक्लाबन्दी जरुरी भएको छ।

**सुझावहरू**

(क) भूउपयोग निर्धारणका आधारमा चक्लाबन्दी नीति बनाई लागु गर्ने।

(ख) स्थानीय इच्छुक जग्गाधनीको समूहले जग्गा एकीकरण (Land Pulling) गरी चक्लाबन्दी गर्न चाहेमा राज्यले कृषिसडक, सिंचाइ जस्ता आवश्यक पूर्वाधार निर्माण गर्न तथा मल, बिउविजनमा समेत सहुलियत दिने साथै कृषि प्रविधिक सहयोग उपलब्ध गराउने व्यवस्था गर्ने।

(ग) अंशवण्डा गर्दा चक्ला मिलाउन चाहनेलाई राज्यले सहुलियत दिन जग्गा पास गर्दा लाग्ने दस्तुरमा २५ प्रतिशत छुट दिने र ५ वर्षसम्म ५० प्रतिशत कर छुट दिने साथै न्यूनतम ब्याजदरमा कृषिऋण उपलब्ध गराउने।

(घ) खेतीयोग्य कृषिभूमिमा हुने खण्डीकरण रोक्न खेतीयोग्य कृषिका लागि काठमाडौं उपत्यकाका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रभित्र १ रोपनी, काठमाडौं उपत्यका बाहेक अन्य नगरपालिका र शहर उन्मुख क्षेत्रमा २ रोपनी, तराई तथा भित्री मधेश क्षेत्रमा ५ कट्ठा तथा मध्य पहाडी र हिमाली क्षेत्रमा ५ रोपनी क्षेत्रफलभन्दा कम हुनेगरी कित्ताकाट गर्न र विक्रीवितरण वा हक हस्तान्तरण गर्न नपाइने व्यवस्था गर्ने।

(ङ) सामूहिक/सहकारी/व्यावसायिक खेतीलाई प्रोत्साहन गर्ने। यसरी खेती गर्न चाहनेलाई आवश्यक सम्पूर्ण पूर्वाधार विकासमा सरकारले सहयोग गर्ने। *(चक्लाबन्दी सम्बन्धी नक्सा अनुसूची १० मा संलग्न गरिएको छ)*

## सवाल २ : अनुपस्थित जग्गाधनी र बाँझो जग्गाको सदुपयोग

आफ्नो नाममा जग्गा भएका तर आफैं जग्गामा काम नगर्ने र खेतीपातीबाट टाढिएका जग्गाधनीसमूहको ठूलो समूह छ। यसै कारण जग्गा बाँझो राख्ने क्रम पनि बढ्दो छ। जग्गा बाँझो रहनुमा कृषि पूर्वाधारको अभाव र अरुलाई खेती गराउने कानुनी व्यवस्था प्रष्ट नहुनु आदि कारण छन्। जग्गाधनीहरू गैरकृषि पेशामा संलग्न हुंदै जाने क्रम बढेकाले पनि यस्तो अवस्था आएको हो। अनुपस्थित जग्गाधनी कृषिक्षेत्रको उत्पादन र विकासको बाधक बनेको छ।

जग्गाको सदुपययोग हुन नसक्दा त्यसले गरिवी र भोकमरी बढाइरहेको छ। बिभिन्न उद्योगको नाममा राखिएका जग्गामध्ये धैरै जग्गाहरू औद्योगिक तथा व्यावसायिक कार्यमा प्रयोग नभई अन्य कार्यमा दुरुपयोग भएको अवस्था छ।

### सुझावहरू

(क) हदबन्दीभित्रको खेतीयोग्य कृषिजग्गा बाँझो राख्न नपाउने अनिवार्य व्यवस्था गर्ने।

(ख) कृषि जग्गा पहिलो वर्ष बाँझो राखेमा बार्षिक लाग्ने करको १० गुणा, दोस्रो वर्ष पनि बाँझो राखेमा लाग्ने करको २५ गुणा वढी कर लिने।

(ग) यदि कसैले लगातार ३ वर्षसम्म खेतीयोग्य कृषिजग्गा लगातार बाँझो राखेको पाइएमा त्यस्तो जग्गा बिना क्षतिपूर्ति राज्यले लिइ स्थानीय सहकारी मार्फत समुदायलाई सामुहिक खेती गर्न लिज करारमा दिने।

(घ) कृषि वाली, अनुपस्थित जग्गाधनी, बाँझो जमिनको अनुगमन गर्ने स्थानिय निकायलाई जिम्मेवारी दिने।

(ङ) द्वन्द्व, प्राकृतिक प्रकोप वा अन्य उचित कारणबाट जग्गा बाँझो रहन गएमा एकपटकलाई कर मिनाह गर्ने।

(च) खेतीयोग्य तर खेती नभइरहेको जग्गामा महिला, दलित तथा विपन्न परिवारलाई सहकारी मार्फत सामूहिक खेती गर्ने व्यवस्थामा प्रोत्साहनका लागि बिउविजन, मल लगायत, खरिदमा २५ प्रतिशत छुट र सिंचाइ उपलब्ध नभएका स्थानमा ट्युववेल वा विद्युत् प्रयोग जेनेरेटर प्रयोग गरी गर्नुपर्ने भएमा ५० प्रतिशत छुटको व्यवस्था गर्ने।

(छ) उद्योग धन्दाको नाममा राखिएका बाँझो जग्गाहरू सोही काममा तोकिएको शर्त अनुरुप प्रयोग भएको नपाइएमा त्यस्ता जग्गा बिना क्षतिपूर्ति राज्यले लिई स्थानीय सहकारी मार्फत समुदायलाई खेती गर्न लिज करारमा दिने।

## सवाल ३ : भूउपयोग

हाल भूउपयोगको कुनै व्यवस्थित नीति र सोको कार्यान्वयनको योजना नहुँदा उपलब्ध सम्पूर्ण भूमि (कृषि र गैह्रकृषि) को समुचित सदुपयोग र व्यवस्थापन गर्न सकिएको छैन। यसबाट अधिकतम लाभ लिन सकिएको अवस्था छैन। खेतीयोग्य जग्गाको गैरकृषि प्रयोग अत्यधिक बढिरहेको छ। साथै ठूलो मात्रामा रहेको बाँझो जग्गा, सरकारी सार्वजनिक, ऐलानी पर्ति, नदी उकास, सडक किनारा जस्ता क्षेत्रको जग्गा कसरी उपयोग गर्ने भन्नेबारे व्यवस्थित नीति र योजना भेटिंदैन। *(भूउपयोग अगाडी र भूउपयोग पश्चातको नमुना नक्सा अनुसूची ९ मा संलग्न छ)*

## सुझाव

(क) सम्पूर्ण भूमिको अधिकतम सदुपयोग र व्यवस्थापन गर्न 'राष्ट्रिय भूमि उपयोग नीति' तर्जुमा गरि कार्यान्वयन गर्ने ।

(ख) भूउपयोग नक्साका आधारमा वैज्ञानिक तवरबाट उपलब्ध सम्पूर्ण भूमिलाई स्थानीय तहमा कृषिक्षेत्र र गैह्रकृषिक्षेत्र गरी २ वटा क्षेत्रमा तत्काल जोनिङ्ग (क्षेत्र निर्धारण) गर्ने ।

(ग) कृषिक्षेत्रका लागि तोकिएको कृषियोग्य जग्गाको पनि वैज्ञानिक तवरबाट भूधरातल, भौगोलिक स्थिती, हावापानी, माटो आदिका आधारमा खाद्यान्न उत्पादन क्षेत्र, तरकारी उत्पादन क्षेत्र, फलफुल उत्पादन क्षेत्र, नगदेवाली उत्पादन क्षेत्र, जडीवुटी उत्पादन क्षेत्र र चरन क्षेत्रमा थप वर्गिकरण गरी दीर्घकालिन तवरबाट कृषि क्षेत्रको अधिकतम सदुपयोग गर्ने व्यवस्था गर्ने ।

(घ) यसैगरी गैह्रकृषि क्षेत्रलाई पनि वैज्ञानिक तवरबाट आवास तथा शहरी क्षेत्र, औद्योगिक क्षेत्र, वन, वातावरण तथा पर्यावरण संरक्षण क्षेत्र (वन्यजन्तु आरक्ष, वनजंगल, नदीनाला, तालतलैया, सिमसार, आदि), हिमाल क्षेत्र र जोखिम क्षेत्रमा जोनिङ्ग र वर्गिकरण गरी दीर्घकालिन रुपमा अधिकतम सदुपयोग गर्ने व्यवस्था गर्ने ।

(ङ) उब्जाउशील कृषिभूमिमा अव्यवस्थित रुपमा भइरहेको जग्गा प्लटीङ्ग गर्ने कार्यलाई तत्काल रोक्ने र कृषि क्षेत्रमा वर्गिकरण गरिएका जग्गालाई कृषि प्रयोजन बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न प्रतिबन्ध लगाउने व्यवस्था गर्ने ।

(च) प्रत्येक प्रान्त तथा स्थानीय निकायहरुमा उद्योगहरुलाई एकै क्षेत्रमा केन्द्रीत गर्ने गरी औद्योगिक क्षेत्र तोक्ने व्यवस्था गर्ने ।

(छ) व्यवस्थित आवास तथा शहरी क्षेत्रमा खानेपानी, सडक, ढलनिकास, विद्युत, स्वास्थ्य, वजार आदि भौतिक पूर्वाधार उपलब्ध हुनेगरी मात्र घर निर्माण गर्न पाईने व्यवस्था गर्ने । अन्य क्षेत्रमा जथाभावी घर निर्माण गर्न पूर्णतया प्रतिबन्ध लगाउने व्यवस्था गर्ने ।

(ज) तोकिएको क्षेत्रको भूउपयोग परिवर्तन गर्न चाहेमा तोकिएको निकायको अनुमती लिनुपर्ने व्यवस्था गर्ने ।

(झ) भूउपयोग निर्धारण नीति अनुरुप प्राकृतिक प्रकोप, बाढी पहिरो, भूक्षय, भुइँचालो आदि संभावना वढी भएका क्षेत्रलाई जोखिमयुक्त क्षेत्र निर्धारण गरी त्यस्ता जोखिमयुक्त क्षेत्रमा बसोवास गर्ने नागरिकहरूको उचित स्थानमा स्थानान्तरण गर्ने व्यवस्था गर्ने ।

(ञ भूउपयोग नीति बनी कार्यान्वयन नभइरहेको स्थिति हुँदा तत्काल त्यसलाई कार्यान्वयन गर्न जग्गाधनी प्रमाण पूर्जामा नै कृषि वा गैह्रकृषि कुन प्रयोजनमा उपयोग गरिने जग्गा हो, सो को उल्लेख गरी सोही अनुसार उपयोग गर्ने व्यवस्था गर्ने ।

## सवाल ४ : वनजंगल र वातावरणको संरक्षण

कृषि, पर्यटन, उद्योग, जलस्रोत र भौतिक पूर्वाधारको समेतको आधारस्तम्भका रुपमा वनजंगललाई लिइन्छ। भूमिसुधार र वनजंगल संरक्षण एकअर्कामा अर्न्तसम्वन्धित छन्। वनजंगलले सर्वसाधरणका लागि ऊर्जा, घरबासका लागि निर्माण सामग्री, पशुआहार, जडिबुटी लगायतका उपभोगका वस्तु तथा वातावरणीय सेवा र सुविधा प्रदान गर्दै आएको छ। वन क्षेत्रमा अत्याधिक चाप बढेको छ। विशेष गरि तराईमा अतिक्रमण व्यापक छ। संरक्षित क्षेत्रमा वरिपरिका समुदायको न्यून पहुँच छ। तराई क्षेत्रमा वनमा र वनबाट हुने लाभको वितरणमा कम पहुँच छ।

### सुझावहरू

(क) वन क्षेत्रको भूउपयोग नीतिमा आधारित भई नयाँ सीमाङ्कन गर्ने। वनको लागि संरक्षित गर्नुपर्ने क्षेत्र राष्ट्रिय सहमतिका आधारमा तय गरी उक्त क्षेत्रको अतिक्रमण पूर्णरुपमा रोक्ने। यस्तो क्षेत्र तोक्दा वैज्ञानिक भूमिसुधारको लागि आवश्यक पर्ने भूमिलाई ध्यान दिनुपर्ने।

(ख) सुकुम्बासी, भूमिहीन र सीमान्त किसानलाई भूमिवितरण गर्ने विकल्प वैज्ञानिक भूमिसुधारको कार्यान्वयन पछि वन क्षेत्रमा अतिक्रमण र वितरण गर्न पूर्णतया रोक लगाउने।

(ग) वन स्रोतमा स्थानीय समुदाय र गरिवको पहुँच पुऱ्याउन आवश्यक कार्यक्रम लागु गर्ने। बिग्रेको वन वा वस्तीबाट पहुँच हुने वनलाई 'कृषि खेती' गर्न गरिव र भूमिहीनलाई वातावरण संरक्षणमा दिगो टेवा पुग्ने गरी खेती गर्न दिने। वनक्षेत्रले गरिवी न्यूनीकरण र खाद्य आपूर्ति बढाउने तवरले वनव्यवस्थापन गर्ने नीति बनाउने।

(घ) मध्य र पहाडी क्षेत्रको सामुदायिक वन व्यवस्थापन नीतिलाई विस्तार गर्दै लाने र चुरे, तराई र भावर क्षेत्रको वनजंगलको संरक्षण तथा भूक्षयलाई रोक्न सरोकारवाला समुदाय र सरकारको प्रभावकारी व्यवस्थापन संयन्त्र निर्माण गरी व्यवस्थापन गर्ने।

(ङ) बन, भूमि र कृषिमा अन्योन्याश्रित सम्बन्ध भएको हुँदा वन, वातावरण र जैविक विविधता संरक्षणको लागि आपसमा समन्वय गरी नीति तथा कार्यक्रम लागु गर्नुपर्ने।

## सवाल ५ : चुरेक्षेत्रको संरक्षण

चुरेको कोमल प्रकृति र राज्यको उपयुक्त व्यवस्थापन नीति नुहँदा चुरेक्षेत्र विनाश हुने क्रम तीब्र हुँदैछ। चुरेक्षेत्रको संरक्षण र सो क्षेत्रमा बस्ने जनताको भूस्वामित्व र जिविकाको विषय पनि एकआपसमा जोडिएको छ। यो विनाशको असर तराई क्षेत्रमा परेको छ। भूमिगत पानीको सतह घट्नु वा अन्न भन्डारको रुपमा चिनिने तराईको फाँट बगर र मरुभूमि बन्दै जानु चुरे विनाशका प्रत्यक्ष असरहरू हुन्। चुरेमा बसोवास गर्ने अधिकांश जनताको भूस्वामित्व समेत नहुँदा तिनीहरुले पनि चुरेको संरक्षणमा ध्यान दिएका देखिंदैनन्।

**सुझावहरू**

(क) चुरेक्षेत्रको वातावरण र पर्यावरणलाई दिगो रुपमा संरक्षण गर्न समग्र चुरेक्षेत्रको नक्सांकन गरी वातावरण अनुकूल हुने गरी बसोबास, कृषि उद्योग, उपयुक्त खेती र वनजंगल क्षेत्र छुट्याई उपयोगमा ल्याउने ।

(ख) कृषि खेती गर्न तोकिएको क्षेत्रमा वातावरण अनुकूल माटोलाई स्थायित्व दिने प्रकृतिको वाली एवम् सोही अनुरुप प्रविधिको विकास र विस्तार गर्ने नीति ल्याउने ।

(ग) भूउपयोगका आधारमा तोकिएको बसोबास क्षेत्र बाहेक अन्य जोखिम र संवेदनशील क्षेत्रका परिवारलाई उपयुक्त विकल्पसहित प्राथमिकताको आधारमा सुरक्षित स्थानमा स्थानान्तरण गर्ने ।

(घ) चुरे क्षेत्रका स्थानीय समुदायलाई संरक्षण, व्यवस्थापन र दिगो उपयोगको जिम्मेवारी दिने व्यवस्था गर्ने ।

(ङ) वातावरण प्रतिकुल हुने सबै प्रकारका गतिविधिहरू हुन नदिन आवश्यक व्यवस्था गर्ने ।

## सवाल ६ : सरकारी, सार्वजनिक जग्गाको संरक्षण

नेपालमा सरकारी, सार्वजनिक जमिनको क्षेत्रफल प्रशस्त छ । यस्ता कतिपय जग्गाहरू खेतीयोग्य पनि छन् । लगभग सबै गाउँमा केही त्यस्तो सार्वजनिक जमिन हुन्छ जुन सार्वजनिक उपयोगको लागि प्रयोग गरिएको हुन्छ । सरकारी सार्वजनिक जग्गाको अद्यावधिक लगत र यसको उपयुक्त व्यवस्थापन राम्रोसंग हुन सकेको देखिँदैन । राज्यको कुनै पनि निकायलाई यसको संरक्षण गर्ने प्रमुख जिम्मेवारी दिइएको देखिँदैन ।

**सुझावहरू**

(क) सरकारी वा सार्वजनिक कित्ता जग्गाको फोटो र नक्सासहितको विवरण सम्बन्धित जग्गा रहेको स्थानमा र नजिकको सार्वजनिक स्थानमा 'यो सार्वजनिक हितको सरकारी सार्वजनिक जग्गा हो यसको संरक्षण गर्न सहयोगका लागि अनुरोध' व्यहोराको बोर्ड समेत लेखी टाँस गर्ने व्यवस्था गर्ने । शहरीक्षेत्रमा अतिक्रमण रोक्न तुरुन्तै लागु गर्ने व्यवस्था गर्ने ।

(ख) सरकारी सार्वजनिक जग्गाको संरक्षण, नियन्त्रण र प्रभावकारी अनुगमन स्थानिय र प्रान्तिय निकायलाई गर्ने व्यवस्था गर्ने ।

(ग) सरकारी र सार्वजनिक जग्गामा अतिक्रमण गरी बस्न नदिने र गैर कानूनी तवरबाट बसेमा कैद र जरिवाना सहितको कडा दण्डसजायको व्यवस्था गर्ने । वर्तमान अवस्थामा अतिक्रमण भएको सार्वजनिक जग्गा फिर्ता गर्ने व्यवस्था मिलाउने । तर सुकुम्वासी, द्वन्द्व पिडीतहरुले ओगटी रहेको सार्वजनिक जग्गाको सन्दर्भमा भने छानविन गरी वास्तविक सुकुम्वासीको उचित व्यवस्था गरी बाँकी जग्गा फिर्ता लिने ।

(घ) सरकारी सार्वजनिक, ऐलानी पर्ति, नदी उकास, वन क्षेत्रको क्षेत्रफल, स्थान र हैसियत निर्धारण गरी अतिक्रमण भएको क्षेत्र यकीन गरी अतिक्रमण हुन नदिने, त्यस्तो अतिक्रमित क्षेत्र लाई पुन : सरकारी स्वामित्वमा ल्याउने । कुनै कारण वा अवस्था देखाई पर्ति, सार्वजनिक, खोला, वगर, वन लगायतका सरकारी जग्गा व्यक्ति वा संस्थाका नाममा दर्ता नगर्ने ।

### सवाल ७ : भूमि बजार र भूमिमा वैदेशिक लगानी

विश्वव्यापीकरणको प्रभावसँगै गरीब मुलुकमा बहुराष्ट्रिय कम्पनीले भूमिमा लगानी गरी भूस्वामित्वमा नियन्त्रण गरी किसानहरू क्रमशः भूमिबाट विस्थापित हुने खतरा रहेको हुन्छ। नेपालको भूमिव्यवस्थापनमा समेत विश्वव्यापीकरणका प्रभावहरु देखा पर्दै गएको स्थीतिमा किसानहरूको परम्परागत जीविकोपार्जन सङ्कटमा पर्न नदिन, बहुराष्ट्रिय कम्पनीको नीतिगत पहल र दवाव कम गर्न वैज्ञानिक भूमिसुधारको उपयुक्त व्यवस्था गरिन जरुरी छ ।

### सुझाव

(क) कुनै पनि विदेशी बहुराष्ट्रिय कम्पनीले नेपाली भूमिको स्वामित्व नपाउने तथा कृषि उत्पादनको क्षेत्रमा लगानी गर्ने विषयमा पूर्णरुपमा बन्देज गर्ने व्यवस्था गर्ने ।

## ५.३ कृषिको उत्पादकत्व वृद्धि र व्यवसायीकरण

### सवाल १ : कृषिको सहकारीकरण

भूमिको समूचित उपयोग र कृषिउत्पादन वृद्धिको लागि कृषिको सहकारीकरण महत्वपूर्ण हुन्छ । जोतको न्यून आकार भएका किसानहरूले सहकारीको माध्यमबाट सामूहिक लगानी र प्रतिफल लिन सक्छन् । कृषि उत्पादनमा आवश्यक साधन जुटाउन सहज र सरल हुन्छ । उत्पादित वस्तुको उपयोग र वितरण र वजारीकरणमा पनि सहयोग पुग्दछ ।

### सुझावहरू

(क) किसान सहकारी सम्बन्धी छुट्टै नीति ल्याउने र यस्तो नीति ल्याउँदा क्षेत्रफल, कित्ता संख्या, सँधियार र किसान परिवार संख्यालाई आधार बनाई न्यूनतम १० किसान परिवारले किसान सहकारी संस्थाको मान्यता पाउने व्यवस्था गर्ने ।

(ख) किसान सहकारी संस्थालाई सहकारी वा व्यावसायिक खेती गर्नका लागि सहुलियत दरमा कृषि ऋृण उपलब्ध गराउने ।

(ग) यस प्रकारका सहकारी संस्थालाई विउविजन, मलखाद, कृषि औजार, कृषि पूर्वाधार विकास, सिँचाइमा २५ प्रतिशत छुट वा सहुलियत दिने ।

(घ) किसानले उत्पादन गरेका उपजहरूको सहज विक्रीका लागि बजार व्यवस्थापनमा राज्यले सहयोग गर्ने । वजार व्यवस्थाको सम्पूर्ण जिम्मेवारी प्रान्तीय कृषि विभाग र अन्तरर्गतका निकायलाई दिने व्यवस्था गर्ने ।

(ङ) कृषिजन्य उद्योगको विकासबाट देशको आर्थिक गतिविधिमा तीब्रता ल्याउन सक्ने भएकाले कृषि उपजमा आधारित कृषि उद्योग स्थापनाको लागि राज्यले आर्कषक छुटको व्यवस्था गर्ने ।

(च) किसानबाट उत्पादित वस्तुको न्यूनतम मूल्य किटान गरी त्यस्ता सामग्री विक्री नभएमा त्यस्तो सामग्रीको न्यूनतम मुल्य बरावरको रकम सरकारले व्यहोर्ने प्रत्याभुती गर्ने ।

(छ) कृषिसम्बन्धी सहकारीको प्रभावकारी अनुगमन गर्ने व्यवस्था गर्न प्रान्तीय सहकारी विभाग र अन्तर्गतका कार्यालयहरूलाई जिम्मेवारी दिने ।

## सवाल २ : कृषिको व्यवसायीकरण र औद्योगिकीकरण

नेपाली समाजको प्रमुख जिविकाको आधार कृषि नै हो र यसमा राज्यको लगानी अत्यन्त न्यून छ। बढ्दो जनसंख्या, वसाइँसराइ र खाद्यसंकटलाई सम्बोधन गर्न राज्यले हाल गरिरहेको प्रयास अपर्याप्त छ। वर्तमान निर्वाहमुखी खेतीप्रणालीलाई रुपान्तरण गरी व्यवसायीकरण र कृषिजन्य उद्योगको विकास र विस्तार गरेर मात्र कृषि उत्पादकत्व वृद्धि गरी रोजगारीको अवसर सिर्जना र खाद्यान्नमा आत्मनिर्भर हुन तथा समग्र आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउन सकिन्छ।

कृषि र उद्योग एक अर्कासंग अन्तर्सम्बन्धित भएकोले कृषि उत्पादन वढाउन आवश्यक वातावरण तयार गरेमा कृषि उत्पादन वढ्ने, उत्पादित वस्तुको उपयुक्त वजार व्यवस्थापन गरेमा पूजीँ प्राप्त हुने र प्राप्त पूजीँलाई कृषि जन्य उद्योगमा लगानी गर्ने वातावरण सृजना गर्न सकिएमा क्रमशः औद्योगिकरणको जग वसाल्न सकिने हुन्छ।

### सुझावहरू

(क) कृषिक्षेत्रले कूल गार्हस्थ्य उत्पादनमा गरेको योगदानको अनुपातमा कृषिमा लगानी वृद्धि गर्ने।

(ख) कृषि सडक, विद्युत्, सिंचाइजस्ता पूर्वाधारको विकास गर्दा मल कारखाना, कृषिजन्य उद्योग, व्यावसायिक कृषि खेतीलाई प्रत्यक्ष सहयोग पुग्ने गरी सरकारको प्रमुख प्राथामिकतामा राखी स्थापना, विकास र विस्तार गर्ने।

(ग) उत्पादन वृद्धिको लागि किसानलाई आवश्यक समय सुहाउँदो नयाँनयाँ प्रविधि, औजार, उपकरण प्रयोग गर्न आवश्यक तालिमको व्यवस्था गर्ने।

(घ) स्तरीय मलखाद र विउविजनमा अनुदान दिई सरल रुपमा नियमित उपलब्ध गराउने व्यवस्था गर्ने।

(ङ) नगदेवाली, फलफुल खेती, कफि, चिया लगायत विशेष प्रकारका खेती तथा जडीबुटी खेतीमा जैविक खेती (Organic Farming) गर्न प्रोत्साहन गरी सहुलियत दिने व्यवस्था गर्ने।

(च) कृषकका कृषि उत्पादन विक्रि वितरणको सहज पहुँच र उपयुक्त व्यवस्थापनका लागि राज्यले स्थानीय, प्रान्तीय र राष्ट्रियस्तरमा वजार विकास र व्यवस्थापन गर्ने व्यवस्था गर्ने।

(छ) कृषि प्रणालीको व्यवसायिकरणद्वारा उत्पादनमा वृद्धि ल्याउने र यस्ता उत्पादनको उपयोग गरी वस्तु उत्पादन गर्ने कृषिजन्य उद्योगको विस्तार र विकासमा राज्यले पहिलो प्राथमिकता दिने व्यवस्था गर्ने।

(ज) उत्पादित कृषिवस्तु सड्न, किरालाग्न नदिन सहकारी युक्त आधुनिक भण्डारण प्रणालीको विकास स्थानिय, प्रान्तिय र राष्ट्रियस्तरमा गरी यसको विकास र विस्तार गर्दै लैजाने व्यवस्था गर्ने।

(झ) जलवायु परिवर्तन र प्राकृतिक प्रकोपका कारणबाट विउविजन, कृषि उपज तथा कृषिजन्य उद्योगमा पर्न जाने हानी नोक्सानीबाट जोगाउन र किसानहरूलाई क्षतिपूर्ति दिई राहत दिन कृषिविमाको अनिवार्य व्यवस्था गर्ने।

(ञ) किसान परिचयपत्रको व्यवस्था गरी वर्षमा एकपटक कृषि दिवस मनाउने व्यवस्था गर्ने।

(ट) कृषिलाई उद्योगको रुपमा मान्यता दिई कृषि उद्योगलाई रोजगारी श्रृजना गर्ने क्षेत्रको रुपमा विकास गरी कृषि उद्यमलाई विशेष सहुलियत र उत्प्रेरित गर्ने।

## ५.४ सवल भूमि प्रशासन तथा कृषि व्यवस्थापन

### सवाल १ : भूमि प्रशासन तथा व्यवस्थापन

भूमि प्रशासन, व्यवस्थापन र नापनक्सा सम्वन्धी जिम्मेवार भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तर्गतका निकायहरू परम्परागत ढंगबाट सञ्चालित छन् । जनताले अपेक्षा गरे अनुरूपको गुणस्तरीय र सन्तोषजनक सेवा, सूचना प्राप्त गर्न सकेका छैनन् । कार्यप्रणाली केन्द्रीकृत छ । दक्ष जनशक्तिको अभाव छ । सेवाको विशिष्टीकरण नहुँदा अनुभवी र दक्ष जनशक्ति संगठनबाट वाहिरिने क्रम जारी छ । निगरानी, नियन्त्रण प्रभावकारी नहुँदा दण्डविहीनता व्याप्त छ । कामसँग अतिरिक्त कमाईलाई जोडेर हेरिने हुँदा विकृति मौलाउँदै गएको छ । वारम्वार संगठन संरचनामा फेरबदल भइरहने, दरवन्दी हेरफेर/कार्यालय खारेजी/गाभिने, छुट्टिने भइरहको छ ।

हाल भूमिव्यवस्थापन तथा प्रशासनसंग सम्बन्धित ६२ वटा भन्दा वढी ऐन र २७ वटा भन्दा वढी नियमहरू प्रचलनमा रहेका देखिन्छन् । यसरी जग्गा प्रशासनसँग सम्बन्धित धेरै ऐन नियमहरू प्रचलनमा रहँदा ऐन, नियमहरू एकआपसमा बाझिनु, कानूनमा रहेको भाषागत जटिलताले दोहोरो अर्थ लाग्ने प्रकारको हुनु, न्यायिक र अर्धन्यायिक निकायले हेर्ने विषयवस्तुहरूमा स्पष्ट नहुनु लगायतका कारणहरूले गर्दा सेवा/सूचनाहरू प्रभावकारी नभएको र अदालतहरूमा समेत भूमि सम्वन्धी मुद्दामामिला बढदै गएको देखिन्छ । नियम कानून तथा कार्यविधिहरू जटिल भएका कारण किसान, न्यून आय, गरीव सर्वसाधारणको पहुँच सहज छैन । सर्वसाधारण जनता वाटो खर्च, वकिल दस्तुर, अदालतीय झन्झट, अनियमितता आदि कारणले गर्दा मुद्दा लड्नु भन्दा मर्का, थिचोमिचो सहेर वस्ने गरेका पनि छन् । समग्रमा न्यायप्रणाली आम जनताका लागि सरल, सहज र प्रभावकारी भएको देखिंदैन ।

अभिलेखहरू व्यवस्थित र अद्यावधिक छैनन् । केही वर्ष अगाडिदेखि मालपोत कार्यालयका स्रेस्ताका विवरण र नापी कार्यालयका कित्तानापी नक्साहरू कम्प्युटरमा आबद्ध गर्ने प्रयास भईरहेको छ तर पनि समग्रमा सेवाप्रवाह प्रभावकारी हुन सकिरहेको छैन । जुन जुन जिल्लामा कम्प्यूटरकृत भएको छ ती जिल्लामा कम्प्यूटरको माध्यमबाट जनतालाई दिने सेवा प्रवाह भई रहेको छैन् । कम्प्यूटरमा राखिएका जग्गाको स्रेस्ता लगत पनि अद्यावधिक भई रहेको स्थिति नहुँदा नयाँ प्रविधिलाई आत्मसाथ गर्न सकेका छैनन् । प्रविधिको समुचित प्रयोग गरी अभिलेखहरू व्यवस्थित र अद्यावधिक राख्न, स्तरीय सेवा, सूचना प्रवाह गर्ने कार्य दिन प्रतिदिन चुनौतीपूर्ण भैरहेको छ । वैज्ञानिक भूमिसुधार लगायत कुनै पनि भूमि सम्वन्धी कार्यक्रम सफल कार्यान्वयन गर्न अद्यावधिक र तथ्यपरक भू-सूचनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

### सुझावहरू

मन्त्रालय र अन्तर्गतका निकायहरूको विद्यमान परम्परागत संस्थागत संरचनामा आमूल परिवर्तन गरी संगठन संरचनालाई समयानुकूल चुस्त, सक्षम र प्रभावकारी बनाई सेवा/सुचनाहरू सरल, सहज र प्रभावकारी तवरबाट उपलब्ध गराउन (क) प्रशासनिक सुधार (ख) कानून र न्यायिक सुधार (ग) प्राविधिक सुधार गर्न देहाय अनुसार सुझाव गरिएको छ;

**(क) प्रशासनिक सुधार अन्तर्गत**

(अ) विद्यमान संरचनामा पुनरावलोकन गरी सक्षम प्राविधिक निकायका रुपमा विकास गर्ने गरी संगठन संरचनामा आमूल सुधार गर्ने ।

(आ) स्थानीयतहमा सहजरुपले नापनक्सा, जग्गा प्रशासन र भूमि व्यवस्थापन सम्बन्धी आधारभूत सेवा/सूचनाहरू उपलब्ध गराउन भूमिसम्बन्धी कार्यालयहरूको एकीकरण गरी भौतिक, प्रविधिक र सक्षम जनशक्ति सहितको भूमि व्यवस्थापन कार्यालयका रुपमा विकास गर्ने ।

(इ) नापनक्सा, जग्गा प्रशासन तथा भूमि व्यवस्थापन सम्बन्धी आधारभूत सेवा/सूचनाहरू प्रभावकारी तवरबाट उपलब्ध गराउने गरी तथा सर्वसाधारण जनतामा सहज पहुँच पुऱ्याउने गरी आवश्यक अधिकारको पूर्ण विकेन्द्रीकरण गर्ने ।

(ई) निजामती सेवामा 'भूमि व्यवस्थापन सेवा' भन्ने छुट्टै सेवा स्थापना गरी नाप नक्सा, भूमि प्रशासन, भूमि व्यवस्थापन, भूमि सम्बन्धी कानून र सूचना प्रविधि सम्बन्धी औपचारिक अध्ययन गरेका वा उपयुक्त तालिम र अनुभव हासिल गरेका जनशक्तिहरूमा जिम्मेवारी दिने र सेवाको विशिष्टीकरण गरी एउटै भूमि व्यवस्थापन सेवामा आबद्ध गर्ने व्यवस्था गर्ने ।

(उ) प्रशासन सेवाका कर्मचारीहरूलाई केवल कर्मचारी प्रशासनको मात्र जिम्मेवारी दिइने व्यवस्था गर्ने ।

(ऊ) सम्पर्ण भूमि सम्वन्धी सेवा सूचना प्रवाहका लागि प्रशासनिक प्रक्रिया सरल बनाउने ।

(ए) दण्ड र पुरस्कारको सिद्धान्त दृढताका साथ अबलम्बन गर्ने व्यवस्था गर्ने ।

**(ख) कानून र न्यायिक सुधार अन्तर्गत**

(अ) एकीकृत भूमि व्यवस्थापन ऐन र नियमावली तयार गरी Land Code को रुपमा कार्यान्वयन गर्ने व्यवस्था गर्ने । जसमा वैज्ञानिक भूमिसुधार कार्यान्वयन गर्न, भूउपयोग तथा भूमिव्यवस्थापन गर्न, नापनक्सा गर्न र स्थानिय तहमा भूमिसम्वन्धी सेवाप्रवाह गर्न आवश्यक कानूनी प्रावधानहरू खण्डमा रहने गरी ऐन र नियमावली तयार गर्न र सो को कार्यान्वयन गर्न आवश्यक व्यवस्था गर्ने ।

(आ) विशेषज्ञता हासिल गरेका न्यायाधीश र भूमिसम्बन्धी विशेषज्ञहरू सम्मिलित इजलासद्वारा भूमि सम्बन्धी विशेष प्रकृतिका मुद्दाहरूको छिटो छरितो र प्रभावकारी रुपमा न्याय निरुपण गर्न, अदालतमा भूमिसम्बन्धी मुद्दामामिलाको भार कम गर्न र न्याय प्रणालीलाई सुदृढ र प्रभावकारी वनाउन आवश्यकता अनुसार प्रान्त वा स्थानीय तहमा भूमि न्यायाधिकरण (Land Tribunal) को स्थापना गर्ने कानूनी व्यवस्था गर्ने ।

(इ) भूमिसम्बन्धी विभिन्न अधिकारहरु नयाँ बन्ने संविधान देखि नै व्यवस्थित गर्दै लान आयोगको तर्फबाट नयाँ बन्न लागेको संविधानमा समावेश गर्न सिफारिस गरिएका प्रावधानहरु *अनुसूची १* मा संलग्न गरिएको छ ।

(ई) प्राथमिक तहदेखि नै भूमिसम्बन्धी विवाद न्यूनीकरण गर्न सहयोग पुऱ्याउन समुदाय वा स्थानीय तहमा नै विवाद मिलनकेन्द्र स्थापनाका लागि कानूनी व्यवस्था गर्ने ।

**(ग) प्राविधिक सुधार अन्तर्गत**

(अ) सूचना प्रविधिमा आधारित उपयुक्त भूसूचना प्रणालीको विकास गर्ने र योजनाबद्धरुपमा कार्ययोजनाका आधारमा निश्चित अवधिभित्र भूसूचना प्रणाली देशव्यापी रुपमा लागु गरी कार्य संचालन गर्ने व्यवस्था गर्ने ।

(आ) दक्ष प्राविधिक जनशक्ति विकास र परिचालन गर्ने नीति अवलम्बन गर्ने व्यवस्था गर्ने ।

(ई) परम्परागत र केन्द्रीकृत कार्यप्रणालीलाई रुपान्तरण गरी सूचना प्रविधि तथा बिकसित प्रविधिमा आधारित विकेन्द्रीकृत कार्य प्रणाली अवलम्वन गर्ने व्यवस्था गर्ने ।

(उ) शिपयुक्त प्राविधिक जनशक्ति विकासका माध्यमवाट सूचना प्रविधिमा आधारित प्रविधीको उपयोग गरी स्थनीयस्तरमा आधारभूत सेवा/सूचनाहरू प्रभावकारी तवरबाट उपलब्ध गराउने प्रणालीको विकास गर्ने ।

(ऊ) सम्पूर्ण भूमिको भूमिगणना गरी वैज्ञानिक भूमि लगत तयार गर्न डिजिटल प्रविधिमा आधारित नापनक्सा कार्यक्रम संचालन गर्ने ।

(ए) डिजिटल प्रविधिमा आधारित कार्य प्रणालीमा रुपान्तरणका लागि प्रविधिमा सुधार र कार्यरत जनशक्तिको र क्षमता विकास गर्ने ।

(ऐ) गाउँब्लक जग्गाको नापनक्सा वमोजिम कित्ताकाट गरी दर्ता गर्ने प्रक्रिया छिटो सम्पन्न गराउने व्यवस्था गर्ने ।

(ओ) भूमिव्यवस्थापन कार्यमा आवश्यक पर्ने योग्य र दक्ष प्राविधिक जनशक्ति विकास गर्न अल्पकालीन सुधार अन्तर्गत जग्गा प्रशासनमा कार्यरत कर्मचारीलाई ६ महिनाको नापनक्सा, जग्गा प्रशासन सहितको Land management तालिम दिलाउँदै दक्ष र सक्षम वनाई उपयोग गर्ने नीति अवलम्वन गर्ने व्यवस्था गर्ने ।

(औ) भूमि व्यवस्थापन कार्यमा आवश्यक पर्ने योग्य र दक्ष प्राविधिक जनशक्ति विकास गर्न दीर्घकालीन सुधार अन्तर्गत जग्गाप्रशासन सहितको 'भूमि व्यवस्थापन' विषय वा 'जियोम्याट्रिक्स' विषयको औपचारिक अध्ययन (भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) अन्तर्गत 'जियोम्याट्रिक्स' वा 'भूमि व्यवस्थापन डिप्लोमा' कोर्ष (एसएलसी पछि ३ वर्ष) कोर्ष तथा विश्वविद्यालय अन्तर्गत 'भूमि व्यवस्थापन' वा 'जियोम्याट्रिक्स' (१०+२ पछि ४ वर्ष) कोर्ष अध्ययन गराउने पूर्वाधार निर्माण गरी सहायकस्तर र अधिकृतस्तरका शीपयुक्त दक्ष प्राविधिक जनशक्ति उत्पादन गराउने व्यवस्था गरी यस्ता जनशक्ति मात्र भूमि व्यवस्थापन कार्यमा उपयोग गर्ने नीति अवलम्बन गर्ने व्यवस्था गर्ने ।

## ५.५ भूमिकरको व्यवस्था

भूमिकरसम्बन्धी वर्तमान अवस्था स्पष्ट नभएको, भूमि लगायत कृषि क्षेत्रमा करको व्यवस्था नरहेको, करको कानूनी दायरामा ल्याउन नसक्दा कृषि क्षेत्रमा उत्पादन नवढनु जमिन वाँझो रहनु, करदाताहरूको विवरण लगत नहुनु, करसम्बन्धी तालिम, प्रशिक्षण, दक्ष जनशक्तिको उत्पादन नगर्नु, अनुगमन र कार्यान्वयनमा उदासीनता आउनु,

**सुझावहरू**

(क) वर्तमान मालपोत/भूमिकर प्रणालीलाई समय सापेक्ष रुपमा परिमार्जन गर्ने ।

(ख) परिमार्जित भूमिकर प्रणाली अनुसार कृषिभूमि, आवास तथा व्यापारिक प्रयोजनको लागि खालि जग्गा र आवासीय व्यापारिक प्रयोजनका लागि निर्माण गरिएका भवन (Real Estate) लाई फरक फरक भूमिकर लगाउने नीति अवलम्बन गर्ने ।

(ग) भूमिको उर्वराशक्तिको आधारमा तोकिएको मापदण्डमन्दा कम हुनेगरी भूमिको प्रयोग गरेको पाइएमा तेब्बर कर लिने व्यवस्था गर्ने ।

(घ) वैज्ञानिक कर प्रणालीलाई व्यवस्थित र प्रभावकारी वनाउन तालिमको व्यवस्था गरी दक्ष जनशक्ति तयार गर्ने ।

(ङ) अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउने ।

## ५.६ सहकारीतामा आधारित भूमि बैङ्क

भूमि र कृषिक्षेत्रमा सम्पूर्ण पूर्वाधार विकासमा सरकारी लगानी कम हुनु, कृषिक्षेत्रलाई महत्व नदिनु, सहुलियत दरमा मल, विउ, औजार, ऋण उपलब्ध नहुनु, कृषिक्षेत्रमा अनुदान नदिनु साना किसान लगायत खेतीमा काम गर्ने किसानहरूलाई आर्थिक रुपमा माथि उठने, उत्पादन वढाउने खालका ठोस कार्यक्रम नहुनु वर्तमान अवस्थामा कृषकका मुख्य समस्या हुन् ।

**सुझावहरू**

(क) वैज्ञानिक भूमिसुधार कार्यान्वयनका लागि सहकारीतामा आधारित भूमि बैङ्कको स्थापना गर्ने ।

(ख) भूमि बैङ्कले राष्ट्रिय अन्तर्राष्ट्रिय वित्तिय संस्थाहरुबाट आवश्यक वित्तिय स्रोत जुटाउनेछ । राष्ट्रियस्तरका बैङ्क तथा वित्तिय संस्थाहरुबाट अनिवार्यरुपमा कुलपूँजीको ५ प्रतिशत रकम शेयरको रुपमा लगानी गर्ने र साना किसानहरुको सहकारी समूहलाई शेयर लगानी गर्न अभिप्रेरित गर्ने व्यवस्था गर्ने ।

(ग) निजी क्षेत्रका राष्ट्रिय उद्योग, व्यवसाय, व्यापार, हाउजिङ्ग वा अन्य व्यवसायिक उद्योगको कुल लगानीको एक प्रतिशत रकम जम्मा गरी भूमि बैङ्कले सुकुम्बासी, गरिव, दलित, पिछडिएका समुदायको हितमा लगाउन 'गरिवी निवारण तथा सामाजिक विकास कोष' स्थापना गर्ने ।

(घ) भूमि बैङ्क मार्फत हदबन्दीभन्दा माथिको जग्गाको क्षतिपूर्ति दिने र किसानले प्राप्त गर्ने जग्गाको मूल्य किस्ताबन्दीमा संकलन गर्ने ।

(ङ) भूमि र कृषिक्षेत्रमा सम्पूर्ण कृषि पूर्वाधार विकासका लागि लगानी गर्न, ऋण तथा अनुदान उपलब्ध गराउने ।

(च) सहकारी खेती गर्ने समूह, उत्पादनमा बृद्धी गर्ने समूहलाई प्रोत्साहन गर्ने, अनुदान र सहुलियत दरमा ऋण उपलब्ध गराउने ।

(छ) साना किसानलाई कृषि जमिन खरिद गर्न सुलभ ऋण उपलब्ध गराउने ।

(ज) भूमिहीन किसान, सुकुम्बासी, महिला, दलित तथा आर्थिक सामाजिक रुपले विपन्नवर्गको भूस्वामित्व बढाउन, आयमूलक, सीपमुलक कार्य गर्न सुलभ ऋण प्रवाह गर्ने ।

(झ) स्थानीय आयोगले वितरण गरेका जग्गाको वास्तविक सदुपयोग भए नभएको अनुगमन गर्ने ।

## भाग - छ

# वैज्ञानिक भूमिसुधार कार्यान्वयन व्यवस्था

प्रस्तावित वैज्ञानिक भूमिसुधारलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने संयन्त्र, ती निकायहरूको काम, कर्तव्य र अधिकारबारे यस भागमा विस्तृतरुपमा उल्लेख गरिएको छ ।

वैज्ञानिक भूमिसुधारलाई एकाङ्गी रुपमा नहेरी कृषिविकासको साथै भूमिको समन्यायिक वितरण, कृषिजन्य उद्योगको जग बसाल्ने र रोजगारीको अवसर सृजना गरी समग्र आर्थिक सामाजिक रुपान्तरणको संयन्त्र निर्माण र कार्यान्वयन गरिनु आवश्यक छ ।

भूमिसुधारका विगतका प्रयासहरूका कतिपय उद्देश्य तथा नीति राम्रा भए तापनि ती प्रयासहरू सफल हुन नसक्नुमा कार्यान्वयन पक्ष कमजोर रहनु नै हो । कमजोर कार्यान्वयन पक्षका कारण विगतमा अपेक्षित उपलब्धि हासिल गर्न नसकिएको यथार्थलाई मनन गरी प्रस्तावित वैज्ञानिक भूमिसुधारको उद्देश्य अनुरुप अपेक्षित उपलब्धि हासिल गर्न यसको प्रभावकारी कार्यान्वयनमा जोड दिन जरुरी हुन आउँछ ।

वैज्ञानिक भूमिसुधारको सफल कार्यान्वयनका लागि राजनीतिक दलको दृढ प्रतिबद्धता, कटिबद्धता एवम् दलहरूविच आपसी सहमति र सहकार्य सबैभन्दा महत्वपूर्ण पक्ष हो । त्यस्तै वैज्ञानिक भूमिसुधारको उद्देश्य, नीति र कार्यक्रम समेतमा स्पष्ट हुन आवश्यक हुन्छ । आवश्यक साधन, स्रोत तथा उपयुक्त जनशक्तिको परिचालन वैज्ञानिक भूमिसुधारको सफल कार्यान्वयनको अर्को महत्वपूर्ण आधार हो ।

अपेक्षित उपलब्धिसहितको विस्तृत कार्य योजना, निश्चित समयावधि तोकी तोकिएकै समयभित्र छिटोछरितो रुपमा योजना सम्पन्न गर्नु/गराउनु साथै विभिन्न क्षेत्रगत निकायहरूका विच सकृय सहभागिता, समन्वय र आपसी सहयोग हुनु वैज्ञानिक भूमिसुधार कार्यान्वयनका अन्य महत्वपूर्ण पक्षहरू हुन् ।

दिनानुदिन जटिल बन्दै गएको मुलुकको प्रमुख समस्या भूमिलाई दिर्घकालीन रुपमा सम्बोधन गर्ने गरी सरकारले कार्य सञ्चालन तथा व्यवस्थापन गरेको पाइँदैन । सम्बन्धित मन्त्रालय र यस अन्तर्गतका निकायहरू दैनिक कार्यसञ्चालनमा सिमित बनेका छन् ।

हाल भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत भूमिसुधार सम्वन्धी कार्य गर्न गराउन भूमिसुधार तथा व्यवस्थापन विभाग, नापी विभाग, भूसूचना तथा अभिलेख विभाग र भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र विभागीय रुपमा रहेका छन् । ७५ जिल्लाका ८३ वटा मालपोत तथा नापी कार्यालय र २२ जिल्लामा भूमिसुधार कार्यालयहरू रहेका छन् । यी सबै निकायमा गरी करिव ९ हजार विभिन्न तहका जनशक्ति कार्यरत रहेका छन् ।

विद्यमान भूमिसुधार तथा व्यवस्था मन्त्रालय नयाँ र गतिशील कार्यक्रम विहीन र सुसुप्त अवस्थामा रहेको र यसको संस्थागत संरचना समेत कमजोर देखिन्छ । यस्तो कमजोर संस्थागत संयन्त्रबाट मात्र वैज्ञानिक भूमिसुधार सम्वन्धी महत्वपूर्ण कार्यक्रम सञ्चालन गर्न सकिने अवस्था देखिँदैन ।

वैज्ञानिक भूमिसुधार कार्यान्वयन गर्न 'केन्द्रीय निकाय' का रुपमा कार्य गर्ने पहिलो जिम्मेवारी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको भएकाले आवश्यक पूर्वतयारी कार्य अन्तर्गत यस मन्त्रालय र अन्तर्गतका निकायहरूको विद्यमान परम्परागत संस्थागत संरचनामा आमूल परिवर्तन, प्रविधिमा सुधार, उपयुक्त जनशक्ति विकास, संस्थागत क्षमता विकास र कानूनमा आवश्यक र उपयुक्त सुधारका प्रभावकारी कदमहरू सबैभन्दा पहिले गर्नु जरुरी छ ।

त्यसैगरी वैज्ञानिक भूमिसुधार कार्यान्वयन गर्ने अर्को महत्वपूर्ण निकाय कृषि तथा सहकारी मन्त्रालय पनि भएकोले यस मन्त्रालयको विद्यमान संस्थागत संरचनामा सुधार, प्रविधिमा सुधार, उपयुक्त जनशक्ति विकासका लागि उपयुक्त सुधारका कदमहरू साथ साथै चालिनु आवश्यक छ ।

त्यसैगरी आवश्यकता अनुरुप अन्य क्षेत्रगत निकायहरू जस्तै वन, सिंचाइ, ऊर्जा, भौतिक योजना, स्थानीय विकास र गृह मन्त्रालयको सकृय सहभागिता र सहयोग त्यतिकै आवश्यक पर्ने भएकाले यी निकायहरूमा पनि समयानुकूल सुधार गरी कार्यान्वयनका लागि सुदृढ बनाइनुपर्दछ ।

वैज्ञानिक भूमिसुधारका उद्देश्य, नीति र कार्यक्रम समेतमा स्पष्टता ल्याई लोकतान्त्रिक प्रक्रियाद्वारा राजनीतिक दलहरूको सहमति र सहकार्यमा राष्ट्रिय अभियानको रुपमा ३ देखि ५ वर्ष भित्र सम्पन्न गर्ने गरी दृढताका साथ सशक्त तथा प्रभावकारी तवरबाट अधिकारसम्पन्न उपयुक्त कार्यान्वयन संयन्त्र ( केन्द्रदेखि स्थानीय तहसम्म) निर्माण गरी विकेन्द्रित तवरबाट तदनुरुप अगाडि बढ्नु आवश्यक छ ।

वैज्ञानिक भूमिसुधार कार्यान्वयन गर्न केन्द्र/प्रान्त/स्थानीय तहसम्मको अधिकारसम्पन्न देहाय बमोजिमका छुट्टै कार्यान्वयन संयन्त्रको प्रस्ताव गरिएको छ ।

## ६.१ वैज्ञानिक भूमिसुधार कार्यान्वयन केन्द्रीय आयोग

केन्द्रीय स्तरमा सरोकारवाला र उच्च पदाधिकारीहरू सम्मिलित **वैज्ञानिक भूमिसुधार कार्यान्वयन केन्द्रीय आयोग** को गठन प्रस्ताव गरिएको छ ।

| | |
|---|---|
| नेपाल सरकारले तोकेको ब्यक्ति | अध्यक्ष |
| सदस्य, राष्ट्रिय योजना आयोग (भूमि र कृषि सम्बन्धी) | सदस्य |
| सचिव, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| सचिव, सिंचाइ मन्त्रालय | सदस्य |
| सचिव, वन मन्त्रालय | सदस्य |
| सचिव, कानून मन्त्रालय मन्त्रालय | सदस्य |
| सचिव, भौतिक योजना मन्त्रालय | सदस्य |
| सचिव, संघीय मामिला सम्वन्धि मन्त्रालय | सदस्य |
| भूमि, कृषि, कानून, सिंचाइ, वन सम्बन्धी विशेषज्ञहरू ५ जना | सदस्य |
| सरोकारवाला संघ संगठनवाट ४ जना (पुरुष २, महिला २) | सदस्य |
| भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव | सदस्य सचिव |

यस अतिरिक्त आवश्यकता अनुसार ऊर्जा, स्थानीय विकास, उद्योग, वातावरण मन्त्रालयका मन्त्री तथा सचिव, संविधानसभा/प्रतिनिधिसभा (प्राकृतिक स्रोत साधन समिति), वैज्ञानिक भूमिसुधार कार्यान्वयन प्रान्तीय आयोगका अध्यक्षहरूलाई आमन्त्रित सदस्यको रुपमा सम्मिलित गराउने ।

### ६.१.१ केन्द्रीय आयोगको काम र कर्तब्य

- वैज्ञानिक भूमिसुधार लागु गर्न र कार्यान्वयन गर्न आवश्यक पर्ने सम्पूर्ण नीतिगत प्रशासनिक र कानुनी व्यवस्था मिलाउने ।
- सुधार गर्नुपर्ने नीति, नियम र कानुनको परिमार्जन गर्न वा आवश्यक पर्ने नयाँ नीति नियम तथा कानुन निमार्ण गरी कार्यान्वयनमा ल्याउन नेपाल सरकार (मन्त्रिपरिषद्) सँग समन्वय गर्ने ।
- वैज्ञानिक भूमिसुधार देशभरि लागु गर्न र यसको प्रभावकारी कार्यान्वयन व्यवस्था मिलाउन आवश्यक राजनीतिक सहमति निर्माण तथा अनुकूल राजनीतिक बातावरण तयार गर्ने ।
- विभिन्न सरोकारवाला र केन्द्र/प्रान्तस्तरीय आयोग वीच समन्वय कायम गर्ने ।
- बैज्ञानिक भूमिसुधार कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गर्ने ।
- कार्यान्वयन क्रममा आउने समस्याहरूको निराकरण गरी कार्यान्वयनमा एकरुपता र प्रभावकारिता ल्याउने ।
- उद्देश्य अनुरूप विस्तृत कार्ययोजना तयार पारी प्रत्येक कार्यहरू निश्चित समयभित्र सम्पन्न गर्ने व्यवस्था मिलाउने ।
- प्रान्तीय आयोगलाई आवश्यकता अनुसार निर्देशन दिने ।
- सरोकारवालाहरूको सहभागितामा अनुगमन समिति बनाई प्रभावकारी अनुगमन पद्दतिको विकास गर्ने साथै आवधिकरुपले प्रगति समीक्षा तथा मूल्याङ्कन गरी अनुगमन गर्ने प्रक्रियालाई प्रभावकारी बनाउने ।
- कार्यान्वयन प्रभावकारी बनाउन आवश्यकता अनुसार प्रचारप्रसार सम्बन्धी व्यवस्था गर्ने ।
- कानुनले तोके बमोजिमका अन्य कामहरू गर्ने ।

### ६.१.२ केन्द्रीय आयोगको अधिकार

- आयोगको कार्यअवधि नेपाल सरकारले तोके वमोजिम हुनेछ ।
- आयोगले आवश्यकता अनुसार विषयगत समिति/उपसमितिहरू बनाउन सक्नेछ ।
- सम्बन्धित निकायसँग समन्वय गरी आयोगले आयोगको काममा त्यस्ता जनशक्तिलाई आवश्यकता अनुसार परिचालिन गर्न सक्नेछ ।
- आयोगले विभिन्न दातृसंघसंस्था वा निकायसँग समन्वय गरी आर्थिक/प्राविधिक सहयोग लिन सक्नेछ ।

### ६.१.३ केन्द्रीय आयोगका सदस्यका हैसियत तथा सुविधा

- आयोगका सदस्यको हैसियत र सुविधा नेपाल सरकार (मन्त्रिपरिषद्) ले तोकेबमोजिम हुनेछ ।

### ६.१.४ कदर गर्ने व्यवस्था

वैज्ञानिक भूमिसुधारको माध्यमबाट विद्यमान रहेको विभेद, अवरोध हटाई सामाजिक आर्थिक विकासमा ठूलो योगदान पुऱ्याउने राष्ट्रिय अभियान भएको हुँदा यसमा प्रत्यक्ष सहयोग गर्ने वा स्वतस्फुर्तरुपमा हदवन्दी सीमाभित्र वा बाहिरको जग्गाजमिन राज्यलाई उपलब्ध गराउने जग्गाधनीलाई वा कार्यान्वयन स्तरको विभिन्न तहमा रही सेवा गर्ने व्यक्तिहरू मध्ये उत्कृष्ट व्यक्तिहरूलाई गरेको योगदान अनुसार कदरस्वरुप तक्मा, पुरस्कार, प्रशंसापत्र, कदरपत्र आदि दिने व्यवस्था आयोगको सिफारिसमा सरकारले गर्ने ।

## ६.२ वैज्ञानिक भूमिसुधार कार्यान्वयन प्रान्तीय आयोग

राज्यको शासनसंरचना संघीय हुन गइरहेको सन्दर्भमा विभिन्न प्रान्तमा राज्य विभाजन हुने अवस्थालाई ध्यानमा राखी **वैज्ञानिक भूमिसुधार कार्यान्वयन प्रान्तीय आयोग** को गठन प्रस्ताव गरिएको छ ।

| | |
|---|---|
| प्रान्तीय सरकारले तोकेको व्यक्ति | अध्यक्ष |
| प्रान्तीय सचिव, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| प्रान्तीय सचिव, सिंचाइ मन्त्रालय | सदस्य |
| प्रान्तीय सचिव, वन मन्त्रालय | सदस्य |
| प्रान्तीय सचिव, कानून मन्त्रालय | सदस्य |
| प्रान्तीय सचिव, भौतिक योजना मन्त्रालय | सदस्य |
| प्रान्तीय योजना आयोगका सदस्य (भूमि र कृषि सम्बन्धि ) | सदस्य |
| भूमि, कृषि, कानून, सिंचाइ, वन सम्बन्धी विशेषज्ञहरू ५ जना | सदस्य |
| सरोकारवाला संघ संगठनवाट ४ जना (पुरुष २, महिला २) | सदस्य |
| प्रान्तीय सचिव, भूमिसुधार मन्त्रालय | सदस्य सचिव |

यस अतिरिक्त सिंचाइ, ऊर्जा, भौतिक योजना, स्थानीय विकास, उद्योग र वन मन्त्रालयका प्रान्तीय मन्त्री र सचिवहरूलाई आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा सम्मिलित गराउने ।

### ६.२.१ प्रान्तीय आयोगको काम र कर्तब्य

- केन्द्रीय कार्यान्वयन आयोगको नीतिभित्र रही वैज्ञानिक भूमिसुधार कार्यान्वयन गर्न प्रान्तलाई आवश्यक प्रशासनिक कानुनी व्यवस्था मिलाउने ।
- केन्द्रीय आयोग, स्थानीय आयोग र सम्बन्धित सरोकारवालावीच समन्वय कायम गर्ने ।
- उद्देश्य अनुरुप विस्तृत कार्ययोजना तयार पारी प्रत्येक कार्यहरू निश्चित समयभित्र सम्पन्न गर्ने व्यवस्था मिलाउने ।
- वैज्ञानिक भूमिसुधार कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गर्ने ।
- कार्यान्वयन क्रममा आउने समस्याहरूको निराकरण गरी कार्यान्वयनमा एकरूपता र प्रभावकारिता ल्याउने ।

- स्थानीय तहको वैज्ञानिक भूमिसुधार कार्यान्वयन आयोग गठन गर्ने ।
- स्थानीय आयोगलाई आवश्यकता अनुसार निर्देशन दिने ।
- सरोकारवालाहरूको सहभागितामा निरीक्षण तथा अनुगमन समिति बनाई प्रभावकारी निरीक्षण र अनुगमन पद्धतिको विकास साथै आवधिक रुपले प्रगति समीक्षा तथा मूल्याङ्कन गरी अनुगमन गर्ने प्रक्रियालाई प्रभावकारी बनाउने ।
- कार्यान्वयन प्रभावकारी बनाउन आवश्यकता अनुसार प्रचारप्रसार सम्बन्धी व्यवस्था गर्ने ।
- नियमित रुपमा कार्यान्वयनको प्रगति तथा आइपरेका समस्याहरू केन्द्रीय आयोगमा पठाउने ।
- कानुनले तोके बमोजिमका अन्य कामहरू गर्ने ।

### ६.२.२ प्रान्तीय आयोगको अधिकार

- आयोगको अवधि प्रान्त सरकारले तोके बमोजिम हुनेछ ।
- आयोगले गरेका निर्णय प्रान्तीय मन्त्रिपरिषद्ले गरेको निर्णयसरह हुनेछ ।
- आयोगले आवश्यकता अनुसार विषयगत समिति/उपसमितिहरू बनाउन सक्नेछ ।
- सम्बन्धित निकायसँग समन्वय गरी आयोगले आयोगको काममा त्यस्ता जनशक्तिलाई आवश्यकता अनुसार परिचालन गर्न सक्नेछ ।
- आयोगले विदेशी संघ, संस्था वा निकायसँग समन्वय गरी आर्थिक/प्राविधिक सहयोग लिन सक्नेछ ।

### ६.२.३ प्रान्तीय आयोगका सदस्यको हैसियत तथा सुविधा

- आयोगका सदस्यको हैसियत र सुविधा प्रान्तीय मन्त्रिपरिषद्ले तोके बमोजिम हुनेछ ।

## ६.३ वैज्ञानिक भूमिसुधार कार्यान्वयन स्थानीय आयोग

वैज्ञानिक भूमिसुधार कार्यान्वयन गरी निश्चित अवधिभित्र प्रतिफल निस्कने गरी कार्य सम्पन्न गर्न सक्षम तथा कटिबद्ध व्यक्तिको नेतृत्वमा कार्यक्रम सञ्चालन गर्ने मुख्य जिम्मेवारी स्थानीय आयोगको हुने भएकाले स्थानीयस्तरमा गठन गरिने **वैज्ञानिक भूमिसुधार कार्यान्वयन स्थानीय आयोग** को गठन प्रस्ताव देहाय अनुसार रहेको छ ।

| | |
|---|---|
| प्रान्तीय सरकारले तोकेको व्यक्ति | अध्यक्ष |
| मालपोत कार्यालयका प्रमुख | सदस्य |
| नापी कार्यालयका प्रमुख | सदस्य |
| कृषि विकास कार्यालयका प्रमुख | सदस्य |
| सहकारी कार्यालयका प्रमुख | सदस्य |
| स्थानीय विकास अधिकारी | सदस्य |
| भूमि तथा कृषि सम्बन्धी विशेषज्ञहरू ३ जना | सदस्य |
| विभिन्न सरोकारवाला समूहका प्रतिनिधिहरूमध्येबाट २ जना (पुरुष र महिला) | सदस्य |
| भूमिसुधार वा मालपोत वा नापी कार्यालयका प्रमुख वा प्रान्तीय भूमिसुधार कार्यान्वयन आयोगले तोकेको अधिकृत कर्मचारी | सदस्य सचिव |

यस अतिरिक्त जिल्ला प्रशासन, सिंचाइ, सहकारी, वन, पशुविकास, स्थानीय विकास, कार्यालयका प्रमुख तथा अन्य पदाधिकारीलाई आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा सम्मिलित गराउने ।

### ६.३.१ स्थानीय आयोगको काम कर्तब्य

- आफ्नो क्षेत्रभित्रको निजी गुठी, सरकारी, सार्वजनिक तथा अन्य (बिग्रेको वन क्षेत्र, विकास गर्न सकिने भू क्षेत्र) जमिनको अद्यावधिक तथ्याङ्क र नक्सा संकलन गर्ने ।
- यस प्रतिवेदनको भाग ५ मा दिइएका सम्पूर्ण सुझावलाई कार्यान्वयनमा ल्याउन केन्द्र, प्रान्त वा स्थानीय आयोगले आफ्नो अधिकारको रुपमा लिएर त्यसलाई व्यवस्थित गर्ने ।
- भूउपयोग नीति अनुरुप आफ्नो क्षेत्रमा भूउपयोग योजना कार्यान्वयन गर्ने ।
- कृषिजमिनमा सहभागिता र सहकारीतामा आधारित चक्लाबन्दी गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने ।
- खेतीयोग्य कृषि जमिन बाँझो राख्नेलाई कानुन अनुसार कारवाही गर्ने, जमिनको प्रयोग तोकिए अनुसार गर्ने गराउने र सो को अनुगमन गर्ने ।
- भूमिसुधार तथा कृषिविकास सम्बन्धी स्थानीयस्तरमा प्रचार-प्रसार र जनसहभागिता जुटाउने ।
- गाउँका विभिन्न क्षेत्रमा पठाइने भूमिसुधार कार्यान्वयन टोली (कर्मचारी, प्रमुख राजनीतिक दलका राजनीतिक कार्यकर्ता, किसान संघसंगठनका प्रतिनिधि, सरोकारवालाका प्रतिनिधि तथा जनप्रतिनिधि) रहने व्यवस्था गर्ने ।

- यस्ता कार्यान्वयन टोलीमा संलग्न हुने कर्मचारी तथा प्रतिनिधिहरूलाई कार्यक्रमको उद्देश्य, उनीहरूले गर्नुपर्ने कामहरू, समस्या समाधानका उपायहरू, गर्नुपर्ने व्यवहार आदिबारे आवश्यक प्रशिक्षण तथा तालिम सञ्चालन गर्ने ।
- कार्यक्षेत्रमा परिचालित टोलीहरूको सुपरिवेक्षण, प्रगति समीक्षा र आइपर्ने समस्याहरूको समाधान गर्ने व्यवस्था मिलाउने ।
- कार्यान्वयनको प्रगति तथा आइपरेका समस्याहरू प्रान्तीय आयोगमा नियमित रुपमा पठाउने ।
- कानुनले तोकेबमोजिमका अन्य कामहरू गर्ने ।

### ६.३.२ स्थानीय आयोगको अधिकार

- आयोगको अवधि प्रान्तीय सरकारले तोके बमोजिम हुनेछ ।
- आयोगले कार्यक्षेत्रमा खटाइने आवश्यकता अनुसारका कार्यान्वयन टोली गठन गर्न र यसको काम र सुविधा तोक्न सक्नेछ ।
- सम्बन्धित निकायसँग समन्वय गरी आयोगले आयोगको काममा त्यस्ता जनशक्तिलाई आवश्यकता अनुसार परिचालिन गर्न सक्नेछ ।
- आवश्यकता अनुरुप स्वयंसेवकहरू परिचालन गर्न सक्नेछ ।

### ६.३.३ स्थानीय आयोगको सुविधा

- आयोगका अध्यक्ष र मनोनित गरिने सदस्यको हैसियत प्रान्तीय सरकारले तोके बमोजिमको हुनेछ ।

राज्यले वैज्ञानिक भूमिसुधार कार्यान्वयन गर्ने तत्काल आवश्यकता महशुस गरेमा संघीय राज्यको स्वरुप निर्धारण नभईसकेको अवस्था भएमा केन्द्र र जिल्ला वा स्थानीय आयोग र आवश्यक नीति निर्माण गरी तत्काल कार्यान्वयन गर्ने ।

## ६.४ स्रोतको अनुमान

वैज्ञानिक भूमिसुधारको माध्यमवाट राज्यले सामाजिक न्याय प्रदान गरी आर्थिक सामाजिक रुपान्तरण गर्नका लागि पहिचान गरिएका सुकुम्बासी, भूमिहिन किसान तथा सिमान्त किसान परिवारहरूलाई आवास वा खेती किसानी वा दुवैका लागि न्युनतम जग्गा जमिन उपलव्ध गराउनु पर्ने हुन्छ। राज्यले उपलव्ध गराउनु पर्ने त्यस्ता कूल परिवारको संख्या र प्रती परिवार उपलव्ध गराइने न्यूनतम जग्गा, उपलव्ध हुन सक्ने जग्गाको स्रोत र कूल क्षेत्रफल तथा बैज्ञानिक भूमिसुधार कार्यान्वयन गर्न आवश्यक पर्ने आर्थिक स्रोतको लागत अनुमान गरिनु पर्ने हुन्छ।

### ६.४.१ भूमि उपलब्ध गराउनुपर्ने परिवार संख्या र आवश्यक पर्ने भूमि

सुकुम्बासी, भूमिहिन किसान तथा सिमान्त किसान परिवारको कूल संख्या र ती परिवार लाई उपलव्ध गराउन आवश्यक पर्ने कूल जग्गाको क्षेत्रफल निम्न तालिकामा दिइएको छ।

**तालिकाः ६.४.१ः सुकुम्बासी, भूमिहीन किसान तथा सीमान्त किसान परिवारको कूल संख्या र उपलब्ध गराउनुपर्ने जग्गाको क्षेत्रफल सम्बन्धी विवरण**

| परिवार समूह | जम्मा परिवार संख्या | भूस्वामित्वको वर्तमान अवस्था (हे./परिवार) | प्रतिपरिवार उपलव्ध गराउनु पर्ने जग्गा (हेक्टरमा) | प्रयोजन | जम्मा आवश्यक पर्ने जग्गा (हे.) | सूचनाको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| भूमिहीन सुकुम्बासी | ४,५०,००० | ०.० | ०.००९५ | आवास | ४,२७५ | Willey et al, 2009 | बिपन्न दलित, आदिवासी जनजाती र पिछडावर्ग समेत |
| भूमिहीन किसान | २,८७,१०० | ०-०.१ | ०.४५ | आवास र खेती किसानी | १,२९,१९५ | राष्ट्रिय कृषि गणना, २०५८ को आधारमा | विपन्न दलित, आदिवासी जनजाति र पिछडावर्ग समेत |
| सिमान्त किसान | ६,७०,००० | ०.१-०.३ | ०.३ | खेती किसानी दुवै | २,०१,००० | राष्ट्रिय कृषि गणना, २०५८ को आधारमा | बिपन्न दलित, आदिवासी जनजाति र पिछडावर्ग समेत |
| साना किसान | ६,४८,००० | ०.३-०.५ | ०.१ | कृषि | ६४,८०० | | |
| भूमिहीन, कृषिश्रमिक ,हलिया, हरूवा, चरुवा | ५०,००० | ०-०.१ | ०.४५ | आवास र खेती किसानी | २२,५०० | सिएसआरसी | जम्मा संख्या ३,००,००० अनुमान गरी ६ जनाको १ परिवारका आधारमा अनुमानित परिवार संख्या २२,५०० |
| जम्मा | १४,०७,१०० | - | - | | ४,२१,७७० | | |

## ६.४.२ अनुमानित भूमि स्रोत

जग्गा उपलब्ध हुनसक्ने अनुमानित स्रोतहरू र वितरण गर्न सकिने जग्गाको क्षेत्रफल निम्न तालिकामा दिइएको छ ।

**तालिकाः ६.४.२ः अनुमानित स्रोतहरू र वितरण गर्न सकिने जग्गाको क्षेत्रफल सम्बन्धि बिबरण**

| स्रोत | जम्मा क्षेत्रफल (हेक्टर) | वितरण गर्न सकिने अनुमानित जग्गा (प्रतिशतमा) | वितरण गर्न सकिने जग्गाको क्षेत्रफल (हेक्टरमा) | सूचनाको स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| हैसियत बिग्रेको वन क्षेत्रको जग्गा | १५,५९,२०० | २% | ३१,१८४ | वन अनुसन्धान तथा सर्भेक्षण विभाग | विभिन्न वन सुदृढीकरण, सुकुम्वासी आयोग, मुक्त कमैया समितिहरूबाट समेत विभिन्न हैसियत विग्रेको वनक्षेत्र वितरण गरिसकेको र बुटेन, झाडि भएको क्षेत्रको करीव १०% मात्र जग्गा विकास गरी बितरण गर्न लायक हुने अनुमान |
| सरकारी, सार्बजनिक जग्गा (ऐलानी, पर्ति समेत) | ३२,९०,९८५ | १०% | ३,२९,०९८ | भूमि व्यवस्थापन विभाग | सरकारी जग्गाको करीव १०% मात्र बितरण गर्न सकिने |
| गुठि जग्गा अधिनस्त जग्गा र हदवन्दीवाट समेत<br>क) गुठी तैनाथी<br>ख) गुठी अधिनस्त | <br><br><br>१,४२४<br>१३,९२० | <br><br><br>२०%<br>२० % | <br><br><br>२८५<br>२,७८४ | गुठी संस्थान | गुठि तैनाथी जग्गाको करीव २०% र गुठी अधिनस्थमा हदबन्दीभन्दा वढीको जग्गा मात्र बितरण गर्न सकिने |
| नदी उकास / विकास हुने जग्गा | ५,३३६ | ७५% | ४,००० | जनताको तटबन्ध संयोजकको कार्यालय | वार्षिकरुपमा करीव २०% क्षेत्रफल (करिव ८०० हे.) मात्र नदी उकासवाट प्राप्त हुँदै जाने यस्तो जग्गाको करीव ७५% मात्र बितरण लायक हुने |
| हदवन्दीवाट प्राप्त हुने जग्गा | १,२५,५०० | १००% | १,२५,५०० | | ३ हेक्टरभन्दा वढीको जग्गा अनुमान |
| जम्मा | ४९,९६,४६५ | | ४,९२,८५१ | | |

माथिको तालिका अनुसार करिव ४,९२,८५१ हेक्टर जग्गा वितरणको लागि उपलब्ध हुनसक्छ । राज्यले जग्गा उपलब्ध गराउनपर्ने समूहका लागि वितरण गर्न करिब ४,२१,७७० हेक्टर जग्गा आवश्यक पर्दछ । सवै प्रकारका उपलब्ध स्रोतहरू (हदबन्दीबाट प्राप्त हुने जग्गा सहित) को अनुमान गर्दा वैज्ञानिक भूमिसुधार कार्यान्वयन गर्दा भूमि उपलब्ध हुने देखिन्छ ।

## ६.४.३ अनुमानित आर्थिक स्रोत

वैज्ञानिक भूमिसुधार कार्यान्वयन गर्न आवश्यक पर्ने आर्थिक स्रोतको आवश्यक व्यवस्था गर्ने जिम्मेवारी राज्यको हुन्छ । वैज्ञानिक भूमिसुधार कार्यान्वयन गर्न मुख्यत निम्न कार्यका लागि आर्थिक स्रोतको आवश्यकता पर्दछ ।

- नीतिगत सुधार
- प्रशासनिक कार्य संचालन
- जग्गाको संरक्षण र विकास गर्न
- गुठी जग्गाको क्षतिपूर्ति प्रदान गर्न
- हदबन्दीभन्दा माथिको जग्गाको क्षतिपूर्ति प्रदान गर्न

नीतिगत सुधार अन्तर्गत आर्थिक सामाजिक रुपले पछाडि परेका, महिला, दलित, आदिबासी जनजातिको हक स्वामित्व स्थापित गर्न नीति नियममा आवश्यक परिवर्तन गर्न तथा क्षेत्रगत अध्ययन, अनुगमन गर्न आवश्यक पर्ने हुन्छ। यस्तै प्रकारले वनभूमि, चरनभूमिको पनि व्यवस्थापकीय पक्ष सुदृढ गर्न नीति नियम मै केन्द्रित हुनुपर्ने हुन्छ। भूमि अदालत वा न्यायाधिकरण स्थापना तथा मोहीकिसानको पहिचान गरी हक स्वमित्व स्थापित गर्न र द्वैध स्वामित्व अन्त्य गर्न प्रशासनिक खर्च आवश्यक पर्दछ। चक्लाबन्दी कार्यक्रम कर प्रणाली वाटै समाधान हुनसक्ने भएकाले यस्को लागि धेरै खर्च आवश्यक पर्दैन। अर्कोतर्फ विकेन्द्रीकृत भूमिसुधार कार्यक्रम लागु गर्ने भएकोले स्थानीय तहमा कार्यालय स्थापना गर्न, क्षमता अभिवृद्धि गर्न र आवश्यक साधन/स्रोत प्रदान गर्न प्रशासनिक खर्च आवश्यक पर्दछ। वैज्ञानिक भूमिसुधार कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोतको अनुमानित बजेट रकम निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका: ६.४.४ : आर्थिक स्रोतको अनुमानित विवरण**

| विवरण | अनुमानित खर्च रु |
|---|---|
| भूमि संरक्षण र विकास र जग्गा प्राप्त गर्ने परिवारलाई सहयोग गर्न | ८ अरव |
| हदबन्दी माथीको जग्गाको क्षतिपुर्ति (१,२५,५०० हेक्टर) | १२.५ अरव |
| प्रशासनिक खर्च | १२ अरव |
| • कानुन/नीति नियम वनाउने र स्थलगत अध्ययन (केन्द्र, प्रान्त, स्थानिय) | २० करोड |
| • स्थानिय निकायको क्षमता अभिवृद्धि | १ अरव |
| • स्थानीय निकायलाई साधन स्रोत सम्पन्न वनाउने | ५ अरव |
| • भूमि न्यायाधिकरणको स्थापना | १ अरव |
| • मोही सुधार र द्वैध स्वामित्वको अन्त्य | १ अरव |
| • भूमि वैंकको स्थापना | १ अरव |
| • वैज्ञानिक भूसूचना प्रणालीको विकास | १ अरव |
| • वैज्ञानिक नापनक्सा | १ अवर |
| • अन्य | ८० करोड |
| **जम्मा** | **३२.५ अरव** |

वैज्ञानिक भूमिसुधार कार्यान्वयनवाट राज्यले महिला, दलित, पिछडावर्ग आदिबासी जनजातिको उत्थान गरी आर्थिक सामाजिक रुपान्तरण गर्न सकिने गरिवी द्रुत गतिले घटाउन सहयोगी हुने, कृषिजन्य उद्योगको विकास गर्न सकिने, रोजगारीको अवसरको सृजना गर्न सकिने, दिगो शान्ती र सामाजिक द्वन्द्वको निरुपण गर्न सकिने, बाँझों जमिनको उपयोग, भूमिको संरक्षण र कृषि उत्पादन वृद्धीमा सघाउ पुऱ्याउने जस्ता महत्वपूर्ण आर्थिक/सामाजिक उपलब्धिहरू हासिल गर्न सकिने हुँदा यस्ता महत्वपूर्ण प्रतिफलका तुलनामा कार्यान्वयन गर्न लाग्ने लागत खर्च खासै ज्यादा होइन यसमा गरिने लगानी उपयोगी सिद्ध हुनेछ। साथै सशक्तीकरण, गरिवी न्यूनीरण वा अन्य सामाजिक सुरक्षामा लगाइने खर्च यस बैज्ञानिक भूमिसुधार कार्यक्रममा लगाई राज्यले मितव्ययिता समेत अपनाउन सक्नेछ।

**अनुसूची - १**
(भाग ५ बुँदा ५.४ (ख) को (इ) संग सम्बन्धित)

नेपाल सरकार
**वैज्ञानिक भूमिसुधारसम्बन्धी उच्चस्तरीय आयोग**
**काठमाडौं**

## आयोगको तर्फवाट नेपालको संविधानमा समावेश गर्नका लागि प्रस्तावित गरिएका भूमिसम्बन्धी विषयवस्तुहरूका प्रावधानहरू

**मौलिक हक**

### १. सम्पत्ति सम्बन्धी हक

(१) प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यासायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।

तर कुनै पनि व्यक्तिले गैरकानूनी रुपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन ।

(२) सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्ति वा संस्थाको सम्पत्ति अधिग्रहण गर्दा वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्दा कानून बमोजिम उचित क्षतिपूर्ति दिइनेछ ।

(३) राज्यले वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्दा वा सार्वजनिक हितको लागि प्राप्त गर्दा कुनै पनि व्यक्ति वा संस्थाको हदवन्दीभन्दा बढी जमिन कानून वमोजिम अधिग्रहण वा प्राप्त गर्न सक्नेछ । क्षतिपूर्तिको आधार र कार्यप्रणाली कानूनद्वारा निर्धारण गरिए बमोजिम हुनेछ ।

(४) भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायीरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्न राज्यले कानून बनाई भूमिको नियमन र व्यवस्थापन गर्न सक्नेछ ।

(५) भूमिमा श्रम गर्ने किसानको कृषि जमिनमाथि स्वामित्व र व्यवस्थापन गर्ने हक हुनेछ ।

### २. महिला सम्बन्धी हक

(१) प्रत्येक महिलालाई लैङ्गिक विभेद विना समान वंशीय हक हुनेछ ।

### ३. परिवार सम्बन्धी हक

(१) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्ति एवम्म छोरा छोरीको समान हक हुनेछ ।

### ४. आवाससम्बन्धी हक

(१) प्रत्येक नागरिकलाई सुरक्षित आवासको हक हुनेछ। यसको लागि राज्यले कानून बनाई व्यवस्थित गर्नेछ।

### ५. सम्पदा संरक्षणको हक

(१) वातावरण र प्राकृतिक स्रोतमा प्रतिकूल असर पर्ने गरी कुनै पनि जमीनलाई प्रयोग वा उपयोग गर्न दिइने छैन। यसको लागि राज्यले कानून बनाई व्यवस्थित गर्नेछ। कसैले कुनै पनि जमिन प्रयोग गर्दा स्थानीय समुदायमा क्षति पुग्न गएमा त्यस्तो क्षति वापत स्थानीय व्यक्ति वा समुदायलाई न्यायोचित क्षतिपूर्ति माग र प्राप्त गर्ने हक हुनेछ।

### ६. दलितको अधिकार

(१) राज्यले भूमिहीन दलितलाई एक पटक जीविकोपार्जनका लागि आवश्यक जमिन उपलब्ध गराउने छ र सुरक्षित बसोबासको समेत व्यवस्था गर्नेछ।

### ७. सामाजिक न्यायको हक

(१) प्रत्येक किसानलाई कृषि कार्यको लागि भूस्वामित्वको हक, परम्परागत रुपमा प्रयोग र अवलम्वन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक, कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको हक तथा सशक्तीकरण र विकासको लागि विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ।

### ८. श्रमसम्बन्धी हक

(१) कृषि भूमिमा श्रम गर्ने कृषि श्रमिकलाई न्यायोचित पारिश्रमिक र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ।

(२) कुनै पनि किसिमले कसैलाई बँधुवा कृषि श्रमिक बनाउन र श्रम शोषण गर्न पाइने छैन। यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ।

## राज्यको दायित्व

(१) भूमिहीनता र असमान भूस्वामित्वको अन्त्यका लागि वैज्ञानिक भूमिसुधारसम्बन्धी कानुनको माध्यमबाट भूमिहीन र जोताहा किसानहरूको भूमिमाथि न्यायोचित स्वामित्व कायम गर्दै समाजिक, आर्थिक सुरक्षा प्रदान गर्ने।

## राज्यको निर्देशक सिद्धान्त

(१) भूमि स्रोतमा आधारित स्वदेशी अर्थतन्त्रको विकासका लागि भूमिको समन्यायिक पूनर्वितरण, समुदायमा आधारित सहकारी र सामुदायिक अर्थनीतिको अभियानलाई राष्ट्रिय प्राथमिकता प्रदान गर्ने।

(२) किसानका अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र न्यायका सर्वमान्य सिद्धान्तहरूको कार्यान्वयनको लागि आवश्यक पर्ने कानुन, नीति, कार्यक्रम र संस्थागत संरचनाको तर्जुमा गरी सोको कार्यान्वयन, सहजीकरण र अनुगमन गर्ने ।

(३) बहुराष्ट्रिय एवम् विदेशी कम्पनीहरूको भूमि स्रोतहरूमा स्वामित्व सिर्जना गरिने छैन ।

(४) सबै प्रकारका आर्थिक शोषण र असमानताको अन्त्य, प्राकृतिक एवम् आर्थिक स्रोतसाधनलाई सीमित व्यक्तिमा केन्द्रित हुन नदिई स्रोत साधनको न्यायोचित वितरण र उपलब्ध साधन स्रोतको अधिकतम उपयोग गर्दै दिगो शोषणरहित समाजको निर्माण गरी राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ ।

## राज्यका नीतिहरू

### (क) कृषि र भूमि सुधार सम्बन्धी नीति

१. सामन्ती भूस्वामित्वको अन्त्य, भूमिमा वास्तविक किसानको स्वामित्व, सामाजिक न्याय, भूमिस्रोतहरूको दिगो रुपमा अधिकतम उपयोग र संरक्षण, तथा उत्पादन र उत्पादकत्व वृद्धिका लागि वैज्ञानिक भूमिसुधार अवलम्बन गर्ने ।

२. भूमिको खण्डिकरण रोक्न, कृषि जमिनलाई बाँझो राख्न नदिन तथा अनुपस्थित भूस्वामित्वको अन्त्य गर्नका लागि राष्ट्रिय भूमि नीति तथा भू-उपयोग नीति लागु गर्ने ।

३. कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै किसानको हक हित संरक्षण र सम्वर्द्धन, कृषिमा अनुदान कृषि विमा, कृषि प्रविधि, कृषि पूर्वाधार, कृषि सामग्री र कृषि बजारका लागि आवश्यक पर्ने सम्पूर्ण सेवा र सुविधाहरू उपलब्ध गराउदै कृषिमा व्यवसायीकरण र औधोगिकीकरण ल्याई राष्ट्रिय रुपमा आर्थिक उन्नति गर्ने ।

४. खाद्य सम्प्रभुताको मान्यता अनुरुप जलवायु र माटो अनुकुलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्दै सुलभ र प्रभावकारी वितरणका लागि खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र वितरण व्यवस्था गर्ने ।

५. भूमि स्रोत व्यवस्थापनका लागि स्थानीय समुदाय र स्थानीय सरकारको क्षमता अभिवृद्धि गर्ने, भूमि र कृषिलाई रोजगारीको आधार बनाउने ।

६. जलस्रोत, जमिन र जङ्गल लगायतका प्राकृतिक स्रोतहरूलाई दिगो रुपमा अधिकतम उपयोग गरी स्थानीय एवम् राष्ट्रिय रुपमा आर्थिक उन्नति गर्ने ।

७. सम्पूर्ण जग्गाहरूको अभिलेख वैज्ञानिक रुपमा अद्यावधिक गर्ने ।

८. जलवायु परिवर्तबाट भू-उपयोग र कृषिमा पर्ने प्रभाव न्यूनिकरण गर्न र जलवायु परिवर्तनबाट सिर्जित चुनौतिहरू सामना गर्नका लागि कृषिमा संलग्न स्थानीय समुदायलाई सक्षम बनाउने ।

९. खाद्य संप्रभुताको माध्यमबाट किसानको दीर्घकालीन हित संरक्षण गर्दै राज्यले खाद्य अधिकार सुरक्षित गर्ने नीति अवलम्बन गर्ने ।

१०. राज्यले देशको प्राकृतिक स्रोत र साँस्कृतिक सम्पदा संरक्षणमा स्थानीय समुदायका महिला, भूमिहीन र विपन्न वर्गका व्यक्तिहरूको सहभागितालाई प्रोत्साहित गर्ने र त्यस्तो सम्पदाको संरक्षण र सम्बर्द्धनबाट प्राप्त लाभमा समन्यायिक पहुँचको अधिकारलाई सुनिश्चित गर्ने ।

### (ख) प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीति

१. भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेत अध्ययन अनुसन्धान गरी त्यसको आधारमा भूमिको नियमन र व्यवस्थापन गर्दै समुचित उपयोग गर्ने,

### (ग) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति

१. भूमिहीन, सुकुम्बासी, मुक्त कमैया, हलिया, हरूवा, चरुवा, कम्लरी लगायतका आर्थिक सामाजिक रुपले पछाडि पारिएका वा परेका वर्गको पहिचान गरी बसोवासको लागि घर घडेरी तथा जीविकोपार्जनको लागि कृषियोग्य जमीन वा सामाजिक सुरक्षा वा रोजगारीको व्यवस्था गर्दै पुनस्थापना गर्ने ।

२. अव्यवस्थित बसोबासलाई निरुत्साहित गर्दै योजनाबद्ध र व्यवस्थित वस्ती विकास गर्ने ।

३. भूमिसम्बन्धी मुद्दाहरूको शीघ्र छिनोफानो, खर्चमा मितव्ययिता, विशेषज्ञता, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न विशेष अदालतका रुपमा भूमि अदालत/न्यायधिकरणको व्यवस्था गर्ने ।

### संवैधानिक अङ्ग

१. **वैज्ञानिक भूमि तथा कृषि सुधार आयोग** संवैधानिक अङ्गको रुपमा गठन गर्ने व्यवस्था गरी यसका माध्यमबाट भूमि र कृषि क्षेत्रका महत्वपूर्ण नीतिगत सवालहरूमा समन्वय र सहजीकरण र कार्यान्वयनका लागि स्वतन्त्र र संवैधानिक हैसियत प्रदान गर्ने ।

### संघीय संरचनामा भूमिसम्बन्धी अधिकारको बाँडफाँड

| अधिकारको सूची | प्रस्तावित |
|---|---|
| **केन्द्र र प्रदेशको साझा अधिकारको सूची** | भूमिनीति,<br>सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना |
| **प्रदेशको अधिकारको सूची** | भूमि व्यवस्थापन, जग्गाको अभिलेख<br>भू-उपयोग नीति, मालपोत निर्धारण |
| **स्थानीय तहको अधिकारको सूची** | भूमि प्रशासन (भूमि सम्वन्धी सेवा सूचना प्रवाह), मालपोत असुली |

**अनुसुची - २**

**(भाग २ बुँदा २.२.६ संग सम्बन्धित)**

# भूमिसुधारका अन्तर्राष्ट्रिय प्रयास र यसका सिकाईहरू

भूमिसुधारका अन्तर्राष्ट्रिय प्रयास विश्लेषण गर्ने क्रममा एशिया महादेशका केही राष्ट्रहरूमा गरिएका भूमिसुधारका प्रयासहरू र तिनका विशेषता तथा प्रभावहरू यहाँ विश्लेषण गरिएको छ ।

## १. जापानमा भूमिसुधार

जापानमा पनि नेपालमा जस्तै भूमिस्रोतको पहुँच र नियन्त्रणमा असमानता थियो । मोही र जग्गाधनीका बीच तनाव र शोषण थियो । भूमिसुधारका लागि विभिन्न समयमा आन्दोलन पनि भएका थिए ।

सन् १९४६ अक्टुवरबाट जापानमा भूमिसुधार कार्यक्रम शुरु गरियो । आफैं खेती नगर्ने जग्गाधनीले १ हेक्टर मात्र जमिन राख्न पाउने र आफैं खेती गर्ने परिवारले ३ हेक्टर जमीन राख्न पाउने व्यवस्था गरियो । तर "होकाइडो" टापूमा चाहिँ आफैं खेती गर्नेले १२ हेक्टरसम्म र अरुलाई कमाउन दिनेले ३ हेक्टरसम्म जमिन राख्न पाउने गरी भूमिसुधारको कार्यक्रम लागु गरियो । मोहीलाई ३ हेक्टरमा नबढ्ने गरी थोरै मूल्य लिएर जमीन वितरण गरियो ।

हदबन्दी माथिको जमीनको सीमित क्षतिपूर्ति दिने नीति लिइएको थियो । क्षतिपूर्तिवापत औद्योगिक प्रतिष्ठानको शेयर र स्वामित्व दिएर कृषिबाट उद्योगतर्फ आकर्षित गरिएको थियो । खेती नगर्नेले अनिवार्य जग्गाको हक हस्तान्तरण गर्नुपर्ने कार्यक्रम बनाइएको थियो । भूमिसुधार सम्बन्धी कामका लागि समुदाय तहमा गठित समितिलाई मान्यता दिइएको थियो । अनुपस्थित जमिन्दारको हदबन्दी भित्रको जमिन साह्रै न्यून मूल्यमा किनिएको थियो ।

सन् १९४७ देखि भूमिसुधारका लागि अत्यधिक मात्रामा कर्मचारी र स्वयम्सेवक सहयोगीहरू परिचालित गरिएका थिए । जापानको कूल खेतीयोग्य जमीनको ३८% भूमि ४० लाख मोही, भूमिहीन तथा अति गरिव किसानमा, अति न्यून मूल्यमा वितरण गरियो र किस्ताबन्दी रुपमा तिर्ने व्यवस्था गरियो । यसले जमिनको उत्पादन बढ्यो । जमिनको प्रभावकारी व्यवस्थापन र कृषिमा व्यावसायिकताको लहर चल्यो । पूर्वजमिन्दारहरू औद्योगीकरणतीर लागे । कृषिभूमिलाई गैरकृषि प्रयोजनमा लगाउन नपाउने गरियो । जोताहाको अधिकारलाई पनि पूर्णसंरक्षण दिने काम भयो । भूमिसुधार कार्यक्रमले लाखौं ग्रामीण गरीब किसानको जीवन उकास्यो ।

## २. दक्षिण कोरियामा भूमिसुधार

दक्षिण कोरियामा भूमिसुधार गर्नुपुर्व सन् १९४९ मा भूमिसम्बन्धी सम्पूर्ण सूचना सङ्कलन गरिएको थियो । त्यसताका दक्षिण कोरियामा कूल किसान परिवारको झन्डै आधा ४५ प्रतिशत मोही किसान थिए । गरीब र भूमिहीन किसानको पनि ठूलो समूह थियो । केही अति विकटक्षेत्रबाहेक अन्यमा ३ हेक्टर हदबन्दी तोकिएको थियो । जमिन्दारहरूको हदबन्दीभन्दा माथिको जमीनको क्षतिपूर्ति सरकारी वण्ड, नगद र सरकारी उद्योग कलकारखानाको शेयर दिएर भुक्तानी गरिएको थियो ।

जमिन्दारले हदबन्दीभित्रको जमीन आफैँले कमाएको भए राख्न पाउने तर मोहियानी लागेको भए जुन खेतबारीमा जति मूल्यको उत्पादन हुन्छ त्यसको ३०% का दरले ५ वर्षसम्म जमिन्दारलाई बुझाएपछि सो जमीन मोही किसानको नाममा दर्ता गर्ने व्यवस्था गरियो । यसले ५ वर्षमा जमीन किसानकै हुने स्थिति बन्यो । केही जमिन भूमिहीन र अत्यन्त थोरै जमीन भएका गरीव किसानलाई वितरण गरियो । यसरी कोरियामा भूमिसुधारले मोही र किसानका लागि राम्रो अवसर प्रदान गरी बढीभन्दा बढी उत्पादन गर्ने वातावरण सृजना गरयो ।

## ३. ताइवानमा भूमिसुधार

ताइवानमा भूमिसुधार सन् १९५१ देखि थालिएको हो । शुरुमा खेतीयोग्य सार्वजनिक/सरकारी जमिन भूमिमा आसित किसानहरूलाई बाँडियो । सन् १९५३ देखि जमिन जोत्नेको हुने गरी भूमिसुधारलाई अगाडि बढाइयो । हदबन्दी धान खेतको लागि ३ हेक्टर र पाखोमा केही बढी तोकियो ।

ताइवानमा आंशिक रुपमा क्षतिपूर्ति दिई र क्षतिपुर्ति नदिई आंशिकरुपमा जमिन अधिग्रहण गरियो । हदबन्दीभन्दा बढी जमीनको क्षतिपूर्ति बापत जमीनबाट उत्पादन हुने वार्षिक उत्पादनको २.५ गुणा जमिन्दारलाई दिने, त्यसमा वार्षिक ४% ब्याजसहित १० वर्षमा भुक्तानी दिने बनाइयो । भुक्तानी दिँदा सरकारले ७०% सरकारी वण्ड र ३०% कम्पनी र कारखानाका शेयरहरू उपलब्ध गरायो । १० प्रतिसतसम्म नगद लिन पाउने व्यवस्था भयो । ३०% निर्माण हुँदै गरेका ठूला चार उद्योगको लागि शेयरहरू वितरण समेत गरियो ।

ताइवानमा भएको भूमिसुधारबाट आफ्नै जमीनमा खेती गर्ने किसान ५७% भएकोमा कार्यक्रम लागू भइसकेपछि ९०% पुगे र जोताहा किसानहरू जमिनका मालिकमा परिणत भए। यसले शक्तिको सन्तुलनमा समेत आकस्मिक परिर्वतन ल्यायो । यसको नतिजा अचम्मित भयो, बहुबाली लगाउन थालियो, निस्कृय श्रम परिचालित भयो, रोजगारीको सृजना भयो फलत : उत्पादन अत्यधिक भई वार्षिक वृद्धि ५.६ प्रतिशत पुग्यो । जमिन्दारहरू औद्योगिक व्य वसायीमा परिणत भए ।

## ४. भियतनाममा भूमिसुधार

सन् १९५४ पछि उत्तर भियतनाम र १९७५ पछि दक्षिण भियतनाममा जमिन्दारबाट बिनामुआब्जा जमिन जफत गरेर भूमिहीन किसान तथा साना किसानमा वितरण गरियो । यसरी लिइएको जमिन राज्यद्वारा नियन्त्रित र निर्देशित समूह मार्फत खेती गराइयो । यसलाई सहकारी खेती भनियो । सम्पूर्ण कृषि भूमि राज्य नियन्त्रित 'सहकारी' मार्फत् खेती गराइयो ।

यसरी सन् १९७५ पछि भूमिसुधारबाट पूरै भियतनाममा सामाजिक न्याय कायम गरी सामन्ती भूस्वामित्वको उन्मूलन गरियो । राज्य नियन्त्रित 'सहकारी' मार्फत् सामूहिक कृषि उत्पादन प्रणालीले उत्पादकत्वमा वृद्धि ल्याएन । यसको विस्तृत समिक्षा पछि १९८६ मा दोइमोइ कार्यक्रम ल्याइयो । यसपछि उत्पादक शक्तिलाई भूमि उपलब्ध गराउने तर राज्य नियन्त्रित सामूहिक उत्पादन प्रणालीको स्थानमा व्यक्तिगतरुपमा उत्पादन भण्डारण, उपभोग र विक्री वितरण गर्न पाउने गरी जमिन लिजमा दिइयो । यसले उत्पादकत्वमा निकै वृद्धि गर्न मद्दत पुग्यो ।

प्रत्येक किसानमा भूमिको पहुँच भयो । कोही किसान भूमिहीन भएनन । सहकारी संघ/संस्थामार्फत कृषि विकासका लागि आवश्यक वस्तुको पहुँच बढाइयो । सरकारले कृषि विकासका आवश्यक पूर्वाधार, सिंचाइ, कृषिसडक, बजार, बिउ, शीत भण्डार, प्रविधिलगायतका साधन स्रोतको व्यवस्था गऱ्यो । उचित मूल्यको ग्यारेन्टी पनि गरियो । यसले समग्रमा उत्पादक शक्तिलाई उत्साहित बनायो । फलस्वरुप उत्पादकत्वमा व्यापक वृद्धि भयो ।

भू-उपयोगको विशेष व्यवस्था र सोको पूर्ण पालना अनिवार्य गरियो । कानुनमा भूमि निरीक्षकको व्यवस्था गरेर कानुनबमोजिम प्रयोग भए/नभएको हेर्ने र आवश्यक कारबाही गर्ने व्यवस्था गरियो । यसरी भूमिसुधार लागु भएको पछिल्लो दश वर्षमा नै भियतनाम खाद्यान्न आयात गर्ने देशबाट निर्यात गर्ने देशमा परिणत हुन पुग्यो । विश्वको दोस्रो धान निर्यातकर्ता बन्न सफल भयो ।

## ५. फिलिपिन्समा भूमिसुधार

फिलिपिन्समा सन् १९३० को दशक देखि पटक पटक भूमिसुधारको अभियान थालनी गरियो । सन् १९५२ देखि १९५४ सम्म किसानका समस्या समाधान गर्न र हिंसात्मक किसान आन्दोलनलाई सम्बोधन गर्न विभिन्न उपाय खोजी गरी आन्दोलनको दबाव समेतमा सन् १९६३ मा कृषि र भूमिसुधार ऐन बन्यो ।

सन् १९७२ पछि मार्कोस कालमा पनि भूमिसुधार प्रक्रिया जारी रहेपनि शुरु गरिएका कार्यक्रमहरू पूरै सफल हुन सकेनन् । विश्वबैंकको सहयोगमा सन् १९८७ मा अक्विनो शासन कालमा द्रुततर कृषिसुधार कार्यक्रम शुरु गरियो । यसबाट पनि किसान खुसी हुन सकेनन् । किसानहरूको जीवनस्तरमा परिवर्तन आएन । आर्थिक उन्नति हासिल गर्ने उद्देश्यले सफलता पाएन । यसको मुख्य कारण भनेको कृषिसुधार र भूमिसुधार भिन्नाभिन्नै कार्यक्रमको रुपमा लिनाको साथै भूमिसुधारका कामलाई बढी समय लगाउनु हो भन्ने विश्लेषण रहेको छ । फिलिपिन्समा अहिले पनि भूमिको वितरण अत्यन्त असमान छ । आज पनि किसानले आन्दोलन जारी राखेका छन् ।

## ६. भारतमा भूमिसुधार

भारतको पश्चिम बंगाल र केरला राज्यमा गरिएको भूमिसुधारको बारेमा छोटकारी विश्लेषण गरिएको छ ।

### (क) केरला

१९७० मा कम्युनिष्ट पार्टीले बहुमत प्राप्त गरेपछि भारतीय संविधानको धारा ९ जसको आधारमा राज्यसरकारले बनाएको भूमिसम्बन्धी ऐनलाई अल्ट्राभाइस (असंवैधानिक) भनेको थियो खारेज गराई प्रत्येक राज्यले आफ्नो राज्यको लागि भूमिसम्बन्धी ऐन बनाउन पाउने व्यवस्था गऱ्यो । यसपछि त्यहाँ नयाँ भूमि ऐन लागु गरी ४८ लाख एकड जमिन २८ लाख भूमिहीन कृषि मजदुर र मोही किसान परिवारलाई  र ५ लाख सुकुम्बासीलाई आवासका लागि जमिन उपलब्ध गराइयो ।

अहिले खास गरी भूमिसुधार सफल भएका स्थानका दलित र अल्पसङ्ख्यक, श्रमिक किसान र भूमिहीन किसानका शैक्षिक र स्वास्थ्य लगायतका जीवनस्तर व्यवस्थित भएको छ । शिक्षा, स्वास्थ्य, सरसफाइ, सभ्यता, शान्ति सुरक्षा, सुरक्षित खानेपानी, सिंचाई सबैक्षेत्रमा राम्रो प्रभाव पारेको देखिन्छ ।

केरलाराज्यको स्तर विकासका अनेक सूचकाङ्कमध्ये ११ वटा सूचकाङ्कमा संयुक्त राज्य अमेरिकाको स्तर सरह भएको तथ्याङ्कले समेत देखाउँछ ।

### (ख) पश्चिम बंगाल

भारतका अरु राज्यभन्दा पश्चिम बंगालमा भूमिसुधार सशक्त रुपमा लागु गरियो । हदबन्दी र मोहियानी सुधार पश्चिम वंगालको भूमिसुधारका मुख्य आयामहरू थिए । बंगालको कुल खेतीको जग्गाको करिव १५ प्रतिशत र करिव २० प्रतिशत परिवार भूमिसुधारवाट प्रभावित भएको तथ्याङ्क छ (Willey et al 2009)। कूल कृषिपरिवारको ३४ प्रतिशतले हदबन्दीवाट प्राप्त जग्गा (१० लाख एकड) पुनर्वितरण अन्तर्गत पाए ।

बंगालमा भूमिसुधारलाई तीन चरणमा विभक्त गरी हेर्न सकिन्छ । पहिलो चरण सन (१९५३ - १९६६) मा हदबन्दी लागु गरियो तर जग्गाप्राप्ति र पुनर्वितरणमा कम सफलता मिल्यो । साथै मोहीहरूले संरक्षण पाएन । दोस्रो चरण सन् (१९६७ - १९७६) मा हदबन्दीवाट धेरै जग्गा प्राप्त भयो, वितरण पनि गरियो, तर फेरि मोहीको हकहितलाई खासै हेरिएन । तेस्रो चरण सन १९७७ पछि  मोही (वर्गदार) को हक संरक्षणले प्राथमिकता पायो र उच्च सफलता पनि हासिल गरियो । बंगालमा यो कार्यक्रम अपरेसन वर्गा' को नामले प्रख्यात छ । बंगालमा भूमिसुधारको प्ररम्भ पनि धेरै सकारात्मक रह्यो । सन् १९८०-१९९९ को अवधिमा खाद्यान्न उत्पादन ४.२ प्रतिशत ले बढ्यो, प्रति व्यक्ति क्यालोरी उपलब्धता ९.६ प्रतिशतले वढ्यो, कृषि श्रमिकको ज्याला तिव्र रुपमा बढ्यो; फलतः गरिवी घट्यो । तर हेक्का राख्नुपर्ने के पनि छ भने भूमिसुधारसँगै कृषि विकासका लागि पश्चिम बंगालमा सिंचाइ, उन्नत प्रविधि र सहुलियतमा ऋण सुविधाको सफल परिचालन गरिएको थियो ।

### (ग) पन्जाव

१९४७ को भारतको विभाजन भन्दा पहिले पंजाव, हरियाणा र हिमाञ्चल प्रदेशको केही भाग मात्र पंजाव थियो र भारतमा अन्नको कमी थियो बाहिर बाट अन्न आयात गरिन्थ्यो। १९६० दशक तिर पंजावमा मूलभूत परिवर्तन भयो संस्थागत र आर्थिक पूर्वाधारमा त्यसको मूल कारण हो सिंचाईको व्यवस्था, विद्युतीय विकास, कृषि अनुसन्धान, व्यापक कृषि सेवा र कृषि सहकारीलाई ऋणको सुविधा। त्यहाँ भएको चक्लाबन्दी, कृषकको स्वामित्वहरू हरितक्रान्तिका पूर्वाधार भए। परिणामस्वरुप पंजावको ग्रामीण क्षेत्रको आर्थिक रुपान्तर खासगरि कृषिको रुपान्तर पश्चात अन्नको अभावबाट अन्न बढी भई निर्यात गर्ने देशमा पुग्यो।

पंजावले भारतको हरितक्रान्तिमा नेतृत्व लियो र उल्लेखनिय कृषि उत्पादन गरि आफूलाई "Bread Basket of India" को रुपमा स्थापित गर्न सफल भयो। उत्पादकत्वमा वृद्धि ल्याउन नयाँ प्रविधिको शुरुवात गरियो। जस्तै अत्यधिक उत्पादन दिने विउको किसिम, रसायनिक मल, किटनाशक औषधी, पम्पसेट/मोटर, कम्वाईन हार्वेस्टर (उत्पादन कटाई गर्ने मेसीन), सिंचाई सुविधाका कारण कृषकहरूको मनोवल उच्च गराउन सहयोग पुऱ्यायो साथै सरकारको कृषिमा यथेष्ट लगानीका कारण पंजावमा कृषकहरूको उत्पादन क्षमता बढन गयो।

पंजाव अहिले भारतको "कृषि मेशीनीकृत" क्षेत्रमा सबैभन्दा अगाडि छ। यसले गर्दा त्यहाँका कृषकहरूको क्षमतामा उल्लेखनीय अभिवृद्धि गरेको छ। चक्लाबन्दी, प्रविधि युक्त सिंचाई, अत्यधिक उत्पादन, विउविजन, सहज बजार व्यवस्था आदिले गर्दा कृषि क्षेत्रमा पंजावले बहुयामिक सफलता प्राप्त गऱ्यो।

१९९५-९६ मा पंजावमा केन्द्रीय सहकारी बैंक खोलि विभिन्न प्रकारको कृषि सहकारी तथा व्यावसायिक खेतीको विकास जस्तै दुग्ध विकास, मत्स्य पालन, माहुरी पालन, कुखुरा पालन, च्याउ खेती फूल खेती, आदि, विभिन्न फलफुल खेती, कृषि पूर्वाधार विकासमा जस्तै- कृषि सडक, कृषि वन, सिंचाइ विकास, कृषि औजार र प्रविधि रुपान्तरण जस्तै थ्रेसर मेसिन, उत्पादन कटाई गर्ने मेशिन, ट्रेक्टर, विभिन्न पशुपालन गर्न, कोल्ड स्टोरेज तथा गोदाम भवन निर्माण गर्न, माटो परिक्षण तथा संरक्षण गर्ने व्यवस्था, सुलभ कृषि ऋण साथै कृषकहरूलाई उचित मूल्य मिलोस भनी बजारको जाल (Net of market, sub market) को व्यवस्था, गरी कृषकहरूलाई उर्जाशील बनाउन सहयोग पुऱ्याएको छ।

**विश्लेषण**

- जुन जुन देशमा भूमिसुधारलाई प्रमुख राजनीतिक कार्य र प्रतिबद्धताका साथ कार्य अगाडि बढाइयो त्यहाँ त्यहाँ भूमिसुधार सफल भएको पाइन्छ। भूमिसुधार सफल भएका नमुना मुलुकहरूमा जापान, ताइवान, दक्षिण कोरिया, भियतनाम र चीनको गणना हुन्छ ।
- सन् १९५७ मा प्रतिव्यक्ति आय वार्षिक २०० डलर मात्र रहेको दक्षिण कोरियाको प्रतिव्यक्ति आय हाल वार्षिक ४,४०० डलर पुगेको छ। आर्थिक विकासको यो आधार पनि भूमिसुधार नै भएकोले भूमिसुधारको कति महत्व रहेछ भन्ने स्पष्ट हुनआउँछ।
- मलेसिया र इन्डोनेसियामा आर्थिक विकासको आधार नै भूमिसुधार भएको र यसैले नै औद्योगिक क्रान्ति ल्याउन सहयोग पुऱ्याएको देखिन्छ।
- ताइवान, दक्षिण कोरिया, जापान लगायतका मुलुकमा भूमिसुधारको मुख्य उद्देश्य सामाजिक न्यायका लागि जमिनको पुनर्वितरण र औद्योगीकरणको आधार खडा गर्नु रहेको थियो ।
- भूमिसुधार लागु गरिएका सबै देशमा तीन हेक्टरभन्दा बढी हदबन्दी तोकिएको देखिँदैन। खेती गर्ने, खेती नगर्ने, व्यावसायिक खेतीगर्ने, उद्योग खोल्ने सबैका लागि न्यूनतम र अधिकतम हदबन्दी तोकिएको देखिन्छ।
- खेती नगर्नेले हदबन्दीभन्दा बढी जमिन स्वंयसेवी रुपमा तोकिएको निकायलाई हस्तातरण गर्ने कानुनी व्यवस्था वनाईएको। खेतीका लागि एकभन्दा बढी ठाउँमा जमिन किन्न पाउने प्रावधान हुनु हुँदैन।
- जापान, ताइवान, दक्षिण कोरिया आदि देशमा भूमिसुधारका वास्तविक कर्ता समुदायका नागरिक हुन भन्ने मान्यतालाई ध्यानमा राखी केन्द्रीय समितिले नीतिगत व्यवधानलाई फुकाइदिने र अधिकारसम्पन्न स्थानीय समिति मार्फत प्रभावकारीतवरबाट कार्यान्वियन गरेको देखियो ।
- भूमिसुधारको प्रक्रियासँगसँगै किसान सचेत हुन सकेनन् भने त्यो सफल हुन सक्दैन भन्ने मान्यतालाई ध्यानमा राखी साक्षरता, कानुनी ज्ञानबारे किसान सचेतीकरण गरिएका देशमा भूमिसुधार सफल भएका देखिए ।

## सिक्नुपर्ने पाठहरू

अन्तराष्ट्रिय स्तरमा सफल भएका भूमिसुधारबाट निम्न साझा पाठ लिन सकिन्छ :

(क) छोटो अवधि (पाँच वर्ष भित्र) मा उद्देश्य प्राप्त गर्न सक्ने गरि दृढ राजनीतिक इच्छाशक्तिका साथ गहकिलो ढंगबाट अभियानको रुपमा सम्पन्न भएमा मात्र भूमिसुधार उपलब्धिमूलक हुन सक्ने पाइयो ।

(ख) स्थानीय स्तरबाटै विस्तृत योजना, यथेष्ट लगानी र जनशक्तिको उपयुक्त परिचालन भएको छ ।

(ग) सबैखाले ग्रामीण भूमिलाई सुधारको दायरामा ल्याउन दृढता र न्यूनतम रूपमा अपवाद हुने प्रावधान लागु गरिएको छ ।

(घ) पुनर्वितरणको लागि सबैलाई यथेष्ट जग्गा उपलब्ध हुने गरी हदबन्दी निर्धारण गरिएको छ ।

(ङ) केवल मोही मात्र होइन, सम्पूर्ण भूमिहीन कृषिश्रमिकलाई जग्गामा पहुँच हुने स्पष्ट प्रावधान तोकिएको देखिन्छ ।

(च) लक्ष्यित वर्गको संलग्नतामा जगेडा जमिन पहिचान गर्न, र मोही र भूमिहीनको सही लगत खडा गर्ने र प्रभावकारी रेखदेख गर्ने व्यवस्था गरिएको पाइन्छ ।

(छ) पुनर्वितरणमुखी सुधारका साथसाथै कृषि विकास, सडक निर्माण, सिंचाइ, बजारको पहुँच, उपयुक्त बालीको छनोट, मूल्यनियन्त्रण आदि जस्ता कार्यमा उचित ध्यान पुऱ्याउँदा भूमिसुधारले सफलता हासिल गर्दछ ।

(ज) स्थानीयस्तरको सहयोगवाट सही सूचनाको आधारमा जगेडा कृषि जमिन लक्ष्यित वर्गमा तत्काल हस्तान्तरण गर्ने अनकूल परिस्थितिको सृजना गराइएको छ ।

(झ) गयलहाजिरी जमिन्दारीको द्रुत र पूर्णउन्मूलन गरी गैर कृषि क्षेत्रमा रुपान्तरण गर्दा कृषि र गैर कृषि दुवै क्षेत्रको विकास भएको पाइयो ।

(ञ) हदबन्दीभन्दा बढी कृषि जमिन हुनेको जगेडा जमिन बापतको र कृषि पेशा छोडी अन्य व्यवसाय अवलम्बन गर्न चाहनेले पाउने रकमको अधिकांश हिस्सा ऋणपत्रमार्फत साना उद्योग व्यवसायको विकासमा प्रवाहित गर्न बाध्य तुल्याउने र यस्ता उद्यमव्यवसायको पहिचान र योजना तर्जुमामा पूर्वजमिन्दारलाई उचित सहयोगको प्रावधान गरिएको पाइन्छ ।

(ट) भूमिसुधारको कार्यक्रम लागु हुँदाको अवधिभर सबै प्रकारको कृषिजमिन विक्री निषेधित गरिएको देखिन्छ ।

(ठ) भूमिसुधारको अवधि र तत्पश्चात् यथेष्ट रूपमा सस्तो व्याज दरमा ऋण उपलब्ध हुने अवसर प्रदान गर्दा भूमिसुधार र कृषि उत्पादनमा लगाउन सहज भएको देखियो ।

(ड) किसानलाई साना र छरिएका टुक्रा जमिन एकीकृत गरी सहकारी खेती गर्न, सामुहिक रूपमा उत्पादन सामग्री खरिद गर्न र बेचविखन गर्न प्रोत्साहन र सहजीकरण गरिएको पाइयो ।

(ढ) भावी पुस्तामा जमिनहीनता देखा नपरोस् भन्नका लागि कृषिको सघनतामा वृद्धि, बढी प्रतिफल दिने बालीनालीको छनोट, उपयुक्त भू-उपयोग, टुक्रा जमिनको चक्लाबन्दी,

उत्पादनको आकर्षक मूल्य, आदि मार्फत बढ्दो जनसंख्यालाई पर्याप्त खाद्यान्न उत्पादन हुने र जगेडा कृषिश्रमिकको लागि रोजगारीको अवसर सृजना हुने व्यवस्था गरियो ।

(ण) बजारमुखी भूमिसुधारका विभिन्न अभ्यासको सफलता न्यून रह्यो ।

(त) खेती गर्ने किसानका लागि मात्र खेतीयोग्य जमिन वितरण भएको । जसले भूमिको न्यायोचित वितरणमा सहयोग पुग्यो र श्रम गर्नेको स्वामित्व र नियन्त्रणमा खेतीयोग्य जमिन गयो ।

(थ) जमिनको वितरण प्रक्रिया प्रभावकारी तवरबाट शुरु गरियो । पहिला राज्यको नियन्त्रणमा भएको खेतीयोग्य जमिन वितरण गरियो, र हदबन्दीभन्दा माथिको जमिन राज्यले लिई पुनर्वितरण गरियो ।

(द) भूमिको न्यायिक वितरण र ग्रामीण औद्योगिकीकरणका प्रक्रियालाई तीब्र गतिमा सँगसँगै अगाडि बढाउनु पर्दछ ।

(ध) सरकार, किसान र गैरसरकारी संस्थाको संयुक्त प्रयासमा भूमिसुधारलाई अगाडि बढाउँदा उद्देश्य हासिल गर्न सकिने सम्भावना बढी हुने देखियो ।

(न) भूमिसुधारको परिणाम शक्ति सम्बन्ध सन्तुलन, आर्थिक उन्नति, ग्रामीण औद्योगीकरण, सामाजिक न्याय र सवैको स्रोतमा पहुँच हुने खालको हुनुपर्ने देखियो ।

**अनुसुची ३**

(भाग १ बुँदा १.४ संग सम्बन्धित)

# वस्तुस्थिति अध्ययन गरिएका स्थानहरू

## क) जिल्लास्तरीय छलफल अन्तर्क्रिया सम्पन्न गरिएका स्थानहरू

क. सुदुरपश्चिमाञ्चल - अछाम, कन्चनपुर
ख. मध्यपश्चिमाञ्चल - बर्दिया, जुम्ला
ग. पश्चिमाञ्चल - कपिलवस्तु, बाग्लुङ्ग
घ. मध्यमाञ्चल - सिन्धुपाल्चोक, चितवन
ङ. पूर्वाञ्चल - सप्तरी, पाँचथर

## ख) समुदायस्तरीय छलफल अन्तर्क्रिया सम्पन्न गरिएका स्थानहरू

**क. सुदुरपश्चिमाञ्चल**
कैलाली - गेटा, चिसापानी, मनोहरा
डडेलधुरा - ववरकोट
कन्चनपुर - झलारी/डुडेझारी

**ख. मध्यपश्चिमाञ्चल**
बाँके - बनकट्टी, कम्दी, रजना प्रेमनगर
बर्दिया - मगरागढी, देउडाकला, महमदपुर, कालिका, ताराताल, ठुलो कन्दरा, धधवार वनगाई, संगम वस्ति
सुर्खेत - उत्तरगंगा, जर्बुटा
दाङ्ग - झिगौरा, लमही, वनगाउँ, मझगाउँ
प्यूठान - विजुवार

**ग. पश्चिमाञ्चल**
कपिलवस्तु - हर्दौना, भगवनपुर, हरदास, धनकौली, कुदरवेटुवा
रुपन्देही - खडगावनगई, डरोहनिहवा, थुमहवा, पिपरहवा, फरेना, केरवनी
नवलपरासी - रजहर, रामनगर, तमसरिया, माकर
तनहुँ - दुलेगौंडा
कास्की - लुम्ले कृषि केन्द्र, साउनेपानी र नागिन टोल
पर्वत - माझफाँट

**घ. मध्यमाञ्चल**
महोत्तरी - मटीहानी, बर्दीबास-६, बर्दिबास-९, ४१६ बिगाहा
धनुषा - महेन्द्रनगर, ढल्केबार
सर्लाही - धरहरा, लालबन्दी, ढुङ्गेखोला
वारा - सिमरा
पर्सा - विरुवा गुठी

मकवानपुर - पदमपोखरी-१,
चितवन - रत्ननगर न.पा. टाँडी- १ र २, पदमपुर
धादिङ्ग - महादेववेशी
रसुवा - धैवुङ्ग, कालिकास्थान
सिन्धुपाल्चोक - फटकशीला, सञ्जेलटार, क्युल, भीमटार, राम्चे, गाती

**ङ. पूर्वाञ्चल**
मोरङ्ग - हक्लाबारी, डाँगीहाट, बेलबारी, टंकीसुनवारी, मभ्कोर
सुनसरी - दुहवी/खनार, तरहरा/हाँसपोसा, इटहरी नपा जनतावस्ती, श्रीपुर/कुसाहा
सप्तरी - सम्भुनाथ/कन्चिरा/पनसिरा, मधुपट्टी, जन्डोल, लाहान, मटिहर्वा, वस्तीपुर,
सिराह - मुक्सार
भ्कापा - विर्तामोड
इलाम - इलाम

## ग) वस्तुस्थिति अध्ययनमा संलग्न पदाधिकारीहरू

| टोली क | | |
|---|---|---|
| सुदुरपश्चिमाञ्चल | | |
| १ | उपाध्यक्ष श्री कुमार वेलबासे | टोली प्रमुख |
| २ | सदस्य श्री सुरेन्द्र कुर्मी | सदस्य |
| ३ | श्री जगत देउजा | विज्ञ |
| ४ | उपसचिव श्री गंगादत्त आचार्य | सहयोगी कर्मचारी |
| ५ | निजी सचिव श्री रामप्रसाद घिमिरे | |
| ६ | खरिदार श्री तेजनाथ पौडेल | |
| ७ | हसचा श्री अश्विनी घिमिरे | |
| ८ | हसचा श्री रमेश खाती | |

| टोली ख | | |
|---|---|---|
| मध्यपश्चिमाञ्चल | | |
| १ | सदस्य श्री राधादेवी भट्टराई | टोली प्रमुख |
| २ | सदस्य श्री सोमप्रसाद भण्डारी | सदस्य |
| ३ | डा. श्री महिनारायण चौधरी | विज्ञ |
| ४ | ले.पा. श्री कृष्ण वहादुर खत्री | सहयोगी कर्मचारी |
| ५ | क.अ. श्री रविन्द्र गौतम | |
| ६ | हसचा श्री पूर्णवहादुर खडगी | |
| ७ | का.स. श्री होमकुमारी सापकोटा | |

| टोली ग | | |
|---|---|---|
| पश्चिमाञ्चल | | |
| १ | सदस्य श्री परमात्माप्रसाद पाठक | टोली प्रमुख |
| २ | सदस्य श्री केदार प्रसाद चौधरी | सदस्य |
| ३ | श्री दिवाकर दत्त पाण्डे | विज्ञ |
| ४ | निजी सचिव श्री सुजन भण्डारी | सहयोगी कर्मचारी |
| ५ | शा.अ. श्री लोकनाथ भुसाल | |
| ६ | ना.सु. श्री पिताम्वर भण्डारी | |
| ७ | हसचा श्री इश्वर पौडेल | |

| टोली घ | | |
|---|---|---|
| मध्यमाञ्चल | | |
| १ | अध्यक्ष श्री घनेन्द्र बस्नेत | टोली प्रमुख |
| २ | सदस्य श्री छेदिलाल चौधरी | सदस्य |
| ३ | सदस्य सचिव श्री कृष्णराज वि.सी. | |
| ४ | ना.सु. श्री मुकुन्द प्रसाद पोखरेल | सहयोगी कर्मचारी |
| ५ | ना.सु. श्री थमप्रसाद श्रेष्ठ | |
| ६ | खरिदार श्री नवराज दाहाल | |
| ७ | हसचा श्री सविन खडका | |
| ८ | का.स. श्री आत्माराम अधिकारी | |

| टोली ङ | | |
|---|---|---|
| पूर्वाञ्चल | | |
| १ | सदस्य श्री लक्ष्मी प्रसाद प्रसाईं | टोली प्रमुख |
| २ | सदस्य श्री विनोद चौधरी | सदस्य |
| ३ | श्री अमृतमान श्रेष्ठ | विज्ञ |
| ४ | उप सचिव श्री दण्डपाणि वराल | सहयोगी कर्मचारी |
| ५ | ना.सु. श्री पुष्पराज अधिकारी | |
| ६ | खरिदार श्री राजमणि खनाल | |
| ७ | हसचा श्री ज्ञानेन्द्र महर्जन | |
| ८ | का.स. श्री लक्ष्मण कडेल | |

**अनुसूची - ४**

भाग १ बुँदा १.४ संग सम्बन्धित

# राष्ट्रियस्तरमा सम्पन्न कार्यशाला गोष्ठी तथा छलफल अन्तर्क्रिया कार्यक्रमहरू

**१) वैज्ञानिक भूमिसुधार र कृषि विकास**

सहकार्य - राष्ट्रिय श्रम प्रतिष्ठान, काठमाडौं
कार्यपत्र प्रस्तोता - डा. जगन्नाथ अधिकारी
मिति - २०६।१०।२१ विहीवार, स्थान : होटल क्राउन प्लाजा, भगवतीवहाल

**२) नयाँ संविधानमा भूमि अधिकार**

सहकार्य - सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
कार्यपत्र प्रस्तोता - हरि फुँयाल
मिति - २०६।१०।२२, स्थान : होटल माउन्टेन, कान्तिपथ

**३) वैज्ञानिक भूमिसुधार र गुठी व्यवस्थापन**

सहकार्य - गुठी संस्थान, केन्द्रीय कार्यालय, काठमाडौं
कार्यपत्र प्रस्तोता - धर्मप्रसाद गौतम
मिति - २०६।१०।२५, स्थान : होटल रोयल सिंङ्गी, कमलादी

**४) वैज्ञानिक भूमिसुधार र भूमिमा महिलाको अधिकार**

आयोजक - वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोग र राष्ट्रिय महिला आयोग
सहकार्य - नेपाल विकास अध्ययन संस्थान
कार्यपत्र प्रस्तोता - डा. मिना वैद्य मल्ल
मिति - २०६।१०।२६, स्थान : होटल रोयल सिंङ्गी, कमलादी

**५) अव्यवस्थीत बसोबास, शहरीकरण, औद्योगिकीकरण र वैज्ञानिक भूमिसुधार**

सहकार्य - नेपाल जग्गा तथा आवास विकास संघ, काठमाडौं
कार्यपत्र प्रस्तोता - ओम राजभण्डारी
मिति - २०६।१०।२६, स्थान : होटल रोयल सिंङ्गी, कमलादी

**६) Land Reform from Women's Rrights Perspective**

आयोजक - वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोग र राष्ट्रिय महिला आयोग
सहकार्य संस्था - नेपाल विकास अध्ययन संस्थान र युनिफेम नेपाल, काठमाडौं
कार्यपत्र प्रस्तोता - डा. गोविन्द केलकर
मिति - २०६।१०।२७, स्थान : होटल रोयल सिंङ्गी, कमलादी

**७) युवा नेतृत्वको दृष्टिकोणमा वैज्ञानिक भूमिसुधार**

सहकार्य संस्था - सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, काठमाडौं
कार्यपत्र प्रस्तोता - कृष्ण पाठक
मिति - २०६६।१०।२७, स्थान : होटल रोयल सिंङ्गी, कमलादी

**८) राजनीतिक दलको दृष्टिकोणमा वैज्ञानिक भूमिसुधार**

सहकार्य संस्था - सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, काठमाडौं
कार्यपत्र प्रस्तोता - कृष्ण पाठक
मिति - २०६६।१०।२८, स्थान : होटल रोयल सिंङ्गी, कमलादी

**९) भूमिमा दलितको अधिकार र वैज्ञानिक भूमिसुधार**

आयोजक संस्था - वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोग
कार्यपत्र प्रस्तोता - पूर्ण नेपाली
मिति - २०६६।११।२, स्थान : होटल कमल, कमलपोखरी

**१०) आदिवासी जनजातीको भूमिमा अधिकार र वैज्ञानिक भूमिसुधार**

सहकार्य संस्था - नेपाल चेपाङ संघ, काठमाडौं
कार्यपत्र प्रस्तोता - नन्द कन्दङ्गवा
मिति - २०६६।११।२, स्थान : होटल कमल, कमलपोखरी

**११) पिछडावर्गको भूमिमा अधिकार र वैज्ञानिक भूमिसुधार**

आयोजक - वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोग
सहकार्य संस्था - राष्ट्रिय श्रम प्रतिष्ठान, काठमाडौं
मिति - २०६६।११।११, स्थान : होटल रोयल सिंङ्गी, नक्साल

**१२) Doner Agency's Perspective on Scientific Land Reform**

आयोजक - वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोग
सहकार्य संस्था - राष्ट्रिय श्रम प्रतिष्ठान, काठमाडौं
कार्यपत्र प्रस्तोता - डा. जगन्नाथ अधिकारी, कृष्णराज वि.सी.
मिति - २०६६।१२।१०, स्थान : होटल हिमालय, कुपन्डोल

**अनुसूची ५**

(भाग १ बुँदा १.४ संग सम्बन्धित)

## आयोगलाई लिखित राय सुझाव उपलब्ध गराउने संघसंस्था एवं व्यक्तिहरूको नामावलि

**क) राजनीतिक दल**

१. नेपाल कम्यूनिष्ट पार्टी (एकीकृत) के.का. काठमाडौं,
२. सदभावना पार्टी, काठमाडौं
३. नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)

**ख) राजनीतिक दल सम्बद्ध किसान संघ संगठन**

१. अखिल नेपाल किसान संघ (क्रान्तिकारी) सल्यान
२. अखिल नेपाल किसान महासंघ
३. तराई मधेश किसान युनियन, केन्द्रीय कार्यालय

**ग) सरोकारवाला संघ संस्था/संगठन**

१. राष्ट्रिय दलित आयोग
२. लुमन्ति, काठमाडौं
३. संयुक्त संर्घष समिति, बर्दिया
४. नेपाल बसोवास बस्ती संरक्षण समाज काठमाडौं
५. सुकुम्बासी समस्या सुझाव आयोग/काठमाडौ
६. भूमिहीन जोताहा किसान संघर्ष समिति वर्दिया
७. शेयर फार्म भूमिहीन जोताह किसान समिति बर्दिया
८. हरूवा चरुवा अधिकार मञ्च- सप्तरी
९. राष्ट्रिय भूमिअधिकार मञ्च - सप्तरी
१०. राष्ट्रिय भूमिअधिकार मंञ्च नेपाल राष्ट्रिय समिति
११. राष्ट्रिय भूमिअधिकार मञ्च, रुपन्देही
१२. राष्ट्रिय भूमिअधिकार मञ्च, नवलपरासी
१३. राष्ट्रिय भूमिअधिकार मञ्च, पर्वत
१४. राष्ट्रिय भूमि अधिकार मञ्च, म्याग्दी
१५. राष्ट्रिय भूमिअधिकार मञ्च, महोत्तरी
१६. राष्ट्रिय भूमिअधिकार मञ्च, किसननगर, बर्दिया
१७. राष्ट्रिय भूमिअधिकार मञ्च, विजयनगर, बर्दिया
१८. राष्ट्रिय भूमिअधिकार मञ्च, बर्दिया
१९. राष्ट्रिय भूमिअधिकार मञ्च, महमदपुर, बर्दिया
२०. जनचेतना दलित मञ्च, सप्तरी
२१. नेपाल बसोवास वस्ती संरक्षण समाज, कैलाली
२१. क्षेत्रीय उखडा अधिकार समिति, रुपन्देही
२२. जिल्ला उखडा अधिकार समिति, नवलपरासी
२३. सरस्वती कतिला नारी उत्थान केन्द्र, नमुना टोल सुधार समिति

२४. टोलसुधार आमा समुह
२५. वनविज्ञान अध्ययन संस्थान डिनको कार्यालय पोखरा
२६. गा.बि.स.को कार्यालय गौरीवास, महोत्तरी
२७. भूमिहीन सुकुम्बासी परिवार, डुमरवाना-८ मन्दिरटोल
२८. सरस्वती कतिला नारी उत्थान केन्द्र
२९. नेपाल बोटे समाज
३०. अखिल नेपाल सुकुम्बासी संघ
३१. श्री जनहित राष्ट्रिय प्रा.वि. व्यवस्थापन समिति
३२. जुटपानी र पदमपुर गा.वि.स.का भूमिहिन बसोबासी
३३. पशुपति महास्नान गुठी संघर्ष समिति, फटकशिला
३४. किसान अधिकारका लागि सहयोगी समुह
३५. राजी समुदाय भूमि अधिकार संघर्ष समिति
३६. कपास विकास समिति
३७. कुम्भर महिला सामुदायिक वन उपभोक्ता समुह
३८. कुम्भर शेयर जोताहा किसान संघर्ष समिति
३९. मेड नेपाल

**घ) सर्वसाधारण**

१. नन्दसिंह महरा समेत ११९ परिवार, डोटी
२. नन्द सिंह महरा समेत ९३ जना, डोटी दिपायल
३. तेज बहादुर वोहरा समेत ४८ परिवार, कैलाली
४. कालिवहादुर रोकाया, जुम्ला
५. मिनवहादुर महत, जुम्ला
६. देवराज न्यौपाने, जुम्ला
७. प्रेम सुनार, जुम्ला
८. गोपी सार्की, जुम्ला
९. अमरसिंह सुनार, जुम्ला
१०. गोरवहादुर कुलाला, जुम्ला
११. यामनाथ आचार्य, मोतिपुर, बर्दिया
१२. कमलराज वि.क. समेत, धधवार, बर्दिया
१३. रमेश काफ्ले, गैंडाकोट, नवलपरासी
१४. फटकसीला गा.वि.स.का किसानहरू, सिन्धुपाल्चोक
१५. स्थानीय वासिन्दा, जुटपानी, पदमपुर, चितवन
१६. छलिमापा परियार, गैंडाकोट नवलपरासी
१७. कुल बहादुर हिताङ्ग, पर्वत
१८. आरु व. गुरुङ्ग (रा.भू.अ.मंञ्च), कास्की
१९. मैता कुमारी गुरुङ्ग (टोल सुधार आमा समुह), कास्की
२०. भूपाल वि.क. समेत, दुर्लाङ्ग पर्वत
२१. कर्णवहादुर वि.क.समेत, दलितवस्ती, बर्दिया
२२. रामप्रसाद लोनिय, कपास विकास समिति, बर्दिया
२३. सुखलाल थारु, कालिका, बर्दिया
२४. खिमा जैसी, बर्दिया
२५. मोहनलाल शाक्य, बर्दिया

२६. बाँदरझुलाका सुकुम्वासी, अयोध्यापुरी, चितवन
२७. तेज वहादुर थापा समेत ४८ परिवार
२८. भूपाल वि.क.
२९. अम्बर ब. कार्की
३०. रामलाल श्रेष्ठ
३१. जगनारायण बोटे
३१. दल बहादुर थापा

**अनुसूची ६**

(भाग १ बुँदा १.४ संग सम्बन्धित)

## आयोगका विज्ञ परामर्शदाता

१. डा. श्री जगन्नाथ अधिकारी
२. श्री कृष्ण पाठक
३. श्री जगत देउजा
४. श्री धर्मप्रसाद गौतम
५. श्री अमृतमान श्रेष्ठ
६. डा. श्री महिनारायण चौधरी
७. डा. श्री शिव शर्मा
८. डा. श्री देवेन्द्र चापागाई
९. श्री दिलराज खनाल

## आयोगको कार्यालयमा आई सुझाव दिनुहुने महानुभावहरूको नामावलि

१. श्री डम्बर श्रेष्ठ, माननिय मन्त्री, भूमिसुधार तथा व्यवस्था मन्त्रालय
२. श्री केशव वडाल, पूर्व अध्यक्ष, उच्चस्तरीय भूमिसुधार आयोग २०५१ तथा नेता नेकपा एमाले ।
३. श्री छविराज पन्त, सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय
४. श्री बुद्धिनारायण श्रेष्ठ, सीमाविद
५. डा. श्री गणेश गुरुङ्ग, श्रमविद
६. श्री विरेन्द्र थपलीया, प्रशासक, गुठी संस्थान
७. श्री हेमराज सुवेदी,सह प्रशासक, गुठी संस्थान
८. श्री जगत बस्नेत, भूमिविद एवं भूमिअधिकारकर्मी
१९. श्री दीनमणी पोखरेल, कानूनविद
१०. श्री केशव प्रसाद शर्मा, भूमिविद
११. श्री ओम राजभण्डारी, उद्योगपति
१२. श्री दिवाकरदत्त पाण्डे, वनविज्ञ
१३. Ms. Elisabeth Wickeri, Leiner Center, USA
१४. Ms. Anisha Sharma, Leiner Center, USA
१५. Mr. Benjamin Goldstein, Leiner Center, USA
१६. Mr. Ganesh Krishna, Leiner Center, USA
१७. Mr. Simon Lucas, DFID Nepal

**अनुसूची - ७**

(कृतज्ञता ज्ञापनसँग सम्बन्धित)

# आयोगमा कार्यरत कर्मचारीहरूको विवरण

| क्र.सं. | नाम, थर | दर्जा | कार्यरत मिति | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | श्री दण्डपाणि वराल | उप-सचिव | २०६६/८/८ | २०६६/१२/३१ |
| २ | श्री गंगादत्त आचार्य | उप-सचिव | २०६६/१०/१८ | आयोगको अवधीभर |
| ३ | श्री लोकनाथ भुसाल | शाखा अधिकृत | २०६६/८/२९ | आयोगको अवधीभर |
| ४ | श्री कृष्ण बहादुर खत्री | लेखापाल | आयोगको अवधीभर | |
| ५ | श्री मुकुन्द प्रसाद पोखरेल | ना.सुव्वा | आयोगको अवधीभर | |
| ६ | श्री पुष्पराज अधिकारी | ना.सुव्वा | २०६६/९/१७ | आयोगको अवधीभर |
| ७ | श्री पुष्पराज गुरागाई | ना.सुव्वा | | २०६६/९/११ |
| ८ | श्री पीताम्बर भण्डारी | ना.सुव्वा | आयोगको अवधीभर | |
| ९ | श्री थमप्रसाद श्रेष्ठ | ना.सुव्वा | २०६६/९/१६ | आयोगको अवधीभर |
| १० | श्री रबिन्द्र गौतम | क.अ. | आयोगको अवधीभर | |
| ११ | श्री केदार श्रेष्ठ | क.अ. | २०६६/१०/२५ | आयोगको अवधीभर |
| १२ | श्री राजमणी खनाल | खरिदार | आयोगको अवधीभर | |
| १३ | श्री सोमन्तराज घिमिरे | खरिदार | | २०६६/९/११ |
| १४ | श्री निमाछिरिङ्ग लामा | खरिदार | | २०६६/९/११ |
| १५ | श्री तेजनाथ पौडेल | खरिदार | आयोगको अवधीभर | |
| १६ | श्री हरिहर शर्मा | खरिदार | | २०६६/१२/१९ |
| १७ | श्री नवराज दाहाल | खरिदार | २०६६/९/१४ | २०६६/१०/१८ |
| १८ | श्री सिमला आले | खरिदार | २०६६/९/१६ | २०६६/१०/१५ |
| १९ | श्री ईश्वर पौडेल | ह.स.चालक | आयोगको अवधीभर | |
| २० | श्री ज्ञानेन्द्रमान महर्जन | ह.स.चालक | आयोगको अवधीभर | |
| २१ | श्री सविन खडका | ह.स.चालक | आयोगको अवधीभर | |
| २२ | श्री अश्विनी घिमिरे | ह.स.चालक | | २०६६/९/३० |
| २३ | श्री पूर्णवहादुर खडगी | ह.स.चालक | आयोगको अवधीभर | |
| २४ | श्री आत्माराम अधिकारी | का.सहयोगी | २०६६/७/१९ | २०६६/१२/१८ |
| २५ | श्री उद्दव न्यौपाने | का.स. (पाले) | आयोगको अवधीभर | |
| २६ | श्री लक्ष्मण प्रसाद कडेल | का.सहयोगी | आयोगको अवधीभर | |
| २७ | श्री सानुमैया नेपाली | का.सहयोगी | आयोगको अवधीभर | |
| | | | | |
| २८ | श्री सुजन भण्डारी | अध्यक्षज्यूको स्वकीय सचिव | २०६६/७/९ | आयोगको अवधीभर |
| २९ | श्री रामप्रसाद घिमिरे | उपाध्यक्षज्यूको स्वकीय सचिव | २०६६/७/४ | आयोगको अवधीभर |
| ३० | श्री सुशीला पहाडी | शाखा अधिकृत | २०६६/८/८ | आयोगको अवधीभर |
| ३१ | श्री सुरेश वस्नेत | ना.सुव्वा | २०६६/७/११ | आयोगको अवधीभर |
| ३२ | श्री सुशीला ढकाल | ना.सुव्वा | २०६६/७/९ | आयोगको अवधीभर |
| ३३ | श्री रमेश खाती | ह.स.चालक | २०६६/७/१२ | आयोगको अवधीभर |
| ३४ | श्री उमा बजगाई | का.सहयोगी | २०६६/७/४ | आयोगको अवधीभर |
| ३५ | श्री होमकुमारी सापकोटा | का.सहयोगी | २०६६/७/९ | आयोगको अवधीभर |
| ३६ | श्री चन्द्रकला अधिकारी | का.सहयोगी | २०६६/९/१ | आयोगको अवधीभर |
| ३७ | श्री मिना घिमिरे | का.सहयोगी | २०६६/८/८ | आयोगको अवधीभर |

## परिवारको विवरण

| सि. नं. | नाम थर | जन्म मिति | नागरिकता विवरण | | घरमुली सँगको नाता | प्रमाणित गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | नम्बर/मिति | प्रदान गर्ने कार्यालय | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**अनुसुची ८**

(भाग ५ दफा ५.१ (उ) उपदफा (ख) संग सम्बन्धित)

## वैज्ञानिक भूमिसुधार कार्यान्वयन स्थानीय आयोग

## एकीकृत जग्गा विवरण पुस्तिका

फोटो

घर मुलीको नाम थर ............................

पति/पत्नीको नाम ............................

जन्म मिति ............................

ठेगाना ............................

बाबुको नाम ............................

बाजेको /पतीको नाम ............................

नागरिकता नम्बर मिति ............................

नागरिकता प्रदान गर्ने कार्यालय ............................


बसाईँ सराई गरेको भए जिल्ला र प्रमाण पत्र नं. मिति..............

| दर्ता वालाको नाम थर | जग्गाको विवरण | | | | | क्षेत्रफल | | | प्रयोजन (कृषि/गैरकृषि) | मोहीको नाम थर | प्रमाणित गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जिल्ला | नगर/ गा.वि.स | वडा | कि.नं | सिट नं. | विगाहा | रोपनी | हेक्टर | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| जम्मा क्षेत्रफल | | | | | | | | | | | | |


# अनुसूची ९

(भाग ५ दफा ५.२ सवाल ३ संग सम्बन्धित)

## भूउपयोग नक्सा




## भूउपयोग पश्चात्को नक्सा





*साभार : जेनेसिस कन्सल्टेन्सी, नयाँ वानेश्वर, काठमाडौं*

अनुसूची १०

(भाग ५ दफा ५.२ सवाल १ संग सम्बन्धित)


## कृषिमा चक्लाबन्दी गर्नु भन्दा अगाडी कित्ता नक्सा




| | |
|---|---|
| Total Project area = | 138345 sq.m |
| Area in ropani = | 271.54 |
| Number of parcels = | 74 |

Land Parcel Before Agricultural land plotting

## कृषिमा चक्लाबन्दी र कृषि पूर्वाधारको विकास




| Block Division | Area (m²) | Area (Ropani) |
|---|---|---|
| Block A | 21473.19 | 42.21 |
| Block B | 10572 | 20.78 |
| Service Plots | 6833.47 | 13.43 |
| Block C | 51481.12 | 101.19 |
| Block D | 44135.08 | 86.75 |
| Total | 134516.8 | 264.41 |

| Particulars | Length (m) | Breadth (m) | Area (m²) | Area (Ropani) |
|---|---|---|---|---|
| 5m Wide Green Road | 715.46 | 5 | 3577.3 | 7.03 |
| 2m Canal | 1420.77 | 2 | 2841.54 | 5.58 |

Land Parcel After Agricultural land plotting and Provision of Infrastructural Facilities

Illustration of the Agricultural Land Pooling Mechanism

Genesis Consultancy (P) Ltd.
51 Lokpath Marg
New Baneshwor, Kathmandu
P.O Box 8957 EPC 1220
Email: info@genesis.com.np
http://www.genesis.com.np

*साभार : जेनेसिस कन्सल्टेन्सी, नयाँ वानेश्वर, काठमाडौं ।*

## सन्दर्भ सामग्री


- **उच्चस्तरीय भूमिसुधार आयोग को प्रतिवेदन** (२०५१) : उच्चस्तरीय भूमिसुधार आयोग
- केशव बडाल (२०६६), **भियतनाम र भूमिसुधार,** सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, काठमाडौ
- डा. विष्णुराज उप्रेती, डा. सागर शर्मा, जगत बस्नेत (२०६६) : **नेपालमा भूमिराजनीति र द्वन्द्व, ग्रामिण रुपान्तरणका यथार्थ र सम्भावनाहरू (नेपाली अनुवाद),** एनसिसिआर नर्थ-साउथ, सिएसआरसी, एचएनआरसी, काठमाडौं विश्वविद्यालय
- **नेपाल अन्तरिम संविधान** (२०६३) : कानुन किताव व्यवस्था समिति, काठमाडौं
- **नेपालको भूमिसम्बन्धी तथ्याङ्क** (२०६३) : नेपाल विकास अध्ययन संस्थान, काठमाडौं
- प्रा.डा. पुष्पराज कँडेल (२०६६) : **भूमिसुधारको अर्थराजनीति, अन्तर्राष्ट्रिय अनुभव र नेपाल,** एशिया पब्लिकेशन, काठमाडौं
- **प्रतिवेदन** (२०६६) : जतनाको तटवन्द कार्यक्रम, कार्यक्रम संयोजकको कार्यालय, काठमाडौं
- **संक्षिप्त चिनारी, अनुभुत समस्या र समाधानका उपाय** (२०६६) : गुठी संस्थान
- **भूमिसम्बन्धी ऐन २०२१** : कानुन किताव व्यवस्था समिति (२०२१), छैटौं संशोधन (२०६१)
- **बार्षिक प्रतिवेदन २०६४।६५, वार्षिक प्रतिवेदन २०६४।६५** : भूमिसुधार तथा व्यवस्थापन विभाग, काठमाडौं
- **बन डायरी** (२०६३।६४) : वन विभाग, काठमाडौ
- **राष्ट्रिय कृषि गणना** (२०५८) : केन्द्रीय तथ्याङ्क विभाग
- **स्टेट अफ फरेष्ट रिसोर्स** (१९९८) : वन तथा भूसंरक्षण मन्त्रालय
- Bennett, L. (2006) : **Unequal Citizens: Gender, Caste and Ethnic Groups in Nepal**. (Summary). Kathamndu: The World Bank and DFID .
- Bhattachan, K. B.; Hemchuri, K.; Gurung, Y.; and Biswakarma, C.M. (2003) : **Existing Practices of Caste-Based Untouchablity in Nepal and Strategy for a Campaign for its Elimination**. Katmandu: Action Aid Nepal.
- Bishwakarma, M.B. (2005) : **Dalits in State Governance**. Kathmandu: Jana Utthan Pratisthan.
- CSRC nd. ***Haliya: Bhumi Adhikar Bare Padhne Samagri***. CSRC: Kathamndu
- **Environmental Assessment of Nepal** (2006): ADB and ICIMOD,
- **Human Develpment Report Nepal** (2004) **:** UNDP, Kathmandu
- **Land and Land Tenure Security in Nepal (2009),** Community Self Reliance Center, Land Watch Asia, ANGOC
- **Monograph: Agricultural Census Nepal 2001-2002** (2006) : Central Beauro of Statistics
- MoFSC, UNDP (2006) : **Nepal Biodiversity Strategy**, Ministry of Forest and Soil Conservation, Government of Nepal, Kathmandu
- NESAC. (1998). **Nepal Human Development Report**. Kathmandu: South Asia Center.
- **Citizenship and Land Ownership Status of Dalits Community in Nepal**, (2002). National Dalits Commission
- **Population Census (2001). National Report.** Central Bureau of Statistics, 2002
- Regmi M.C (1977): **Land Ownership in Nepal Berkeley,** University of California Press
- **Resiliency Amisdst Conflict. Poverty Assessments** (2006) : CBS, World Bank, ADB, DFID.
- Wily, Liz with Devendra Chapagain and Shiva Sharma (2009) : **Land Reform in Nepal,** DFID,Kathmandu